सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक


नयाँ पत्रिका

nayapatrikadaily.com

२ माघ २०८१, बुधबार (15 Jan 2025, Wednesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १८ ■ अंक २६९ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

निर्वाचन कानुनमा समानुपातिक सिटको आधार तोक्न सकस

कानुन मन्त्रालयले गृहसँग माग्यो नयाँ जनगणनाअनुसारको क्लस्टर विवरण



● **कोमल खत्री,** प्रवक्ता, कानुन मन्त्रालय

गृहले पठाएको अलि क्लियर भएन । हामीले प्रतिशत कसरी लिने हो ? विधेयक मस्यौदा त्यहाँबाट आएकाले ठ्याक्कै हिसाब गरेर आउनुपर्छ । हामीले मस्यौदा हेरिदिने हो, कन्टेन्ट चेन्ज गर्दैनौं । त्यसकारण कसरी त्यो समानुपातिकका कुराहरू अनुसूचीमा राख्ने हो, त्यहींबाट क्लियर भएर आओस् भनेर चिठी लेखेका छौं । जवाफ आउनेबित्तिकै छिटो विधेयक तर्जुमा गरेर सम्बन्धित निकायमा पठाउँछौं ।



● **रमेश लेखक,** गृहमन्त्री

विषय छलफलमै छ । टुंगो लागेको छैन । हामी मिलाउँछौं । अहिले नै यस्तै हिसाब निस्कियो भनेर भन्न सकिएन । हामी छिट्टै मिलाउने गरी छलफलमा छौं ।



● **दिनेश थपलिया,** प्रमुख निर्वाचन आयुक्त

ऐन फेरिरहन गाह्रो हुन्छ । अनुसूची राखियो भने अर्को जनगणना हुँदा फेर्नलाई फेरि संसद् जानुपर्‍यो । जुन झन्झ्टिलो हुन्छ । त्यसकारण समानुपातिक समावेशी प्रतिनिधित्व प्रतिशत सम्बन्धित निर्वाचनअगाडिको जनगणनाको जनसंख्याको प्रतिशतका आधारमा तोकिनेछ भनेर राख्दा उपयुक्त हुन्छ ।

नयाँ पत्रिका

प्रस्तावित एकीकृत निर्वाचन कानुनको मस्यौदामा समानुपातिक निर्वाचन प्रणालीको सिट संख्याको आधार तोक्न सकस परेको छ । राष्ट्रिय जनगणना ०७८ को नयाँ जनसंख्याअनुसार समानुपातिक प्रतिनिधित्व निर्धारण गर्ने सैद्धान्तिक सहमति भए पनि क्लस्टरअनुसार जनसंख्याको प्रतिशत तोक्न सकस हुँदा एकीकृत मस्यौदा कानुन मन्त्रालयमा अलपत्र परेको छ ।

निर्वाचन आयोगले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको निर्वाचन व्यवस्थापनसम्बन्धी विधेयक १८ असार ०८० मै गृह मन्त्रालयमा पठाएको थियो । डेढ वर्ष बितिसक्दा पनि गृहले विधेयकलाई अन्तिम रूप दिन सकेको छैन । समावेशी प्रतिनिधित्वको सिट संख्याको प्रतिशत नतोकेरै विधेयक हेर्न पठाएपछि कानुनले गृहलाई नयाँ जनसंख्याअनुसार क्लस्टर प्रतिनिधित्व प्रतिशत तोकेर पठाउन सोमबार पत्राचार गरेको छ ।

थ्रेसहोल्ड बढाउनेदेखि 'नो भोट' सम्मका प्रस्ताव

- प्रतिनिधिसभामा पाँच र प्रदेश सभामा तीन प्रतिशत थ्रेसहोल्ड
- भ्रष्टाचार मुद्दा लागेको, कर नतिरेको, कालोसूचीमा रहेको, पत्राउ पुर्जी जारी भएको वा पुर्पक्षका लागि थुनामा नबसेर फरार रहेको व्यक्ति उम्मेदवार बन्न नपाउने
- पराजित उम्मेदवार कार्यकालभर कुनै तहमा पनि उम्मेदवार हुन नपाउने, दल त्याग नगरी अर्को दलबाट उम्मेदवार बन्न नपाउने
- समानुपातिकमा दुई कार्यकाल मात्रै सांसद बन्न पाउने

कानुन मन्त्रालयका प्रवक्ता कोमल खत्रीले ०७८ को जनगणनाअनुसार समानुपातिक सिटका लागि नयाँ जनसंख्याको प्रतिशत हिसाब गरेर पठाउन गृहलाई पत्राचार गरिएको बताए । 'यो अलि क्लियर भएन । हामीले प्रतिशत कसरी लिने हो ? विधेयक मस्यौदा त्यहाँबाट आएकाले ठ्याक्कै हिसाब गरेर आउनुपर्छ । हामीले मस्यौदा हेरिदिने हो, कन्टेन्ट चेन्ज गर्दैनौं । त्यसकारण कसरी त्यो समानुपातिकका कुराहरू अनुसूचीमा राख्ने हो, त्यहींबाट क्लियर भएर आओस् भनेर चिठी लेखेका छौं,' सहसचिव खत्रीले भने, 'जवाफ आउनेबित्तिकै छिटो विधेयक तर्जुमा गरेर सम्बन्धित निकायमा पठाउँछौं ।'

कानुन मन्त्रालयले विधेयक समयानुकूल बनाउन ०७८ को जनगणनाअनुसार समानुपातिक सिट कोटाको हिसाब मागेको छ । गृहले पुरानै क्लस्टर कोटा प्रतिशत राखेर कानुनमा पठाएपछि कानुनले यसअगाडि पनि पत्राचार गरेर नयाँ जनगणनाको प्रतिवेदन आइसकेकाले नयाँ राख्ने कि पुरानै भनेर गृहलाई सोधेको थियो । गृहले तथ्यांक विभागलाई सोध्दा नयाँ राख्दा उपयुक्त हुने र आफैं हिसाब गरेर राख्नु भनेर जवाफ पठाएको थियो । गृहले उक्त जवाफ कानुनमा पठाएको

» पृष्ठ २ मा क्रमशः

संसदीय समितिमा ४१२ उजुरी

विधायिकी मूल काममै सुस्त संसदीय समितिहरू उजुरीमाथिको छलफल र फर्स्योटमा झन् उदासीन, समितिमा उजुरीका चाङ छन्, तर कतिपय समितिमा २० महिनासम्म पनि हुँदैन छलफल



सांसदले समेत हालेका छन् उजुरी

पूर्वाधार निर्माणमा विलम्ब र बेथिति भएको भन्दै सांसदहरू डा. तोसिमा कार्की र निशा डाँगीले पनि संसदीय समितिमा उजुरी दिएका छन् । डा. कार्कीले १५ असोजमा पूर्वाधार विकास समितिमा दर्ता गराएको उजुरीमा हेटौंडा-बागमती-टीकाभैरव-भैंसेपाटी-एकान्तकुनालाई कान्ति राजपथ बनाउने र एकान्तकुनालाई प्रस्थानविन्दु बनाउने प्रस्ताव कुन आधारमा मन्त्रिपरिषद्मा पेस गरेको भनेर जवाफ मागेकी छिन् । त्यस्तै, उनले मन्त्रिपरिषद्ले निर्णय गरेको आधार माग्दै यस विषयमा स्थानीयसँग समितिमा छलफल गर्न आवश्यक रहेको माग गरेकी छिन् । सांसद डाँगीले नारायणगढ-बुटवल सडकखण्ड निर्माणको ढिलाइ र भूकम्पपीडितको राहतका विषयमा उजुरी दिएकी छिन् ।

■ संसद् सचिवालयका प्रवक्ता **एकराम गिरी** भन्छन्-



सार्वजनिक महत्त्व र जनसरोकारका विषय उजुरीको रूपमा आउँछन् । तिनले महत्त्वको आधारमा प्राथमिकता पाउँछन् । संसदीय निगरानीको रूपमा यस्ता उजुरीले सहयोग पुऱ्याइरहेको हुन्छ । समितिले सम्बन्धित निकायसँग सोध्छ, जानकारी लिएर एउटा निष्कर्षमा पुऱ्याउने भूमिका हुन्छ ।

कमलराज भट्ट/नयाँ पत्रिका

विधायिकी कार्यको मूल काममै सुस्त रहेका संसदीय समितिहरू उजुरीमाथिको छलफल र फर्स्योटमा पनि उत्तिकै उदासीन देखिएका छन् । सुशासन र विकाससँग जोडिएका महत्त्वपूर्ण समितिले नै उजुरीमाथि गहन छलफल नगर्दा संसदीय निगरानी कमजोर भएको छ, जसले बेथितिलाई बल पुगेको छ ।

उजुरीहरूमाथि समितिहरूको उदासीनता बुझ्न राज्य व्यवस्था तथा सुशासन, पूर्वाधार विकास र सार्वजनिक लेखा समितिका

» पृष्ठ २ मा क्रमशः

सार्वजनिक लेखा समिति



९५ उजुरी — ऋषिकेश पोखरेल सभापति

राज्य व्यवस्था समिति



९२ उजुरी — रामहरि खतिवडा सभापति

शिक्षा, स्वास्थ्य समिति



५५ उजुरी — अम्मरबहादुर थापा सभापति

अर्थ समिति



५२ उजुरी — सन्तोष चालिसे सभापति

अन्तर्राष्ट्रिय सम्बन्ध/पर्यटन



३५ उजुरी — राजकिशोर यादव सभापति

कृषि समिति



३५ उजुरी — कुसुमदेवी थापा सभापति

उद्योग समिति



२५ उजुरी — अब्दुल खान सभापति

महिला समिति



१९ उजुरी — किरणकुमार साह सभापति

कानुन समिति



४ उजुरी — विमला सुवेदी सभापति

■ कांग्रेस नेता तथा ऊर्जामन्त्री खड्काले दोहन गरेको स्काउटको जग्गाबारे एक वर्षअघि परेको उजुरीमा राज्य व्यवस्था समितिले छलफलसमेत चलाएन



कांग्रेस नेता तथा ऊर्जामन्त्री दीपक खड्काले परोपकारी संस्था नेपाल स्काउटको लैनचौरस्थित जग्गा कौडीको भाउमा लिजमा लिएर वर्षौंदेखि दोहन गर्दै आएका छन् । त्यसको पनि भाडा तिरेका छैनन् । यस विषयमा स्काउटले ११ पुस ०८० मै राज्य व्यवस्था तथा सुशासन समितिमा 'बाँकी बक्यौता रकम चुक्ता गर्न र स्थान खाली गराउन समितिमा छलफल चलाई नेपाल सरकारलाई आवश्यक निर्देशन दिन' माग गर्दै उजुरी दिएको थियो । तर, कांग्रेस नेता रामहरि खतिवडा नै सभापति रहेको यो समितिले एक वर्ष बितिसक्दा पनि छलफल चलाएन । बरु, २३ मंसिरको बैठकमा सांसदहरूले 'उजुरी किन लुकाएको' भनेर सभापतिमाथि नै प्रश्न उठाए । सांसदहरूले सोधे- ऊर्जामन्त्री र सभापति एउटै पार्टीको भएकाले हो ?

संसद्का पूर्वसचिव मुकुन्द शर्मा भन्छन्-

लामो समय छलफल नहुनु अकर्मण्यता हो



संसद् नचलेको वेला मिनी संसद्का रूपमा समितिहरूले सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउने महत्त्वपूर्ण काम गर्ने हो । अब समितिले काम नगरेको हो भने तोकिएको जिम्मेवारीबाट उहाँहरू विमुख हुनुभयो ।

कोरम पुगेन र बैठक बसेन भन्ने कुरा पनि व्यावहारिक भएन । संविधानले सदनमा १० वटा बैठकमा विनासूचना अनुपस्थित भए पद जाने भनेको छ । समितिको हकमा विनासूचना उपस्थित नभएमा सभापतिले त्यो सदस्यलाई हटाउन सभामुखलाई चिठी लेख्नुपर्छ । सभापतिहरूले उपस्थित नभएका कारण काम गर्न सकिनँ भन्नुभन्दा नियमावलीले दिएको अधिकार प्रयोग गरेर सभामुखलाई पत्राचार गर्नुभयो कि भएन ? यो नगर्ने अनि बाहिर-बाहिर कोरम नपुगेको भनेर गोहीको आँसु चुहाएर मात्रै भएन ।

जनतालाई सुशासन दिने र सुशासन प्रवर्द्धन गर्न समिति खडा गरिएको हो । अर्को समिति सचिवालयले पनि आएका गुनासा तथा उजुरीको आधार र औचित्य सभापतिसँग वर्कआउट गरेर समितिमा लानुपर्ने हो । कहिले कसरी छलफल गर्ने भन्ने समितिबाट निष्कर्षमा पुग्नुपर्‍यो । सांसदहरूका अनुसार खबर गर्ने हकमा समिति सचिवालयको वर्कआउट पुगेन भन्ने देखियो ।

समग्रमा सभापति, सचिवालय र सांसदहरू जिम्मेवार हुनुपर्नेमा देखिएन । खेलाडीलाई खेल खेलाउने रेफ्रीको भूमिका हुन्छ । सभापतिलाई सहयोग गर्ने सचिवालय हो । त्यसपछि सदस्य एक्टिभ भएन भने सभामुखलाई लेख्नुपर्‍यो, भएन भने बाहिर मिडियामा ल्याउनुपर्‍यो । समिति आफ्नो पार्टीको अर्काको भन्ने होइन । समिति देशको हो । संसद् भनेको सबै जनताको हो । जनताप्रति जवाफदेही हुनुपर्छ । सामान्यतया हप्ता, दुई हप्ता अध्ययनमा लाग्न सक्छ । यति लामो समय छलफल नहुनु अकर्मण्यता हो । लुकाएर राखेको हो भने स्वार्थबद्ध कुरा भयो । यसले सुशासनलाई टेवा पुग्दैन ।

■ स्वर्णलक्ष्मीको 'सफ्टवेयर'मा ऋण लिएको भेटिएको अभियोगबारे रविको बयान

'उसकै सहकारी, उसैको सफ्टवेयर, उसैका कर्मचारी, उसैको सिस्टम भएपछि जसको नाम राखे पनि भो'

नयाँ पत्रिका

स्वर्णलक्ष्मी सहकारीको हिसाबकिताब रहेको जिसिएस बैंकिङ सफ्टवेयर सिस्टममा रास्वपा सभापति रवि लामिछानेको खाता रहेको भन्ने अभियोजन पक्षको दाबीलाई खण्डन गर्ने विभिन्न आधार भेटिएका छन् । सिस्टममा जिबी राई र रवि लामिछानेको नाम उल्लेख गरिएको सवारीसाधन किन्नका लागि खोलिएको ऋणी खाता देखिएको थियो । संयुक्त खातामा 'फोर ह्विलर लोन र इको सेभेन सिटर भ्यान' रिमार्क्स राखेर ४६ लाख ९८ हजार र ४६ लाख ४८ हजार ऋण प्रवाह भएको पनि देखाइएको छ । तर, सहकारीको सदस्य नै नरहेका लामिछानेले कसरी ऋणी हुने हैसियत प्राप्त गरे भन्ने मात्रै होइन, उनको नागरिकताको प्रमाणपत्र र हस्ताक्षर पनि नभएकाले खाता नै नक्कली भएको प्रश्न उठेको छ ।

यो आरोपमा लामिछानेले इन्कारी बयान दिएका छन्, 'मेरो उक्त स्वर्णलक्ष्मी सहकारी संस्थामा एकल वा संयुक्त कुनै पनि खाता छैन, खाता खोल्न एकल वा संयुक्त रूपमा कहिल्यै निवेदन दिएको पनि छैन । मैले निवेदन दिएको, हस्ताक्षर गरेको, औंठाछाप गरेको वा कुनै

» पृष्ठ २ मा क्रमशः

■ इन्कारी बयानमा के भने रविले ?



"मेरो स्वर्णलक्ष्मी सहकारी संस्थामा एकल वा संयुक्त कुनै पनि खाता छैन । खाता खोल्न एकल वा संयुक्त रूपमा कहिल्यै निवेदन दिएको पनि छैन । मैले निवेदन दिएको, हस्ताक्षर गरेको, औंठाछाप गरेको वा कुनै किसिमको फारामसमेत भरेको छैन । म स्वर्णलक्ष्मी सहकारीको बचतकर्ता, सदस्य, ऋणी, कर्मचारीलगायत कुनै पनि जिम्मेवारीमा रहेको व्यक्ति पनि होइन । उसकै (जिबी) सहकारी, उसैको सफ्टवेयर, उसैका कर्मचारी, उसैको सिस्टम भएपछि सहकारी सञ्चालकहरूले जसको नाम राख्न पनि सक्ने होला । कुनै पनि सहकारीमा खाता खोल्न वा सदस्य हुन निश्चित विधि अनिवार्य हुन्छ भन्ने मेरो बुझाइ हो । तर, विनाहस्ताक्षर, विनाऔंठाछाप, विनाकेवाइसी फाराम, विनाउपस्थिति, विनाधितो खोलिएको ऋण खाता प्रथम दृष्टिमै फर्जी हुन आउँछ । विभिन्न अनुसन्धान र प्रतिवेदनहरूले उल्लिखित सहकारीलगायत गितेन्द्रबाबु राई संलग्न रहेको सहकारी संस्थाहरूमा किर्ते गरी विधि प्रक्रिया नपुऱ्याई सयौं मानिसको नाममा नक्कली खाता खोली उनीहरूलाई नक्कली ऋणी बनाइएको भनी सार्वजनिक भएको सुनेको हुँ । तसर्थ, मेरा सन्दर्भमा पनि फर्जी खाता खोलिएको हो भन्ने कुरामा कुनै द्विविधा छैन । सहकारीसँग मेरो कुनै पनि किसिमको साइनो तथा कारोबार थिएन, छैन ।



विवादमा गृहमन्त्रीका ६ महिना

सत्तापक्षलाई जोगाउन र विपक्षीलाई दबाउन गृह प्रशासनको चरम दुरुपयोग गरेको गृहमन्त्री लेखकमाथि गम्भीर आरोप

(विस्तृत पृष्ठ ३)

अर्थतन्त्र सुधारमा शक्तिशाली सरकारको कमजोर प्रदर्शन

६ महिनामा वार्षिक लक्ष्यको ३९.४३ प्रतिशत राजस्व संकलन, १६.१६ प्रतिशत मात्रै पुँजीगत खर्च

(विस्तृत पृष्ठ ६)

■ 'ट्रिप एडभाइजर'को सूची

काठमाडौं 'सोलो ट्राभल डेस्टिनेसन्स'मा विश्वकै दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा सातौं

● **मणिराज लामिछाने,** निर्देशक, पर्यटन बोर्ड



ट्रिप एडभाइजरको लोकप्रिय सोलो ट्राभल डेस्टिनेसन्समा पर्नु भनेको नेपाल सुरक्षित गन्तव्य भएको सन्देश पनि हो । कल्चरल डेस्टिनेसन्स क्याटेगोरीमा पनि नेपाल विश्वको सातौं रोजाइको गन्तव्य बनेको छ । यसले नेपाली पर्यटनको विश्वभर सित्तैमा प्रचार भइरहेको छ ।

नारायण शिवाकोटी/नयाँ पत्रिका

विश्वकै अग्रणी अमेरिकी ट्राभल गाइडेन्स प्लाटफर्म ट्रिप एडभाइजरको 'सोलो ट्राभल डेस्टिनेसन्स' र 'कल्चरल डेस्टिनेसन्स' क्याटेगोरीको शीर्ष गन्तव्य सूचीमा काठमाडौं परेको छ । 'ट्रिप एडभाइजरको सूचीमा काठमाडौं विश्वकै सोलो ट्राभल (एकल भ्रमण) डेस्टिनेसन्समा दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा सातौं स्थानमा छ ।

विश्वभरका यात्रीहरूको अनुभव र तिनका सिफारिसका आधारमा ट्रिप एडभाइजरले सार्वजनिक गरेको सन् २०२५ को 'मस्ट-भिजिटेड डेस्टिनेसन्स'मा काठमाडौं विश्वका उत्कृष्ट गन्तव्यहरूको सूचीमा परेको हो । एकल यात्रा गर्न

» पृष्ठ २ मा क्रमशः



विश्वभरका यात्रीहरूको अनुभव र तिनका सिफारिसका आधारमा ट्रिप एडभाइजरले जारी गर्छ विश्वका उत्कृष्ट गन्तव्यहरूको सूची

उत्कृष्ट १० **'सोलो ट्राभल डेस्टिनेसन्स'**

१) **सिओल** (दक्षिण कोरिया)
२) **काठमाडौं** (नेपाल)
३) **कुस्को** (पेरू)
४) **बैंकक** (थाइल्यान्ड)
५) **ओसाका** (जापान)
६) **दुबई** (युएई)
७) **क्योटो** (जापान)
८) **चियाङ माई,** थाइल्यान्ड
९) **रेक्जाभिक** (आइसल्यान्ड)
१०) **मेलवर्न** (अस्ट्रेलिया)

उत्कृष्ट १० **'कल्चरल डेस्टिनेसन्स'**

१) **बाली** (इन्डोनेसिया)
२) **हनोई** (भियतनाम)
३) **लन्डन** (युके)
४) **माराकेच** (मोरक्को)
५) **रोम** (इटाली)
६) **कुस्को** (पेरू)
७) **काठमाडौं** (नेपाल)
८) **नयाँदिल्ली,** (भारत)
९) **क्रेट** (ग्रिस)
१०) **सिएम रिप** (कम्बोडिया)

दुबई जाने प्रलोभनमा इराकमा बेचिइन् महिला

■ ६ लाख ७० हजारमा बेचिएकी महिलाले १० महिना भोग्नुपर्‍यो कष्टकर जिन्दगी, नेपालबाट श्रीमान्ले चार किस्तामा मालिकलाई रकम बुझाएपछि मात्रै स्वदेश फर्किन सफल



टेकराज थामी/नयाँ पत्रिका

घरेलु मजदुरका रूपमा दुबई हिँडेकी काठमाडौं हिलेटोलकी सम्झना शर्मा (परिवर्तित नाम) एकाएक इराकस्थित सुलेमानी अन्तर्राष्ट्रिय विमानस्थल झर्दा नै झस्केकी थिइन् । छाँगाबाट खसेको अनुभूति त उनीले त्यसपछि गरिन्, जब दलालले पत्तै नदिई बेचेको सुइँको पाइन् । मानव बेचबिखन अनुसन्धान ब्युरोका अनुसार शर्मालाई झापा बिर्तामोड

» पृष्ठ २ मा क्रमशः

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

सहकार्यतिर मधेशकेन्द्रित दल

कांग्रेस-एमाले गठबन्धनबाट मधेशको समस्या समाधान नहुने कार्यदल बैठकको निष्कर्ष, एजेन्डामा सहकार्य गर्ने सहमति

नयाँ पत्रिका

संविधान संशोधनलगायतका मुद्दामा साझा धारणा बनाउने प्रयासस्वरूप कार्यगत एकताको प्रयास थालेका तराई-मधेशकेन्द्रित राजनीतिक दलहरूबिच संवादको सुरुवात भएको छ। यद्यपि, जनता प्रगतिशील पार्टीका अध्यक्ष एवं पूर्वमन्त्री हृदयेश त्रिपाठीको संयोजनमा राजधानीमा मंगलबार भएको बैठकमा जसपा नेपाल, आम जनता पार्टी र नागरिक उन्मुक्ति पार्टी सहभागी भएनन्।

मंगलबारको बैठकमा जनमत, जसपा, लोसपा, राष्ट्रिय मुक्ति र तमलोपाका नेता तथा स्वतन्त्र सांसद अमरेशकुमार सिंहले एजेन्डामा सहकार्य गरेर जाने प्रतिबद्धता जनाएका छन्। सत्तागठबन्धनले संविधान संशोधनका लागि गृहकार्य थालेपछि संविधानका कैयौं मुद्दामा असन्तुष्ट तराई-मधेशकेन्द्रित दलहरू साझा धारणा बनाउने प्रयासमा जुटेका हुन्।

मंगलबार बैठक सकारात्मक भएको र अर्को बैठकमा मुद्दालाई बुँदागत रूपमा उतार्ने सहमति बनेको नेताहरूको दाबी छ।

त्रिपाठीले मुख्यतः भ्रष्टाचार, अर्थतन्त्र र विभेदको विषय उठाइने बताए। 'लुज फोरम बनाएर सहकार्य गर्दै जाने विषयमा प्रारम्भिक संवाद भयो। सबैको प्रतिबद्धता आएको छ। सहकार्य गर्ने बुँदाबारे आगामी बैठकमा छलफल हुन्छ,' त्रिपाठीले भने, आजको बैठकले उत्साह थपेको छ। अर्को बैठकअघि साझा एजेन्डा के हुन सक्छ भनेर दलहरूले आ-आफ्नो पार्टीमा छलफल गर्ने छन्। सबै दलले एजेन्डा तय गरेपछि फेरि बैठक बस्नेछ। जहाँ मुद्दा बुँदागत रूपमा उतार्ने काम हुनेछ।'

मंगलबार बैठकमा जसपाका रेणु यादव र मोहम्मद इस्तियाक राई, लोसपाबाट जितेन्द्र सोनल र डा. सुरेन्द्र झा, जनमतबाट शरद यादव, जनता प्रगतिशीलबाट त्रिपाठी र शिवजी यादव, राष्ट्रिय मुक्ति पार्टीबाट केशव झा, तमलोपाबाट वृषेशचन्द लाललगायतका नेता सहभागी थिए।

मधेशको समस्या समाधान कांग्रेस-एमालेले गर्न नसक्ने निष्कर्ष उनीहरूको छ। मधेशकेन्द्रित पार्टीहरूले नै मधेशको समस्या समाधान गर्न सक्ने र त्यसका लागि सहकार्य गर्दै अघि बढ्नुपर्नेमा नेताहरूले जोड दिएका छन्। संविधान संशोधन भने तत्काल नहुने निष्कर्ष उनीहरूको छ। 'कांग्रेस-एमालेले संविधान संशोधनको कार्ड अहिले खोल्दैनन्, राष्ट्रिय सभाको निर्वाचन नभएसम्म संशोधनको विषय अघि बढ्दैन। उनीहरू सरकार बनाउन मिलेका हुन्, देखाउन सात बुँदामा संविधान संशोधनको विषय राखेका मात्र हुन्,' त्रिपाठीले भने।

समसामयिक राजनीतिको विषयमा छलफल भएको जसपा उपाध्यक्ष रेणु यादवले बताइन्। 'समसामयिक विषयमा छलफल भयो। अहिले नै निष्कर्षमा पुगिएको छैन, हामी फेरि बस्छौँ,' उनले भनिन्। लोसपा महासचिव सुरेन्द्र झाले संवाद र सहकार्यका लागि छलफल भएको बताए। 'संवाद र सहकार्यका लागि गम्भीर छलफल भयो। थप छलफल गर्दै अघि बढ्छौँ,' उनले भने।

राष्ट्रिय मुक्ति पार्टीबाट नेता केशव झाले संवादहीनताको अन्त्य भएको र अब निरन्तर संवाद हुने बताए। 'अर्को बैठकअघि आ-आफ्ना पार्टीमा साझा एजेन्डा के-के हुन्छ भनेर छलफल गरेर विषय तय गर्छौं। कुनै न कुनै रूपमा एकत्रित हुने वातावरण बन्दै छ,' राष्ट्रिय मुक्ति पार्टीका नेता झाले भने।

निर्वाचन कानुनमा...

पृष्ठ १ बाट क्रमशः

थियो। प्रवक्ता खत्रीका अनुसार कानुनले हिसाब निकाल्ने निकाय आफू नभएको भन्दै स्पष्ट रूपमा पठाउन पुनः गृहलाई पत्राचार गरेको हो।

गृहमन्त्री रमेश लेखकले पछिल्लो जनसंख्याको अनुपात हेरेर समानुपातिक प्रतिनिधित्व तोक्ने विषय छलफलमै रहेको बताए। 'विषय छलफलमै छ। टुंगो लागेको छैन। हामी मिलाउँछौँ,' उनले भने, 'अहिले नै यस्तै हिसाब निस्कियो भनेर भन्न सकिएन। हामी छिट्टै मिलाउने गरी छलफलमा छौँ।'

विधेयकको मस्यौदा गरेको निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलियाले समावेशी प्रतिनिधित्वको प्रतिशत संख्या ऐनमा नराखे पनि हुने बताए। 'ऐन फेरिरहन गाह्रो हुन्छ। अनुसूची राखियो भने अर्को जनगणना हुँदा फेर्नलाई फेरि संसद् जानुपर्‍यो। जुन झन्झटिलो हुन्छ,' उनले भने, 'त्यसकारण समानुपातिक समावेशी प्रतिनिधित्व प्रतिशत सम्बन्धित निर्वाचनअगाडिको जनगणनाको जनसंख्याको प्रतिशतका आधारमा तोकिनेछ भनेर राख्दा उपयुक्त हुन्छ।'

गृह मन्त्रालयले एकीकृत निर्वाचन विधेयकमा थ्रेसहोल्ड बढाउने प्रस्ताव गरेको छ। निर्वाचन आयोगले गरेको मस्यौदामा अहिलेकै प्रतिनिधिसभामा तीन र प्रदेश सभामा १.५ प्रतिशत थ्रेसहोल्डको व्यवस्था थियो। तर, गृहले प्रतिनिधिसभामा पाँच र प्रदेश सभामा तनि प्रतिशत थ्रेसहोल्ड प्रस्ताव गरेर कानुनमा पठाएको हो। 'थ्रेसहोल्ड बढाउने गरी प्रस्ताव आएको छ। हामीले मस्यौदा हेरेर पठाउने हो। अन्तर्वस्तु चलाउने हामीले होइन। यो व्यवस्था कानुनबाट स्वीकृत भएर आउँछ,' कानुन मन्त्रालयका एक उच्च अधिकारीले भने।

निर्वाचन आयोगका अनुसार विधेयकमा 'नो भोट'को व्यवस्था, भ्रष्टाचार मुद्दा लागेको र फरार व्यक्ति उम्मेदवार बन्न नपाउने, प्रवासी नेपालीलाई मतदानको अधिकार, मतदानस्थलमै गणना, उम्मेदवारको परिवारका सदस्यको सम्पत्ति विवरण अनिवार्य, प्रत्यक्षतर्फ ३३ प्रतिशत महिला उम्मेदवार, समानुपातिकमा दुईपटक मात्रै सांसद बन्न पाइने प्रस्ताव गरिएको छ।

प्रस्तावित विधेयकमा विदेशमा बस्ने नेपालीको मताधिकार सुनिश्चित गरिएको छ। साथै म कसैलाई मत दिन्नँ अर्थात् 'नो भोट'को व्यवस्था मतपत्रमा गर्ने भनिएको छ। मतदानमा कुल सदर मतको ५० प्रतिशतभन्दा बढी 'नो भोट' आए निर्वाचन रद्द हुनेछ। आयोगले मतपरिणाम आउन धेरै समय कुर्नुपर्ने बाध्यता हटाउन मतदानस्थलमै मतगणना गर्ने प्रस्तावसमेत विधेयकमा गरेको छ।

आयोगले उम्मेदवारको योग्यतामा कडा प्रावधान राखेको छ। भ्रष्टाचार मुद्दा लागेको, कर नतिरेको, कालोसूचीमा रहेको, पक्राउ पुर्जी जारी भएको वा पुर्पक्षका लागि थुनामा नबसेर फरार रहेको व्यक्ति उम्मेदवार बन्न नपाउने प्रस्ताव गरिएको छ। आफू र परिवारका सदस्यको सम्पत्ति विवरण पेस गर्नुपर्ने, कुनै फौजदारी अभियोग नलागेको भनेर आफैं प्रमाणित गर्नुपर्ने व्यवस्था गरिएको छ। निर्वाचनमा खर्च बैंक खातामार्फत गर्नुपर्ने उल्लेख छ। पराजित उम्मेदवार कार्यकालभर कुनै तहमा पनि उम्मेदवार हुन नपाउने, दल त्याग नगरी अर्को दलबाट उम्मेदवार बन्न नपाउने व्यवस्था पनि राखिएको छ। प्रत्यक्षतर्फ कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार बाध्यकारी गर्न प्रस्ताव गरिएको छ। समानुपातिकमा दुई कार्यकाल मात्रै सांसद बन्न पाउने व्यवस्था विधेयकमा राखिएको छ।

प्रमुख वा उपप्रमुखमध्ये एउटा पदमा मात्रै उम्मेदवारी दिँदा महिला अनिवार्य हुनुपर्ने, स्थानीय तहभित्रको सम्पूर्ण वडाध्यक्षमा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने व्यवस्था गर्न प्रस्ताव छ। निर्वाचित व्यक्तिको अयोग्यतासम्बन्धी उजुरी अदालतले ६ महिनाभित्र टुंग्याउनुपर्ने भनिएको छ। त्यस्तै, आयोगले निर्वाचन मिति र पदावधिसमेत ऐनमै किटान गरेको छ। निर्वाचन भएको दिनबाटै पदावधि गणना र उम्मेदवारी मनोनयनको दिनबाट अघिल्लो कार्यकाल स्वतः समाप्त हुने प्रस्ताव गरेको छ।

दुबई जाने...

पृष्ठ १ बाट क्रमशः

नगरपालिका- ९ टंगाबारीका ४५ वर्षीय भीमप्रसाद बजगाईं, इलाम रोङ गाउँपालिका- ४ का ४० वर्षीय सन्तोष सुनुवार र हेमरानी घलेको समूहले दुबई लैजाने भन्दै इराक लगेर ६ लाख ७० हजार रुपैयाँमा बेचेका हुन्। घटनामा संलग्नमध्ये बजगाईं पक्राउ परेका छन्। अरू दुई फरार छन्। ब्युरोका प्रवक्ता एसपी भावेश रिमालले बजगाईं दुई दिनअघि मात्रै पुर्पक्षका लागि जेल चलान भएको र फरार अभियुक्तविरुद्ध खोजी कार्य जारी रहेको बताए। उनले भने, 'महिलालाई दुबई लैजाने भनेर इराक पुर्‍याएछन्। ६ लाख ७० हजारमा बेचिदिएछन्। घटनामा संलग्नमध्ये एकजना पक्राउ परे। उनी पुर्पक्षका लागि जेल चलान भएका छन्। बाँकीको खोजी कार्य जारी छ।'

ब्युरोका अनुसार शर्मासँग दुबई बस्ने हेमरानीको टेलिफोनमार्फत भेट भएको थियो। शर्मालाई प्रतिमहिना ४० हजार रुपैयाँ पाउने गरी दुबईमा घरेलु मजदुरका रूपमा काम लगाइदिने प्रलोभन उनै हेमरानीले दिएकी थिइन्। उनकै प्रयासपछि शर्माले भीमप्रसादसँग भेट गरेकी थिइन्। दुबई जानका लागि आवश्यक कागजातसहित ३५ हजार रुपैयाँ पनि भीमप्रसादलाई नै दिन उनले भनेकी थिइन्। सोहीअनुसार गरेकी शर्मा ३० असार ०८० मा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै दुबई पुगेकी थिइन्।

तर, फ्लाई दुबईको विमानबाट गएकी उनलाई दुबईमा भने झर्न दिइएन। जहाज उडेर अर्कै दिशातर्फ लाग्यो। केही घण्टाको यात्रापछि जहाज अवतरण भयो। जब उनी जहाजबाट झरिन्, त्यसपछि इराकको सुलेमानी आइपुगेको सुइँको पाइन्। उनलाई लिन मचाक कम्पनीका मान्छे पहिले नै विमानस्थल पुगिसकेका थिए। तनावमा रहेकी उनी विमानस्थलबाट बाहिरिनेबित्तिकै मचाकका मान्छेले भेटेर सँगै लिएर गए।

प्रहरीका अनुसार उनलाई अज्ञात स्थलतर्फ लगियो। कोठामा बन्धक बनाइयो। त्यसरी कोठामा बन्धक पारिएका उनीजस्तै अन्य महिला पनि थिए। खानासमेत नदिएपछि उनले समस्या नेपाल रहेका श्रीमानूलाई भनिन्। श्रीमानूले भीमप्रसादलाई भेटे। त्यसको केही दिनपछि उनको कोठामा इराकमै बस्ने इलाम रोङ गाउँपालिका- ४ का ४० वर्षीय सन्तोष सुनुवार पुगे। आश्वासन दिँदै भएभरका सबै कागजात उनीसँग मागे र आफूसँगै लिएर गए। त्यसपछि उनी कहिल्यै फर्किएनन्।

पीडितका अनुसार करिब डेढ महिनाको बन्धक जीवनपछि उनलाई एक इराकीको घरमा लगियो। घरेलु मजदुरका रूपमा नियुक्त गरियो। घरमालिकले उनलाई दैनिक १५ घण्टा काम लगाए। शारीरिक र मानसिक यातना दिए। तलबसमेत नदिएपछि उनले नेपाल फर्किने निधो गरिन्। प्रस्ताव लिएर घरमालिककहाँ पुगिन्। त्यसपछि पो थाहा पाइन्, उनलाई त दलालले ६ लाख ७० हजार रुपैयाँमा बेचेका रहेछन्।

नेपाल फर्कन खोज्दा घरमालिकले ६ लाख ७० हजार रुपैयाँ फिर्ता मागे। उनले उक्त पीडा श्रीमानूसँग पोखिन्। अन्ततः श्रीमानूले मालिकले मागेबमोजिमको रकम चार किस्तामा भुक्तानी गरे। त्यसपछि गत ५ भदौमा उनी नेपाल फर्किन सफल भएको मानव बेचबिखन अनुसन्धान ब्युरोले बतायो।

ब्युरोका एसपी रिमालले भने, 'हामीकहाँ जाहेरी परेपछि घटनाको अनुसन्धान भयो। भीमप्रसाद पक्राउ परे। तर, अन्यलाई भने पक्राउ गर्न सकिएको छैन।'

काठमाडौं 'सोलो...

पृष्ठ १ बाट क्रमशः

मन पराउने पर्यटकहरूले सिफारिस गरेको सोलो ट्राभल डेस्टिनेसन्सको पहिलो नम्बरमा दक्षिण कोरियाको सिओल सहर छ। यो सूचीमा परेका विश्वका १० उत्कृष्ट गन्तव्य एकल यात्रा गर्ने पर्यटकले सबैभन्दा धेरै मन पराएका ठाउँ हुन्।

'सोलो ट्राभल डेस्टिनेसन्स'मा काठमाडौं विश्वकै शीर्ष गन्तव्यमा पर्नु देशको पर्यटनका लागि सुखद रहेको पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले बताए। 'ट्रिप एडभाइजरको सोलो ट्राभल डेस्टिनेसन्स क्याटेगोरीमा काठमाडौं दोस्रो शीर्ष स्थानमा परेको छ। एकल यात्रा गर्ने विश्वभरका यात्रीहरूले नेपाललाई रुचाएको देखिन्छ। पछिल्लो समय सोलो ट्राभल गर्ने पनि बढिरहेका छन्, त्यसको लाभ नेपालले लिन सक्छ,' उनले भने, 'लोकप्रिय सोलो ट्राभल डेस्टिनेसन्समा पर्नु भनेको नेपाल सुरक्षित गन्तव्य भएको सन्देश पनि हो। नेपाल कल्चरल डेस्टिनेसन्स क्याटेगोरीमा विश्वको सातौं रोजाइको गन्तव्य बनेको छ। यसले नेपाली पर्यटनको विश्वभर सित्तैमा प्रचार भइरहेको छ।'

'कल्चरल डेस्टिनेसन्स'को पहिलो नम्बरमा इन्डोनेसियाको बाली छ भने भियतनामको हनोई दोस्रो र लन्डन तेस्रोमा छ। काठमाडौं यो सूचीको सातौं स्थानमा रहेको छ। छिमेकी मुलुक भारतको राजधानी नयाँदिल्ली आठौं स्थानमा छ। जीवन्त कला र सम्पदाले धनी यी गन्तव्यले विश्वभरका यात्रुलाई लोभ्याउने गर्छन्।

'ट्रिप एडभाइजर'को टप डेस्टिनेसन्स श्रेणीको पहिलो स्थानमा यसपटक बेलायती सहर लन्डन परेको छ। सन् २०२२ यता यो सूचीको पहिलो नम्बरमा दुबई थियो। दुबई अहिले यो सूचीको दोस्रो स्थानमा ओर्लिएको छ। कला, सम्पदाका साथै परिकारहरूका लागि अब्बल लन्डन सहर 'फुड डेस्टिनेसन्स'को दोस्रो र 'कल्चरल डेस्टिनेसन्स'मा तेस्रो स्थानमा परेको छ।

सन् २०२५ को 'ट्रेन्डिङ डेस्टिनेसन्स'मा जापानको ओसाका सहर पहिलो स्थानमा छ। 'द नेसन्स किचेन' भनेर चिनिने ओसाका खाना, सपिङ र रात्रिजीवनका लागि उत्कृष्ट गन्तव्य मानिन्छ। 'हनिमुन डेस्टिनेसन्स'का लागि मौरिसस पहिलो नम्बरमा छ भने इन्डोनेसियाको बाली दोस्रो र माल्दिभ्स तेस्रो स्थानमा छन्। खानाका पारखी यात्रीले 'फुड डेस्टिनेसन्स'को पहिलो नम्बरमा इटालीको रोम सहरलाई सिफारिस गरेका छन्।

विश्वभरका वास्तविक यात्रीहरूले ट्रिप एडभाइजरमा आफूलाई मन परेको गन्तव्य र त्यहाँको विशेषताबारे रिभ्यु लेख्ने गर्छन्। तिनै रिभ्युको आधारमा ट्रिप एडभाइजरले विभिन्न क्याटेगोरीमा पर्यटकले मन पराएका गन्तव्यको सूची सार्वजनिक गर्दै आएको छ।

ट्रिप एडभाइजरको 'ट्राभलर्स च्वाइस अवार्डस् बेस्ट अफ द बेस्ट डेस्टिनेसन्स'मा टप डेस्टिनेसन्स, ट्रेन्डिङ डेस्टिनेसन्स, कल्चर डेस्टिनेसन्स, फुड डेस्टिनेसन्स र हनिमुन डेस्टिनेसन्ससहित सात श्रेणी छन्। 'सोलो ट्राभल डेस्टिनेसन्स' ट्रिप एडभाइजरले यो वर्षबाट थपेको नयाँ श्रेणी हो।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Dhangadhi, Kailali

Invitation of Bids

Date of 1st publication: 15-JAN-2025 (2-Magh-2081)

Federal Water Supply and Sewerage Management Project Dhangadhi Kailali, Nepal invites Sealed Bids from Eligible and qualified bidders for the Supply and Delivery of below mentioned Goods under Sealed Quotation Bidding Procedures.

S. N.	Contract Identification No.	Description of Works	Estimated Amount Including VAT	Bid Security Amount, (NRs.)	Bid Document Fee, (NRs.)	Bid Submission Deadline	Remarks
1.	01/2081/082/ SQ/G/FWSSMP/ Dhangadhi	Supply and Delivery of PE 100 HDPE Pipe for Different Water Supply Projects of Achham, Bajhang and Bajura District.	19,99,871.18	50,000.00	1,000.00	31-JAN-2025 (18-10-2081)	

- Bidding documents are available at Federal Water Supply and Sewerage Management Project Dhangadhi, Kailali, Office during Office hour.
  Information to deposit the cost of bidding document in Bank:
  Name of the Bank: Rastriya Banijya Bank Ltd. Dhangadhi, Kailali,
  Name of the Office: Federal Water Supply and Sewerage Management Project, Dhangadhi
  Office Code no: 313017701
  Office Account no: 1000100200010000
  Rajaswa (revenue) Shirshak No.: 14229
- If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
- The sealed bids will be opened at Federal Water Supply and Sewerage Management Project, Dhangadhi office on **02-FEB-2025 (20-Magh-2081) ,13:00 Hrs.**
- Bids must be valid for a period of **45 days** after bid opening and must be accompanied by a bid security, amounting to a minimum of **above mentioned** which shall be valid for **30 days** beyond the validity period of the bid.
- For further Information Contact at Federal Water Supply and Sewerage Management Project Dhangadhi, Kailali.

Project Chief

संसदीय समितिमा...

पृष्ठ १ बाट क्रमशः

काम हेरे पुग्छ। बल्ल-बल्ल उजुरी सदस्यहरूलाई वितरण गरिए पनि त्यसमाथिको छलफल प्राथमिकतामा छैन। कतिपय समितिले उपसमिति बनाएर उजुरीमाथिको प्रारम्भिक काम थालेका छन्। लेखा समिति सभापति पोखरेल स्वयं सरकारको योजनाअनुसार नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई हटाउन समितिलाई नै प्रयोग गर्न तल्लिन देखिए। मोरङमा आफ्नै सक्रियतामा खोलेको उमागौरी कृषि सहकारीमा उनकी पत्नी अञ्जला कोइराला प्रत्यक्ष संलग्न रहेको भेटिइन्, अहिले मुद्दा चलिरहेको छ। आफैं यस्ता विवादमा अल्झिएपछि पोखरेलले समितिको बैठकसमेत राख्न सकेका छैनन्।

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले ११ पुस ०८० मा राज्य व्यवस्था तथा सुशासन समितिमा 'बाँकी बक्यौता रकम चुक्ता गर्न र स्थान खाली गराउन समितिमा छलफल चलाई नेपाल सरकारलाई आवश्यक निर्देशन दिन' माग गर्दै उजुरी दियो। स्काउटको जग्गा बहालवाला ऊर्जामन्त्री दीपक खड्काको कम्पनी खड्का ल्यान्ड डेभलपमेन्ट प्रालिले लिजमा लिएको हो। लिज अवधि उहिल्यै सकिए पनि सत्ताको आडमा जग्गाको स्वामित्व हस्तान्तरण गर्न मानेको छैन भने कम्पनीले कम्तीमा ५ करोड बक्यौता छ।

राज्यको सम्पत्ति हिनामिना भएको यो उजुरी १४ माघ ०८० मा दर्ता गरेका सभापति रामहरि खतिवडाले छलफल चलाएनन्। खड्का ल्यान्डले बक्यौता तिर्न आनाकानी गरेको र संसदीय समितिमा यससम्बन्धी उजुरी परेको वर्ष दिन बित्न लाग्दा छलफल नभएको सञ्चारमाध्यमबाट सार्वजनिक भएपछि २३ मंसिरको राज्य व्यवस्था समिति बैठकमा सांसदहरूले 'उजुरी किन लुकाएको' भनेर सभापतिमाथि प्रश्न उठाए। सांसदहरूले सोधे- ऊर्जामन्त्री र सभापति एउटै पार्टीको भएकाले हो ?

'१० महिनाअघि नै नेपाल स्काउटले समितिमा निवेदन दियो। तर, ऊर्जामन्त्री दीपक खड्काको कम्पनीले तिनुपर्ने करोडौँ रुपैयाँ तिरेन। छलफलमा कन्जुस्याइँ किन गरियो, हामीले बाहिर मिडियाबाट सूचना पाउनुपर्ने अवस्था किन र कसरी आयो ?' माओवादी सांसद दुर्गा राईले प्रश्न गरिन्, 'अबदेखि यस्तो दोहोरियो भने राम्रो हुँदैन। बाहिर अरूले हामीलाई सोधे के जवाफ दिने ? ऊर्जामन्त्रीको ठुलो फोटोसहित आएको छ। दल हेर्नुपर्ने हो कि, व्यक्ति हेर्नुपर्ने हो कि, के हो ?'

समितिका अन्य सदस्यले पनि स्काउटको उजुरीबारे थाहा नै नभएको र सुशासनको विषय सञ्चारमाध्यमबाट थाहा पाउनु विडम्बना भएको प्रतिक्रिया दिएपछि २५ मंसिरमा सभापति खतिवडाले उजुरीमाथि कारबाही अगाडि बढाए। यो उजुरी सदस्यहरूलाई वितरण गरे। स्काउटसँग सम्बन्धित सबै कागजात उपलब्ध गराउन अनुरोध गर्दै पत्राचार गरे। समिति सक्रिय भएपछि खड्का ल्यान्डले बक्यौता तिर्छु भनेर १० दिनको भाका तोक्यो। यद्यपि, आफैँले तोकेको भाकाभित्र तिरेको छैन।

यो त उदाहरण मात्रै हो। १५ वैशाख ०८० मा गठन भएको राज्य व्यवस्था समितिले २ जेठबाट कार्य प्रारम्भ गरेको थियो। उजुरीका सन्दर्भमा सार्वजनिक रूपमा प्रश्न उठेपछि २१ महिनामा बल्ल समिति छलफलको सुरसार गर्दै छ। समितिले २२ पुसमा समितिमा दर्ता भएका ५८ र अध्ययनको क्रममा रहेका ३४ उजुरी सांसदलाई वितरण गरेको छ।

उजुरी हेर्ने उपसमिति गठन गर्न २६ पुसमा समिति बैठक बोलाइएको छ। 'समिति गठन भएपछि अन्य विषय पनि हेर्नुपरेको र धेरै बैठक पनि बस्न नपाएकाले उजुरीहरूको सम्बन्धमा हालसम्म कुनै छलफल भएको थिएन। समितिमा आएका उजुरीहरू कसरी सुनुवाइ गर्ने भनेर सोमबार पहिलो छलफल गर्‍यौं। आगामी बैठकमा उपसमिति बनाएर कुन उजुरी समितिमा ल्याउने, कुन सीधै पठाउने भनेर अगाडि बढ्छौं,' सभापति खतिवडा भन्छन्।

राज्य व्यवस्थाजस्तै पूर्वाधार विकास समितिमा पनि उजुरीमा छलफल भएको छैन। १६ पुसमा बसेको बैठकमा सदस्यहरूले उजुरीमा कहिले छलफल हुन्छ भनेर प्रश्न गरेपछि सभापति दीपकबहादुर सिंहले सचिवालयलाई निर्देशन दिए, 'अर्को बैठकमा उजुरी वितरण गर्ने व्यवस्था मिलाउनू।' भोलिपल्ट १७ पुसमा बसेको बैठकमा सदस्यहरूलाई प्राप्त २३ वटा उजुरी वितरण गरियो। विद्युत्का उजुरी हेर्ने जिम्मा शक्ति बस्नेत र भौतिक पूर्वाधारको प्रकाश ज्वालालाई जिम्मा दिइयो। सभापति सिंह भन्छन्, 'ट्रान्सफर्मर, प्रसारण लाइनसम्बन्धी शक्ति बस्नेत र राष्ट्रिय राजमार्गका उजुरी हेर्न प्रकाश ज्वालालाई जिम्मा दिएका छौं। अब उजुरीहरू वर्गीकरण गरेर छानबिन गर्छौं।'

वित्तीय अनुशासन कायम गराउने र बेरुजु फर्स्योट गर्ने जिम्मेवारी बोकेको सार्वजनिक लेखा समितिमा सबैभन्दा धेरै ९५ वटा उजुरी छन्। उजुरी अध्ययन गर्न आठसदस्यीय उपसमिति पनि गठन गरिएको छ। तर, न उपसमिति बसेको छ, न त उजुरीमा छलफल नै भएको छ।

स्काउटको जग्गा कब्जासम्बन्धी उजुरी लेखामा पनि परेको, तर एक वर्षसम्म उजुरी थाहा नपाएको गुनासो सदस्यहरूले गरेपछि सभापति ऋषिकेश पोखरेलले ७ पुसको बैठकमा सदस्यहरूलाई उजुरी वितरण गरेका थिए। सो बैठकमा सभापति पोखरेलले लेखा समितिको मूल काम बेरुजु फर्स्योट भन्दै उजुरीमा छलफल भएन भन्ने विषय हाइलाइट नगर्न अनुरोध गरेका थिए।

विद्युत् बक्यौता असुलीमा लागेका कुलमान घिसिङलाई कारबाही गर्न एकल निर्णय गर्न खोज्दा विवादमा परेर चार महिनासम्म बैठक राख्न नसकेका सभापति पोखरेलले हाल सहकारी ठगीमा श्रीमती जोडिएको र स्वकीय सचिव पनि आर्थिक ठगीमा मुछिएपछि बैठक राख्न सकेका छैनन्। सदस्यहरूले बैठक माग गरिरहेका छन्।

मूल समितिको बैठक माग गरेका सदस्य मनीष झाले संविधान र संसदीय प्रणालीविपरीत समिति सभापति सत्तापक्षको हातमा रहेको र सभापति संसदीय जिम्मेवारीबाट विमुख हुनु दुःखद भएको बताए। उनी भन्छन्, 'मूल समिति नै एक्टिभ छैन, उजुरीवाला उपसमिति कसरी सक्रिय हुन्छ ?' सत्तारूढ एक सांसदले भने, 'उजुरीमा धेरै ढिला भएकै हो। सभापतिलाई ताकेता गरिरहेका छौं।'

समिति सचिव एकराम गिरी भन्छन्, 'पछिल्लाबाहेक केही पहिलाका उजुरीहरू वितरण भइसकेका छन्। उजुरी अध्ययन गर्न उपसमिति पनि गठन गरिएको छ। उपसमिति आफ्नो अनुकूलता पर्खेर बसिरहेको छ।'

अर्थ समितिमा ५२ उजुरी छन्। उजुरी हेर्न उपसमिति पनि बनाएको छ। तर, छलफल गर्न नभ्याएको सभापति सन्तोष चालिसे बताउँछन्। 'एनसेलको स्वामित्वको विषयमा हामीले हेरेको हो। हामीले तिर्नुपर्ने करसहित स्वामित्वमा ल्याउँभन्दा सरकारले म्याद थपिदियो। तीन भागमा पैसा लिने भनेको ६ महिना भइसक्दा पनि फिर्ता आएन। अब पत्र काटेर सोध्छौँ,' समितिले हेरेको एउटा उजुरीको उनले बेलिविस्तार लगाए।

उजुरीमा छलफल अगाडि बढाइरहेका समितिहरू

संसद् सचिवालयका अनुसार कानुन समितिमा ४ वटा उजुरी छन्। तर, गम्भीर प्रकृतिको नभएकाले समितिमा छलफल भएको छैन। 'उजुरीमै छलफल भएको छैन। धेरै आएको पनि छैन। कतिपय कार्यक्षेत्रभित्र नपरेको आउँछ। यो ठाउँमा जानुस् भनेर पठाइदिने गरेका छौं,' सभापति विमला सुवेदीले भनिन्।

५५ वटा उजुरी भएको शिक्षा समितिमा उपसमिति गठन गरेर उजुरीको जाँचबुझ भइरहेको छ। ईश्वरी घर्तीको उपसमितिले कतिपय टुंगो पनि लगाएको छ। 'केही समितिमा आउँछन्। आएकालाई तत्काल इन्क्वाइरी गरेर सम्बन्धित निकायलाई निर्देशन दिन्छौं,' सभापति अम्मरबहादुर थापाले भने।

अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिले पनि प्राप्त ३५वटा उजुरीहरूका सन्दर्भमा अध्ययन गरिरहेको छ। 'समितिमा उजुरी आयो भने सचिवालयले स्क्रिनिङ गर्छ। हेर्नुपर्ने रहेछ भने तत्काल प्रक्रियामा लान्छौं। सम्बन्धित मन्त्रालयसँग छ भने त्यो दिन बैठकको एजेन्डामा राखिदिन्छौं,' सभापति राजकिशोर यादवले भने।

कृषि समितिमा पनि ३५ वटा उजुरी छन्। सभापति कुसुमदेवी थापा भन्छिन्, 'भूमि, वन, कृषि, बँदेल, सुकुमवासी, लाजपुर्जा, जलवायु परिवर्तनका बारेमा प्राप्त उजुरीमा छलफल चलिरहेको छ।'

महिला समितिमा १९ वटा उजुरी छन्। अध्ययन गर्न उपसमिति बनाइएको छ। 'आएकालाई भटाभट छलफल गरेर सरकारलाई निर्देशन दिइरहेका छौं,' सभापति किरणकुमार साह भन्छन्। उजुरीहरूमा घरेलु हिंसा, दाइजोका कारण हत्या, जलनको क्षतिपूर्ति, भोजपुरी कलाकार खेसारीलाल यादवले महोत्सवमा अश्लील हर्कत गर्‍यो भन्ने रहेको उनले बताए।

उद्योग समितिमा कम्तीमा २५ वटा उजुरी छन्। '९ सदस्यीय उजुरी सुनुवाइ तथा कार्यसम्पादन सहजीकरण उपसमिति बनाएर अध्ययन गरिरहेका छौं। पछिल्लो समय विधेयकमा छलफल भइरहेका कारण पाएका छैनौं। सकेपछि गर्छौं,' सभापति अब्दुल खान भन्छन्। उजुरीमा धेरैजसो श्रम, वैदेशिक रोजगारी, मेनपावरको ठगी, स्वास्थ्य परीक्षण, उपभोक्ताबाट मूल्य वृद्धि, उद्योग, वाणिज्य, ठगीजस्ता रहेको उनले बताए।

'उसकै सहकारी...

पृष्ठ १ बाट क्रमशः

किसिमको फाराम भरेकोसमेत छैन। म उक्त स्वर्णलक्ष्मी सहकारीको बचतकर्ता, सदस्य, ऋणी, कर्मचारीलगायत कुनै पनि जिम्मेवारीमा रहेको व्यक्ति होइन।'

दुईवटा सवारीसाधन खरिदका लागि स्वर्णलक्ष्मीमा खोलिएको भनिएको संयुक्त ऋण खातामा ऋण प्रवाह भएपछि जिबी वा रवि दुईमध्ये एकजनाको हस्ताक्षर गरी सहकारीबाट प्रदान गरिने चेकमार्फत पेमेन्ट हुनुपर्थ्यो। तर, गाडी बिक्री गर्ने नारायणी अटो बिजनेस प्रालिलाई स्वर्णलक्ष्मीको नेपाल इन्भेस्टमेन्ट बैंकको चेकबाट १४ लाख नौ हजार चार सय र ३२ लाख ८८ हजार ६ सय रुपैयाँ भुक्तानी भएको मिसिलमा संलग्न चेकको प्रतिलिपिबाट देखिन्छ।

लामिछानेको इन्कारी बयानलाई खण्डित गर्न राख्नुपर्ने प्रमाण पनि अभियोगपत्रमा राख्न सकेको देखिँदैन। उनले बयानमा थप भनेका छन्, 'उसकै सहकारी, उसैको सफ्टवेयर, उसैका कर्मचारी, उसैको सिस्टम भएपछि सहकारी सञ्चालकहरूले जसको नाम राख्न पनि सक्ने होला। कुनै पनि सहकारीमा खाता खोल्न वा सदस्य हुन निश्चित विधि अनिवार्य हुन्छ भन्ने मेरो बुझाइ हो। तर, विनाहस्ताक्षर, विनाऔँठाछाप, विनाकेवाइसी फारम, विनाउपस्थिति, विनाधितो खोलिएको ऋण खाता प्रथम दृष्टिमै फर्जी हुन आउँछ। विभिन्न अनुसन्धान र प्रतिवेदनहरूले उल्लिखित सहकारीलगायत गितेन्द्रबाबु राई संलग्न रहेको सहकारी संस्थाहरूमा किर्ते गरी विधि प्रक्रिया नपुर्‍याई सयौं मानिसको नाममा नक्कली खाता खोली उनीहरूलाई नक्कली ऋणी बनाइएको भनी सार्वजनिक भएको सुनेको हुँ। तसर्थ, मेरा सन्दर्भमा पनि फर्जी खाता खोलिएको हो भन्ने कुरामा कुनै द्विविधा छैन। सहकारीसँग मेरो कुनै पनि किसिमको साइनो तथा कारोबार थिएन, छैन।'

स्वर्णलक्ष्मीबाट ऋण लिएर किनेको भनिएका दुईवटै गाडीको ऋण चुक्ता भइसकेको अभियोजनमा देखाइएको छ। आफैं किस्ता तिर्न चेकमा हस्ताक्षर गर्ने अनि थाहा छैन भन्ने प्रश्न लामिछानेमाथि उठाइएको छ। तर, लामिछानेले चेकमा हस्ताक्षर आफ्नो भए पनि हस्तलेखन आफ्नो नभएको दाबी गरेका छन्। 'कम्पनीमा विभिन्न कर्मचारीको आ-आफ्नै भूमिका हुन्छ र आर्थिक कामकारबाहीका लागि लेखा अधिकारी नियुक्त हुन्छ। लेखाले अध्यक्षको आदेशमा सबै काम गर्छ। सोहीअनुसार उसले आफैँले चेक तयार गरी लामिछानेको हस्ताक्षर गराएको हुन सक्ने देखिन्छ। वा विश्वासमा हस्ताक्षर गरी छाडिएको चेक आफैँले आवश्यकताअनुसार भरिदिएको हुन सक्छ,' उनको बयान छ। चेकमा लेखिएको हस्तलेखन कसको छ भन्ने फरेन्सिक जाँच गरिए प्रस्ट हुन्छ।

नेपालमा रेमिट्यान्समार्फत रकम भित्र्याउन सहज भए पनि विदेश पठाउन भने सहज छैन। नेपाल राष्ट्र बैंकको अनुमति लिएर मात्र त्यसको प्रक्रिया अघि बढ्छ। रवि लामिछानेको नामबाट रेमिट्यान्समार्फत ७५ लाख रुपैयाँ विदेश पठाइएको भेटिएको भन्दै अभियोजन पक्षले ठगीमा उनको संलग्नता दाबी गरेको छ। यसमा पनि लामिछानेले बयानमा प्रतिवाद गरेका छन्।

'गोर्खा मिडिया नेटवर्कले अन्तर्राष्ट्रिय समाचार एजेन्सीहरू, स्याटेलाइट कम्पनीलगायतका कम्पनीहरूसँग सम्झौताहरू गरेको थियो। तिनैमध्येका प्रयोजनका लागि गोर्खा मिडिया नेटवर्कको ग्लोबल आइएमई बैंकमार्फत भुक्तानीहरू गरेको हुनुपर्छ,' उनको बयानमा छ, 'लाओ एसिया प्यासिफिक स्याटेलाइट कम्पनी लिमिटेड गोर्खा मिडियाले सम्झौता गरेको स्याटेलाइट कम्पनी हो। प्रक्रिया पूरा गरी तिर्नुपर्ने दस्तुर तिर्ने दायित्व निर्वाह गरिएको हुनुपर्छ।'

सांसद सूर्य थापा नेतृत्वको संसदीय विशेष समितिले सहकारीबाट गोर्खा मिडियामा रकम ल्याउनमा लामिछानेको संलग्नता नदेखिएको, तर गोर्खा मिडियामा आइसकेको रकम परिचालनको सवालमा जिम्मेवार हुनुपर्ने प्रतिवेदन तयार पारेको थियो। लामिछानेले यो प्रतिवेदनसमेत उल्लेख गर्दै प्रहरीलाई बयान दिएका छन्। उनले भनेका छन्, 'मलाई केन्द्रविन्दुमा राखेर सहकारी ठगीमा मेरो संलग्नता छ कि भनी छानबिन गर्न राज्यका सम्पूर्ण निकाय सम्मिलित छानबिन समितिसमेत बन्यो। उक्त समितिमा सम्बन्धित बैंकहरू, राष्ट्र बैंक, सहकारी बोर्ड, सहकारी विभाग, सहकारी मन्त्रालय, विभिन्न चार्टर्ड एकाउन्टेन्ट, कारागारमा समेत रहेका मानिसहरू, नेपाल प्रहरी, संघीय सांसदहरूलगायत सम्पूर्ण निकायहरू सहभागी भई आफ्नो सम्पूर्ण स्रोत, साधन, विज्ञता, क्षमता लगाएर १२०० पृष्ठको प्रतिवेदन निकालियो। त्यसको निष्कर्षले समेत प्रस्ट पार्‍यो र भन्यो कि सहकारीको रकम गोर्खा मिडियामा ल्याउने सम्पूर्ण प्रक्रियामा मेरो संलग्नता छैन। न कहीँ प्रमाण छन्, न प्रतिवेदनमा उल्लेख छ, न मलाई सहकारीमा गएको देख्ने-भेट्ने कोही एकजना भेटिन्छन्।'

गर्दै नगरेको अपराधको आरोपमा आफ्नो प्रतिष्ठा नै धूलिसात् पार्ने काम निरन्तर चलिरहेको लामिछानेको गुनासो छ। 'झन्डै डेढ वर्षदेखि आफूले नगरेको अपराधको आरोपमा मेरो प्रतिष्ठा धूलिसात् पार्ने काम निरन्तर चलिरहेको छ। म यो आरोपको कुन मानसिकता र मनोबलका साथ सामना गरिरहेको छु भन्ने कुराको अन्दाज मलाई नै छैन। त्यसैले म निर्दोष छु,' उनले बयान दिएका छन्। उनले सहकारी ठगीमा दोषीहरूलाई कानुनी दायरामा ल्याएर उनीहरूबाटै असुलउपर गरी पीडितको रकम फिर्ता गर्नुपर्ने माग पनि गरेका छन्।

विवादमा गृहमन्त्री लेखकका ६ महिना

प्रहरी अनुसन्धानमा सत्ताको छाया, सत्तापक्षलाई जोगाउन र विपक्षीलाई दबाउन गृह प्रशासनको चरम दुरुपयोग गरेको गृहमन्त्री लेखकमाथि गम्भीर आरोप



● **विज्ञानराज शर्मा**, पूर्वएआइजी

मूल विषयभन्दा फरक मुद्दामा डाइभर्ट गरिँदा अनुसन्धान विवादमा पर्‍यो। पूरक जाहेरीको अनुसन्धानमा सत्तापक्षको भूमिका निष्पक्ष देखिएन, यसले सकारात्मक सन्देश गएको छैन।



● **रामचन्द्र तिवारी**, प्रवक्ता, गृह मन्त्रालय

प्रहरी अनुसन्धान तथ्य र प्रमाणकै आधारमा भइरहेको छ, मन्त्रालयको कुनै दबाब छैन। सेवाप्रवाह र गुनासो व्यवस्थापनमा सुधार ल्याउन संस्थागत सुधारका काम भइरहेका छन्।



गृहमन्त्रीका विवाद शृंखला

- **केही प्रहरी अधिकृतको प्रतिशोधका आधारमा सरुवा**
- **सत्तापक्षीय नेताहरूलाई विभिन्न मुद्दामा उन्मुक्ति**
- **बाँसबारी जग्गादेखि बालमन्दिर प्रकरण डिसमिस गर्ने प्रयास**
- **विपत् व्यवस्थापनमा कमजोर नेतृत्व**
- **सुरक्षा निकायमा राजनीतिक हस्तक्षेप**
- **तराईमा तस्करी नियन्त्रणमा उदासीनता**
- **गृह प्रशासनमा राजनीतिकरण**
- **विपक्षी दलका नेतामाथि 'प्रतिशोधका आधारमा अनुसन्धान'**

नवराज मैनाली/नयाँ पत्रिका

गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल प्रहरी र सशस्त्र प्रहरीसम्बन्धी विधेयक संसद्मा पेस गर्न स्वीकृति दियो। गृहमन्त्री रमेश लेखकले प्रधानमन्त्री केपी ओलीसँग गरेको कार्यसम्पादन सम्झौताअनुसार यो स्वीकृति तीन महिनाअघि नै हुनुपर्ने थियो। सय दिनभित्र दुवै प्रहरीका विधेयक संसद् लैजाने गरी कार्यसम्पादन सम्झौता भएको थियो।

ढिलै भए पनि प्रहरी ऐन मन्त्रिपरिषद्बाट टुंगो लागेको छ। तर, त्यसमा रहेका कतिपय गम्भीर विषयमा पर्याप्त छलफल नै गरिएको छैन। संघीय संरचनामा गएपछि राष्ट्रिय सुरक्षामा पर्न सक्ने असरबारे विस्तृत अध्ययन नै नगरी ऐन अघि बढाइएको प्रहरी अधिकारी बताउँछन्। अर्कोतर्फ वृत्तिविकास योजनाविनै ३० वर्षे सेवाहद हटाउने प्रावधानले पनि सुरक्षा संगठनमा नकारात्मक असरसमेत पर्न सक्नेतर्फ ध्यान दिइएको छैन। जसकारण यो विधेयक पनि विवादमा पर्ने देखिएको छ। गृहमन्त्री लेखकले गृह प्रशासनको नेतृत्व सम्हालेको ६ महिना पूरा भएको छ। यो अवधिमा उनले एउटै स्मरणीय काम गर्न सकेका छैनन्। बरु दर्जनौं विवादमा फसिसकेका छन्। सत्तापक्षलाई जोगाउन र विपक्षीलाई दबाउन गृह प्रशासनको चरम दुरुपयोग गरेको गम्भीर आरोप उनीमाथि लागेको छ। केही ठुला घटनामा प्रहरीले अपनाएको फरक-फरक मापदण्डले पनि त्यो आरोपलाई बलियो बनाएको छ।

सहकारीकै मुद्दामा सत्तापक्ष जोडिएका धेरै सहकारी ठगीको विस्तृत अनुसन्धान हुन सकेको छैन। तर, गोर्खा मिडिया जोडिएका सहकारीको अनुसन्धानमा भने सम्पत्ति शुद्धीकरणदेखि सबैमा संगठित अपराधको कसुर लगाइएको छ। राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई सो मुद्दामा तान्नकै लागि संगठित अपराध मुद्दा लगाइएको आरोप छ। जब कि तिनै सहकारीमा सत्तापक्षका नेताहरूलाई भने जोगाइएको तथ्य बाहिर आइसकेको छ। कास्कीको सूर्यदर्शन सहकारीबाट एमालेका केन्द्रीय सदस्य राजीव पहारीले १५ लाख गैरकानुनी रूपमा लिएको देखिएको थियो। तर, पुष्टि हुन नसकेको भन्दै उनलाई मुद्दामा साक्षी बनाइएको छ। काठमाडौंको स्वर्णलक्ष्मी सहकारीको सञ्चालक नै कांग्रेस सांसद माया राई रहेकोमा उनको तीनपुस्ते नखुलेको भन्दै मुद्दा चलाइएन। यी कुराले प्रहरी अनुसन्धानको निष्पक्षतामाथि गम्भीर प्रश्न उठेको छ। कांग्रेस उपसभापति धनराज गुरुङ मुछिएको मितेरी सहकारीको अनुसन्धानमा प्रगति हुन सकेको छैन। गुरुङलाई प्रहरीले सामान्य सोधपुछ मात्र गरेको छ। सो सहकारीको ठगीमा संलग्न अन्य कोही पनि पक्राउ परेका छैनन्।

संसद्को सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलकी श्रीमती अञ्जला कोइराला संलग्न रहेको मोरङको उमागौरी सहकारीको अनुसन्धानमा पनि प्रहरी निष्पक्ष हुन सकेन। घरमै रहेकी अञ्जलालाई फरार प्रतिवादी बनाएर मुद्दा चलाइयो। पछि उनी आफैँ अदालतमा उपस्थित भई धरौटीमा छुटेकी छिन्। गोर्खा मिडिया जोडिएकाबाहेक अन्य सहकारीमा संगठित कसुरको अभियोग प्रहरीले लगाएको छैन।

अर्कोतर्फ अघिल्लो सरकारको कार्यकालमा अनुसन्धान भएका केही 'हाइप्रोफाइल' मुद्दा डिसमिस गर्न लागिएको छ। बाँसबारी छाला जुत्ता कम्पनीको जग्गा हिनामिना, बाल संगठनको जग्गा हिनामिनाजस्ता मुद्दामा उन्मुक्ति दिने तयारी छ। भुटानी शरणार्थी प्रकरणका मुख्य बिचौलिया बेचन झामाथि पनि विस्तृत अनुसन्धान नगर्दा त्यसमा जोडिएका थप 'हाइप्रोफाइल' व्यक्ति पत्ता लागेनन्। त्यस्तै, एमाले प्रदेश सांसद लीलाबल्लभ अधिकारी मानव तस्करी समूहको योजनामा जापान गएको खुले पनि उनलाई सरकारी वकिल कार्यालयबाट मुद्दा नचल्ने निर्णय गरेर उन्मुक्ति दिइयो। टीकापुर जग्गा हिनामिना प्रकरणमा विस्तृत अनुसन्धान नै नगरी मुद्दा दायर गरियो।

पूर्वएआइजी विज्ञानराज शर्मा पछिल्लो प्रहरीको अनुसन्धानको निष्पक्षतामा प्रश्न उठेको बताउँछन्। रवि लामिछानेको मुद्दामा संगठित र सम्पत्ति शुद्धीकरणको मुद्दामा 'डाइभर्ट' गर्दा आलोचना बढेको उनको विश्लेषण छ। 'मूल विषयभन्दा फरक मुद्दामा डाइभर्ट गरिँदा अनुसन्धान विवादमा पर्‍यो,' उनले भने, 'पूरक जाहेरीको अनुसन्धानमा सत्तापक्षको भूमिका निष्पक्ष देखिएन, यसले सकारात्मक सन्देश गएको छैन।' अन्य ठुला मुद्दाको अनुसन्धानमा ध्यान नदिइएको र केन्द्रीय अनुसन्धान ब्युरोलाई सानातिना काममा लगाएर कमजोर बनाइएको शर्माको टिप्पणी छ। गृह मन्त्रालयका प्रवक्ता रामचन्द्र तिवारी प्रहरी अनुसन्धानमा दबाब परेको आरोप अस्वीकार गर्दै तथ्य र प्रमाणकै आधारमा प्रहरीबाट छानबिन हुँदै आएको दाबी गर्छन्। 'प्रहरी अनुसन्धान तथ्य र प्रमाणकै आधारमा भइरहेको छ, मन्त्रालयको कुनै दबाब छैन,' उनले भने।

■ प्रहरी प्रशासनमाथि हस्तक्षेप

गृहमन्त्री लेखकमाथिको अर्को आरोप प्रहरी प्रशासनमाथिको हस्तक्षेप हो। उनको कार्यकालमा भएका प्रहरीको बढुवा र सरुवा विवादमुक्त हुन सकेका छैनन्। अघिल्लो सरकारको कार्यकालमा 'हाइप्रोफाइल' घटनाको अनुसन्धान गरेका एआइजी श्यामलाल ज्ञवाली र डिआइजी मनोज केसीलाई उनले हटाएका थिए। उनी गृहमन्त्री भएपछि पाँच लटमा एआइजीको बढुवा भइसकेको छ। राज्यलाई भार पर्ने गरी अवकाशको मुखमा रहेका निकटस्थ प्रहरीलाई केही दिनका लागि एआइजीमा बढुवा गरियो। भदौदेखि रिक्त रहेको एसएसपीको बढुवा सोमबार बेलुका बल्ल भयो।

■ विवादमुक्त हुन सकेन गृह प्रशासन

गृह प्रशासन पनि विवादमुक्त हुन सकेको छैन। नयाँ सरकार गठन भएसँगै केही महिनामै सिडिओहरू अवधि नपुग्दै हटाइएको थियो। केही विवादास्पद सिडिओलाई विवादास्पद जिल्लाको नेतृत्व दिइएकोमा प्रश्न उठ्यो। गृह मन्त्रालयमा लामो समयसम्म सहसचिव र उपसचिवलाई जिम्मेवारविहीन बनाउने विकृति अहिले पनि कायम छ। तराई र पहाडका सिडिओ कार्यालयहरूमा दरबन्दीअनुसार कर्मचारी नहुँदा अध्यागमन कार्यालयमा भने दरबन्दीभन्दा धेरै कर्मचारी खटाइएको छ। अध्यागमनको सरुवामा व्यापक चलखेलको चर्चा गृह मन्त्रालयमै छ। कानुन निर्माणमा भने तुलनात्मक रूपमा गृहमन्त्रीले सक्रियता देखाएका छन्। प्रहरी र नागरिकता ऐनलाई संसद्मा लैजाने तहमा पुर्‍याएका छन्।

गृहमन्त्री लेखक चुकेको अर्को विषय भनेको विपत् व्यवस्थापनमा हो। गत असोजमा बाढीपहिरोमा गृह प्रशासनको कमान्ड कमजोर र अपरिपक्व देखिएको थियो। विपत्पछिको राहतको काम पनि अझै सुरु हुन सकेको छैन। यो अवधिमा गृह प्रशासनमाथि लागेको अर्को गम्भीर आरोप भनेको तराईमा नाका फितलो भएको हो। पूर्वएआइजी विज्ञानराज शर्मा पनि तराईमा संगठित तस्करी चलेको विषय आफूले सुनेको बताउँछन्। 'तराईका नाकामा कसले धेरै कमाउने भन्नेमा नेपाल प्रहरी र सशस्त्र प्रहरीका अधिकारीबिच प्रतिस्पर्धा छ रे,' उनले भने, 'सीमामा तस्करी रोक्न खासै सक्रियता देखिएको छैन।'

यतिवेला गृह मन्त्रालयले विभूषण वितरणको तयारी गरिरहेको छ। त्यसमा कार्यविधिको कत्तिको पालना हुन्छ, त्यसमा पनि उनको मूल्यांकन हुनेछ। उनको कार्यकालमा भएको एउटा राम्रो काम भनेको प्रहरीमा स्टाफ कलेज सुरु हो। यद्यपि, गत असारमै प्रहरीले यसको अन्तिम तयारी गरिसकेको थियो। गृह मन्त्रालयका प्रवक्ता तिवारी नीतिगत सुधारमा गृहमन्त्री लेखक केन्द्रित रहेको बताउँछन्। 'यो अवधिमा नीतिगत सुधारका धेरै काम भएका छन्, प्रहरी ऐन र नागरिकतासम्बन्धी ऐन संसद्मा लैजाने निर्णय भइसकेको छ,' उनले भने।'

विपिन जोशी रिहाइमा परराष्ट्रको सक्रियता

इजरायली विदेशमन्त्री र कतारी राज्यमन्त्रीसँग परराष्ट्रमन्त्री राणाको फोनवार्ता, सकारात्मक आश्वासन

नयाँ पत्रिका



परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमास अतिवादी समूहको नियन्त्रणमा रहेका नेपाली युवा विपिन जोशीको रिहाइका लागि मंगलबार इजरायलका विदेशमन्त्री गिडियन सार र कतारका विदेश राज्यमन्त्री डा. मोहम्मद बिन अब्दुलाजिज अलखुलाइफीसँग बेग्लाबेग्लै फोनवार्ता गरेकी छिन्। हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये केहीलाई मुक्त गर्न लागेको समाचार आएपछि परराष्ट्रमन्त्री राणाले विपिनको रिहाइका लागि पहल गरिदिन कूटनीतिक सक्रियता बढाएकी हुन्।

विदेशमन्त्री सारमार्फत इजरायल सरकारसँग गरेको नेपालको आग्रहलाई इजरायलले सकारात्मक जवाफ दिएको छ। 'फोनवार्तामा परराष्ट्रमन्त्री राणाले इजरायल सरकारले सबै बन्दीका पक्षमा निर्वाह गरिरहेको भूमिकाका लागि धन्यवाद दिँदै नेपाली युवा विपिनलाई हमासको नियन्त्रणबाट मुक्त गराउन पहल गर्नका लागि विशेष आग्रह गर्नुभएको छ,' परराष्ट्रमन्त्री राणाका प्रेस सल्लाहकार एकराज पाठकले भने। विदेशमन्त्री सारले विपिनको सकुशल रिहाइका लागि इजरायल सरकारले अधिकतम प्रयास गरिरहेको जानकारी दिएका थिए। उनले परराष्ट्रमन्त्री राणाले कतारका विदेश राज्यमन्त्रीसँग कुराकानी गरेकोमा खुसी व्यक्त गरेको पाठकले जानकारी दिए। कतारका विदेश राज्यमन्त्री हमाससँगको शान्तिवार्ताका प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता भएकाले उनको भूमिका महत्त्वपूर्ण रहेको इजरायली विदेशमन्त्रीको भनाइ थियो।

परराष्ट्रमन्त्री राणाले कतारका विदेश राज्यमन्त्री खुलाइफीसँग फोनवार्तामार्फत विपिनको रिहाइका लागि पहल गर्न गरेको आग्रहमा सकारात्मक जवाफ पाएकी थिइन्। खुलाइफी कतार सरकारका तर्फबाट इजरायल-हमाससँगको शान्तिवार्ताका लागि प्रमुख वार्ताकार एवं मध्यस्थकर्ता हुन्। राणाले राज्यमन्त्री खुलाइफीसँग हमासको नियन्त्रणमा रहेकामध्ये केही बन्दीलाई अपहरणमुक्त गर्न लागेको सन्दर्भमा नेपाली विद्यार्थी विपिन जोशीको रिहाइ पहिलो चरणमै गर्न विशेष पहलका लागि आग्रह गरेकी छिन्।

'हमासले आफ्नो नियन्त्रणमा रहेकामध्ये केहीलाई अपहरणमुक्त गर्न लागेको भन्ने समाचार आएपछि हमाससँग सम्पर्कमा रहेका र युद्धविरामका लागि मध्यस्थता गरिरहेका देशहरूलाई विपिनको रिहाइका लागि थप पहल गरिदिन अपिल गर्ने काम गरिरहेकी छु,' परराष्ट्रमन्त्री राणाले फेसबुकमा लेखेकी छिन्, 'यसैअन्तर्गत कतारका मन्त्री खुलाइफीसँगको फोनवार्तामा पनि विपिनको रिहाइका लागि विशेष पहल गरिदिन थप आग्रह गरेँ। उहाँले हमास समूहलाई युद्धविराममा ल्याई बन्दीहरूलाई मुक्त गराउन कतार सरकारले पहल गरिरहेको जानकारी गराउँदै यस विषयमा छिट्टै नै सकारात्मक खबर आउने बताउनुभयो। यसबाट थप आशावादी भएका छौँ।'

कतार नेपालको सदैव हितैषी मित्रराष्ट्र रहेको प्रसंग उल्लेख गर्दै राणाले कतारले हमाससँगको सम्पर्कमा रहेर शान्तिवार्ताका लागि युद्धविराम गराउन गरेको प्रयासको प्रशंसा गरिन्। राज्यमन्त्रीले हमास समूहको अपहरणमा रहेकाहरूको मुक्तिका लागि कतार सरकारले पहल गरिरहेको र विपिनको रिहाइलाई प्राथमिकतामा राखेको जवाफ दिएका छन्। 'खुलाइफीले नेपाली युवा विपिनको रिहाइलाई अपिल गर्ने कुरा पनि आफूहरूले प्राथमिकतामा राखेको भन्नुभएको छ। पहिलो चरणमा उनीहरूले केही बन्दी रिहा गर्ने सूचना दिएका छन्। सकेसम्म पहिलो चरणमै र त्यो सम्भव नभएमा बाँकीको रिहाइका क्रममा विपिन अपहरणमुक्त हुनेमा आफू विश्वस्त रहेको उहाँले जानकारी दिनुभएको छ,' परराष्ट्रमन्त्री राणाका प्रेस सल्लाहकार पाठकले भने।

परराष्ट्रमन्त्री राणाले इजिप्ट सरकारलाई पनि विपिनको रिहाइमा सहयोग गरिदिन आग्रह गरिसकेकी छिन्। इजरायल र हमासबिच युद्धविरामका लागि इजिप्ट सरकार पनि हमासको सम्पर्कमा रहेर प्रयास गरिरहेको छ। गत साता परराष्ट्रमन्त्री राणाले नेपालका लागि इजिप्ट र कतारका राजदूतमार्फत दुवै देशसँग विपिनको रिहाइका लागि प्रयास गरिदिन अनुरोध गरेकी थिइन्।

संक्षेप

संविधानको ७६(३) मा नजान राष्ट्रपतिलाई दबाब थियो : प्रचण्ड



सिन्धुपाल्चोक/ माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा ७६(३) को सरकार बनाउन अन्तिम समयसम्म प्रतीक्षा गरेर बसेको बताएका छन्। पछिल्लो भेटमा संविधानअनुसार धारा ७६(३) को सरकार बनाउने चाहना ठुला दलको दबाबले तुहिएको राष्ट्रपतिले आफूलाई सुनाएको उनले दाबी गरे। 'लोकतन्त्रको अभ्यासमा विश्वभर कहीँ पनि पहिलो र दोस्रो ठुला दल मिलेर सरकार बनाएको इतिहास छैन। मेरो नेतृत्वको सरकारले गरेको भ्रष्टाचारविरोधी अभियान रोक्न कांग्रेस र एमाले मिलेर सरकार बनाए,' मंगलबार सुकुटेमा प्रेस सेन्टरले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले भने, 'भ्रष्टाचारीलाई जोगाउन रातारात अप्राकृतिक गठबन्धन गरेर धारा ३ मा नजान राष्ट्रपतिलाई चौतर्फी दबाब दिइयो।' वर्तमान सरकार असंवैधानिक भएको र भ्रष्टाचारीको संरक्षणमा लागेकाले चाँडै ढल्ने उनले दाबी गरे। 'हामी सरकार परिवर्तन गर्ने खेलमा छैनौं।'

नेपालमा लगानी बढाउन बेलायतलाई कोइरालाको आग्रह



काठमाडौं/ कांग्रेस नेता डा. शेखर कोइरालाले नेपालमा लगानी बढाउन बेलायत सरकारलाई आग्रह गरेका छन्। बेलायतको संसद् भवन (वेस्ट मिन्स्टर) मा सोमबार राति आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले दुई देशबिचको ऐतिहासिक सम्बन्धको सामाजिक, सांस्कृतिक तथा आर्थिक र रणनीतिक महत्त्व र सम्बन्धलाई थप प्रगाढ बनाउन आवश्यक रहेको औँल्याए। 'नेपालको जलविद्युत्, पर्यटन, कृषि तथा वनजन्य उद्यमको अपार सम्भावना अनि हाम्रा इमानदार र परिश्रमी कामदारका कारण नेपाल वैदेशिक लगानीको लागि अत्यन्त सम्भावना भएको क्षेत्रमा पर्दछ। नेपाल सरकारले वैदेशिक लगानीमैत्री वातावरण बनाएको छ। नेपालमा बेलायती लगानी राम्रो भए पनि अझ यसमा धेरै वृद्धि गर्न सकिन्छ,' कोइरालाले भने, 'नेपाल विश्वका द्रुतगतिमा आर्थिक विकास गरिरहेका र ठुला बजार भएका दुई देशका बिचमा अवस्थित छ। ती दुवै देशले हामीलाई व्यापारमा धेरै सुविधा दिन्छन्।'

एमालेको वडाकेन्द्रित पार्टी निर्माण अभियानमा विलम्ब

काठमाडौं/ १ माघबाट सुरु हुने भनिएको एमालेको वडाकेन्द्रित पार्टी निर्माण अभियान सञ्चालनमा ढिलाइ भएको छ। मंगलबारबाटै देशैभरि अभियान सुरु हुने भनिए पनि गत २३ पुसमा सम्पन्न केन्द्रीय कमिटी बैठकका निर्णयहरू आन्तरिक सर्कुलरका रूपमा जारी नभएपछि अभियान सञ्चालनमा ढिलाइ भएको हो। १ माघमा सुरु गरेर पार्टी स्थापना दिवस आगामी ९ वैशाखमा अभियान समापन गर्ने बैठकले निर्णय गरेको थियो। बैठकको निर्णय तल्लो पंक्तिसम्म महासचिवले सर्कुलरका रूपमा जारी गरेपछि मात्र कार्यान्वयन हुने एमालेमा अभ्यास छ। तर, महासचिव शंकर पोखरेल केही दिनयता काठमाडौंबाहिरको कार्यक्रममै व्यस्त रहेकाले दाङबाट फर्किएपछि मात्र सर्कुलर जारी गर्ने एमालेको तयारी छ। केन्द्रीय कार्यालय सचिव डा. भीष्म अधिकारीले निर्णय सर्कुलरको रूपमा जारी गर्ने विषय प्राविधिक मात्रै भएकाले अभियान प्रभावित नहुने बताए। 'सर्कुलर जारी गर्न एक-दुई दिन ढिलाइले अभियान प्रभावित हुँदैन,' उनले भने। एमालेले पार्टीमा कम्तीमा एक लाख क्षमतावान नयाँ युवालाई भर्ती गरेर पार्टीमा आबद्ध गराउने लक्ष्यसहित वडाकेन्द्रित पार्टी निर्माण अभियान सञ्चालन गर्ने गरी तयारी गरिरहेको छ। केन्द्रीय कमिटी बैठकले केन्द्रीय संगठन विभागको संगठन विस्तारसम्बन्धी कार्ययोजना पारित गर्दै ६७ सय ४३ वटा वडामा कम्तीमा एक लाख क्षमतावान नयाँ युवालाई भर्ती गरेर पार्टी कमिटीमा ल्याउने लक्ष्य राखेको हो।

प्रतिबन्धित लागुऔषध बिक्री गर्ने ठाकुर पक्राउ

लहान/ घरमै प्रतिबन्धित लागुऔषध बिक्री गरिरहेको गोप्य सूचनाका आधारमा प्रहरीले सिराहाको लहान नगरपालिका-१, पानीट्यांकीबाट लागुऔषधसहित एकजनालाई पक्राउ गरेको छ। लहानस्थित इलाका प्रहरी कार्यालय र प्रहरी चौकीबाट खटिएको संयुक्त टोलीले स्थानीय ४५ वर्षीय दयाराम ठाकुरलाई प्रतिबन्धित लागुऔषधसहित पक्राउ गरी थप अनुसन्धानका लागि सोमबारदेखि लागू हुने गरी सिराहा जिल्ला अदालतबाट पाँच दिनको म्याद लिइएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानका अनुसार घरमै भेटिएका ठाकुरले बोकेको कालो रङको प्लास्टिकको झोलामा लागुऔषध र कोठामा प्रयोग गरिएको सुई, प्रयोग भइसकेको एक सय एमएलको विक्सडिन तीन बोतल भेटिएको छ। त्यसबाहेक उनले बोकेको झोलामा ३०/३० एम्पुल डाइजिपाम, प्रोमेथाइजन हाइड्रोक्लोराइड, बुप्रेनर्फिन इन्जेक्सन र एक सय एमएलको १४ बोतल कफ लिंकट्स बरामद भएको छ।

महानगरले सुरु गर्‍यो प्रवर्द्धनात्मक स्वास्थ्य सेवा

काठमाडौं/ काठमाडौं महानगरपालिकाले प्रवर्द्धनात्मक स्वास्थ्य सेवा सुरु गरेको छ। मंगलबारदेखि औपचारिक रूपमा राष्ट्रिय सभागृह परिसरबाट सेवा सुरु भएको हो। १०औं राष्ट्रिय योग दिवसको अवसरमा महानगरअन्तर्गत स्वास्थ्य विभागले आयोजना गरेको कार्यक्रममा ४ माघसम्म बिहान ७ बजेदेखि योग विज्ञहरूबाट नियमित योग ध्यान, प्रवचन, योग आसन प्रदर्शन, योग संगीतसहित शारीरिक र मानसिक स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम हुनेछन्। नसर्ने रोगसम्बन्धी कार्यशाला, विज्ञहरूसँग छलफल, अन्तरक्रिया, नसर्ने रोगको स्क्रिनिङ, स्वास्थ्य तन्दुरुस्ती र पोषण परामर्श प्रवर्द्धनात्मक स्वास्थ्य सेवामा समेटिएका छन्। 'पछिल्लो समय योगलाई हात र खुट्टा तन्काउने कलाका रूपमा बुझ्न थालिएको छ। योग तन र मन जोड्ने सशक्त माध्यम हो। स्वस्थ्य रहन शारीरिक, मानसिक, सामाजिक तथा आध्यात्मिक रूपमा सन्तुलित हुनुपर्छ। यो फल योग र ध्यानबाट प्राप्त गर्न सकिन्छ,' कार्यक्रम शुभारम्भ गर्दै स्वास्थ्य तथा शिक्षा समितिका संयोजक चिनीकाजी महर्जनले भने।

■ सावित्रामाथि थुप्रिएको पीडाको पहाड

कोरानाले श्रीमान् लग्यो, भूकम्पले घर

बाजुरामा **गगन अयडी**

पाँच वर्षअघिको कोरोना महामारीबाट श्रीमान् गुमाएकी सावित्रा कामीको ६ पुसमा गएको भूकम्पले घर पनि राखेन। बाजुराको जगन्नाथ गाउँपालिका-१, डिमर दलित टोलकी ३० वर्षीया सावित्रा कामीले केही वर्षअघिको कोरोना महामारीमा श्रीमान् काशी कामी गुमाएकी थिइन्। श्रीमान् गुमाएको केही वर्षमै उनी पाठेघरमा देखिएको समस्याबाट घरमै थला परिरहेकी छिन्।

श्रीमान् गुमाएको पीडा भोगिरहेकी थिइन्। श्रीमान्विना दुई छोराको पालनपोषण कसरी गर्ने चिन्ता छँदै थियो। त्यसमाथि ६ पुसमा जगन्नाथ गाउँपालिका-५ केन्द्रविन्दु भएर गएको भूकम्पले घर चिराचिरा पारेपछि त उनी त्यसयता कुनै पनि रात निदाउनै सकेकी छैनन्। सावित्राका १० र ७ वर्षीय छोरा छन्। 'न जग्गा जमिन छ, न त अन्य आयस्रोत। त्यसमाथि अपांगता छु। थप पीडा भूकम्पले दिएको छ। घरमा बस्नै नमिल्ने भएपछि अलपत्र परेकी छु,' उनले भनिन्। स्थानीय सरकारदेखि अन्य कुनै पनि सरोकारवालाहरूले वास्ता नगरेको सावित्राको गुनासो छ।

जगन्नाथ गाउँपालिका-१ का वडाध्यक्ष गणेशराज गिरीले स्थानीय सरकारबाट केही सहयोग भए पनि त्यसले मात्रै उनका दुई लालाबाला र उनलाई नपुगेको बताए। मनकारी संघसंस्थाबाट सहयोग भए राम्रो हुने उनको भनाइ छ। सावित्राका दुई छोरा गाउँनजिकैको सरस्वती माविमा पढ्छन्। जेठा सुनील ६ कक्षामा र कान्छो श्वास कामी ३ कक्षामा अध्ययन गर्छन्। ६ पुसको भूकम्पले बाजुराको जगन्नाथ गाउँपालिकामा सयौँ घरमा क्षति पुगेको थियो।



जुनीचाँदेका स्वास्थ्य संस्थामा औषधि अभाव

जाजरकोट/ जाजरकोटको जुनीचाँदे गाउँपालिकाका ११ वटै स्वास्थ्य संस्थामा औषधि अभाव देखिएको छ। यहाँ एउटा प्राथमिक स्वास्थ्य केन्द्र, तीन स्वास्थ्य चौकी र आठ आधारभूत स्वास्थ्य केन्द्र छन्। गत वर्ष माघदेखि सरकारी तबरबाट जाने निःशुल्क औषधि उपलब्ध नहुँदा गाउँपालिकाभित्र ६ महिनादेखि औषधिको अभाव देखिएको प्राथमिक स्वास्थ्य केन्द्र गर्खाकोका इन्चार्ज बलबहादुर शाहीले बताए। निःशुल्क औषधिमा सिटामोल, जीवनजल, अल्बेन्डाजोल र छालासम्बन्धी औषधिलगायत कुनै औषधि नहुँदा स्वास्थ्य संस्था कुरेर मात्र स्वास्थ्यकर्मी बस्नुपर्ने बाध्यता रहेको शाहीले बताए। अस्पतालमा आवश्यक पर्ने औषधि नहुँदा यहाँका स्वास्थ्यकर्मीहरू कुरुवाको रूपमा बस्नुपर्ने बाध्यतामा छन्। गत माघमा २० लाख बजेटको औषधि खरिदका लागि गाउँपालिकाले कोटेसन आह्वान गरेको थियो, जसअन्तर्गत आठ लाख रुपैयाँमा औषधि आएको थियो। बाँकी १२ लाख रकमान्तर गरी अन्य ठाउँमा खर्च गरियो। अहिले पालिकामा कर्मचारी र जनप्रतिनिधिको विवादका कारण स्वास्थ्य संस्थामा सिटामोलसमेत आएको छैन। लामो दूरीबाट पैदल बोकेर ल्याएका बिरामीलाई औषधि नभएको भन्दै रिफर गर्नुपर्ने बाध्यता रहेको इन्चार्ज शाहीले बताए। गाउँपालिकामा आफूहरूले प्रत्येक महिनामा औषधिका लागि आवश्यक माग गर्दासमेत बेवास्ता गरेको उनको आरोप छ। पालिकामा पर्याप्त बजेट हुँदासमेत समयमै औषधि खरिद नगरी जनताको स्वास्थ्यमाथि गाउँपालिकाले बर्सेनि खेलबाड गर्दै आएको उनको आरोप छ। प्रदेश सरकार र स्थानीय सरकारले समयमा औषधि खरिद नगरेकाले यहाँका स्वास्थ्य संस्थामा निःशुल्क वितरण गर्ने औषधि अभाव भएको आधारभूत स्वास्थ्य केन्द्र कोताङका इन्चार्ज विनोद शाहीले बताए। गाउँपालिकामा रहेको स्वास्थ्य चौकीमा निःशुल्क वितरण गर्नुपर्ने ३५ प्रकारका औषधिमध्ये कुनै पनि औषधि पर्याप्त नरहेको उनको भनाइ छ।

सखियाले गुन्जिए थारू बस्ती

धनगढीमा **तेजराज भट्ट**

परम्परागत पोसाकमा सजिएका महिलाहरू एक घरको आँगनमा गोलो घेरामा उभिएर बाजा बजाउँदै गीत गाइरहेका थिए। बिचमा एक महिला र एक पुरुष नृत्यको तालमा मादल र डफु ठोक्दै थिए। समूहमा रहेका महिलाहरू आफ्नै भाषामा 'सखिया हो...' गीत गाइरहँदा दुईजना किशोरी परम्परागत नृत्य प्रस्तुत गरिरहेका थिए।



माघी पर्वमा सखिया नाच नाचेर रमाइलो गर्दै धनगढी उपमहानगरपालिका-५ का थारू समुदाय।

कैलालीको धनगढी उपमहानगरपालिका-५, जाइगाउँको थारू बस्तीमा मंगलबार दिउँसो देखिएको रौनकपूर्ण दृश्य हो यो। थारू समुदायले आफ्नो सबैभन्दा ठुलो पर्व माघी यसैगरी उल्लासपूर्वक मनाइरहेका छन्। माघी पर्वमा मादल र डफुको तालसँगै सखियालगायत परम्परागत गीत-संगीतले यहाँका थारू बस्तीहरू गुन्जिएका छन्। पुरुष र महिलाहरू समूहमा नाचगान गर्दै माघी हर्सोल्लासपूर्वक मनाइरहेका छन्।

मिठोमसिनो खाने, आफूभन्दा ठुलाबडा र मान्यजनबाट आशीर्वाद लिने तथा नाचगान गर्दै रमाइलो गरेर माघी पर्व मनाउने गरिन्छ। पुस मसान्तमा सुरु हुने माघी २ माघसम्म मनाउने गरिन्छ। थारू समुदायले १ माघलाई नयाँ वर्षको रूपमा पनि मनाउने गर्छन्। यस दिन आफूभन्दा ठुलाबाट आशीर्वाद लिने र सानालाई स्नेह प्रकट गरिन्छ। 'थारू बस्तीहरूमा अहिले माघी पर्वको उल्लास छ। माघी हाम्रो समुदायको सबैभन्दा ठुलो पर्व हो,' थारू संस्कृतिका जानकार प्रभातकुमार चौधरीले भने, 'मिठोमसिनो खाने तथा नाचगान गरेर रमाइलो गरी माघी मनाइन्छ।' उनका अनुसार माघीमा परम्परागत गीत-संगीतसँगै मादल र डफुको तालमा झुम्रा, सखिया, मघौटालगायत परम्परागत नृत्य गरेर रमाइलो गरिन्छ।

पुस महिनाको अन्तिम दिन माघी पर्व सुरु हुने भए पनि माघीको उल्लास भने माघी सुरु हुनुअघिबाटै हुन्छ। थारू समुदायले पुस मसान्तमा मासुका लागि बंगुर काट्ने, राति परम्परागत खानाका परिकार बनाएर खाने तथा रातभर जाग्राम बसेर परम्परागत संस्कृतिअनुसार नाचगान गरेर रमाइलो गर्ने चलन रहेको चौधरीले बताए। उनका अनुसार आफूले पुज्ने भगवानका नाममा धुनी जगाएर (धमार) भजन कीर्तन गर्ने चलनसमेत छ।

'हरेक घरमा बंगुरको मासु, माछाका सिध्रा तथा ढिक्री, भात, बरिया, खरियाजस्ता परम्परागत खानाका परिकार पाक्छन्,' चौधरीले भने, 'खाना खाएपछि मानिसहरू गाउँका भल्मन्सा र मान्यजनको घरमा जम्मा भएर नाचगान गर्दै रातभर रमाइलो गर्ने गरिन्छ।' यसरी रमाइलो गर्दा मादल, डफु, झार बजाएर पुरुषहरू पम्परागत धमार गीत गाउने तथा मादल, डफुको तालमा झुम्रा, सखिया, मघौटालगायत परम्परागत नृत्य गर्दै महिला-पुरुष रमाइलो गर्छन्। १ माघमा नयाँ वर्षको स्वागत गर्ने गरिन्छ। माघेसंक्रान्तिका दिन बिहानै उठेर नजिकैको नदी, तलाउ वा जलाशयमा गई नुहाउने चलन छ। माघीमा जल किनेर मात्र नुहाउनुपर्छ भन्ने मान्यता रहेकाले नुहाउनुभन्दा अगाडि पानीमा पैसा, फूल, दियो, प्रसादका रूपमा मिठाई चढाउने गरिन्छ।

नुहाएर घर फर्केपछि त्यसअघि छुट्याएर राखिएको चामल, दाललगायत खाद्यान्नलाई छुने र त्यसलाई चेलीबेटीका लागि छुट्याउने चलन रहेको थारू समुदायका अर्का अगुवा प्रभातकुमार चौधरीले बताए। 'त्यसपछि आमाबुवा, परिवार तथा गाउँछिमेकमा आफूभन्दा ठुला मान्यजनलाई ढोगेर आशीर्वाद लिने र आफूभन्दा सानालाई आशीर्वाद दिने गरिन्छ,' उनले भने। आफूभन्दा ठुलालाई ढोगेर आशीर्वाद लिने तथा सानालाई प्रेम, स्नेह प्रकट गर्ने भएकाले माघी पर्वले आपसी भ्रातृत्व र प्रेम बढाउने काम गरेको उनले बताए। माघमा थारू समुदायले गाउँको भल्मन्साको चयन गर्छन्। भल्मन्साले गाउँमा हरेक कार्यमा नेतृत्व प्रदान गर्छन्।

समुदायमा आधारित विपत् व्यवस्थापनको खाँचो

समुदायमा आधारित विपत् व्यवस्थापनको अवधारणा आत्मसात् गर्न सकेमा विपत् जोखिम न्यूनीकरणमा सफलता प्राप्त गर्न सकिन्छ



● रामबहादुर केसी

अग्रलेख

भौगोलिक विषमता, भौगर्भिक बनोट, जलवायु परिवर्तन, अव्यवस्थित आवास एवं सामाजिक तथा सांस्कृतिक मूल्य मान्यताजस्ता विभिन्न कारणले नेपाल भूकम्प, अतिवृष्टि, बाढी, पहिरो, हावाहुरी, चट्याङ, आगलागी, खडेरी, महामारी, शीतलहर, हिमताल विष्फोटनजस्ता प्राकृतिक तथा मानव सिर्जित प्रकोपका दृष्टिले ज्यादै संवेदनशील मुलुकका रूपमा चिनिन्छ। संकट प्राकृतिक वा मानवीय क्रियाकलापद्वारा सिर्जित घटना हो र जब यस्ता घटनाले मानिसको ज्यान जाने वा धनजनको नाश गर्छ, त्यसैलाई विपत् भनिन्छ।

प्राकृतिक प्रकोपबाट असर परेको वा पर्न सक्ने क्षेत्रमा प्रकोपको नियन्त्रण र रोकथाम तथा तत्सम्बन्धी पूर्वतयारी, प्राकृतिक प्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा प्रभावित क्षेत्रको पुनर्निर्माणलगायत प्राकृतिक प्रकोपबाट सर्वसाधारणको जीउधन तथा सार्वजनिक सम्पत्तिको सुरक्षाका लागि गरिने जुनसुकै कार्य विपत् व्यवस्थापनभित्र पर्छन्। राष्ट्रका अमूल्य प्राकृतिक स्रोतको वैज्ञानिक र उचित उपयोग तथा त्यस्ता प्राकृतिक स्रोत तथा सम्पदाको संरक्षणका लागि प्रकोपका जोखिमलाई स्वीकार्य र सम्भाव्य तहमा घटाउन तथा प्राकृतिक वा गैरप्राकृतिक प्रकोपबाट पर्ने प्रतिकूल प्रभावको अल्पीकरण, पूर्वतयारी तथा प्रभावकारी प्रतिकार्य गर्न समुदायले समुदायका लागि समुदायद्वारा नै कार्यान्वयन गर्ने गरी तयार पार्ने योजना तथा रणनीति एवं सोको कार्यान्वयन नै समुदायमा आधारित विपत् व्यवस्थापन हो। समुदायमा आधारित विपत् व्यवस्थापनका हरेक चरण र प्रक्रियामा स्थानीय सरोकारवाला समुदायको स्वतन्त्र, सक्रिय र अर्थपूर्ण सहभागिता, विकासमा विपत् व्यवस्थापनलाई आन्तरीकरण तथा एकीकरण, सामुदायिक क्षमता सुदृढीकरण, सहभागितामूलक सञ्चार, सहभागितामूलक सिकाइ, जोखिम मूल्यांकन तालिमजस्ता ढाँचाको प्रयोग गरिन्छ। यसमा समुदायको छनोट, समुदायसँग अन्तर्घुलन, समुदायमा आधारित जोखिम आकलन तथा विश्लेषण, समुदायमा आधारित विपत् व्यवस्थापन योजना निर्माण, समुदायको क्षमता निर्माण, समुदायले नै योजना कार्यान्वयन र समुदायमा आधारित अनुगमन तथा मूल्यांकन गरी सात चरण अवलम्बन गरिन्छन्।

समुदायमा आधारित विपत् व्यवस्थापनले समुदायलाई जोखिमबारे सचेत गराउँछ, प्रकोपको प्रभावबारे बुझाउँछ, चेतावनी सन्देशको पालना नगर्दा भौतिक क्षति हुन्छ भन्ने बोध गराउँछ र मानवीय व्यवहारमै सकारात्मक परिवर्तन गरी विपत्को खतरालाई वाञ्छित सीमासम्म घटाउन मद्दत गर्छ। स्थिर, विश्वसनीय एवं प्रभावकारी बहुप्रकोप पूर्वसूचना प्रणाली निर्माण समुदायमा आधारित विपत् व्यवस्थापनबाट मात्र सम्भव छ।

विपत् व्यवस्थापन सरकारको मात्र काम नभई बहुपक्षीय कार्य हो। समुदाय प्राथमिक सरोकारवाला तथा विपत्को प्रभाव प्रत्यक्ष रूपमा सामना गर्ने कर्ता हो। संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव कोफी अन्नानले 'राम्रोसँग संगठित समुदायले बाह्य सहायताको गुणस्तर सुधार्न तथा कमजोरी हटाउन सहयोग गर्न सक्छ। धेरै प्रभावकारी रोकथामका रणनीतिले अर्बौं डलर बचत मात्र गर्दैनन्, हजारौं जीवन बचाउन सक्छन्। जब रोकथामका लागि आज मूल्य तिरिन्छ, त्यसको लाभ टाढा भविष्यमा रहेको हुन्छ। ती लाभ अदृश्य हुन्छन्, ती लाभ भनेका त्यस्ता विपत् हुन् जो कहिल्यै घट्दैनन्' भनेका छन्, जुन मननयोग्य छ। नेपालको राजनीतिक प्रणाली र शासकीय स्वरूप संघीय ढाँचामा रूपान्तरित भइसकेको छ। संविधानले विपत् व्यवस्थापनसम्बन्धी कार्य तीनै तहको साझा अधिकार र स्थानीय तहको एकल अधिकारका रूपमा व्यवस्था गरी विपत् व्यवस्थापनमा स्थानीय तहलाई अग्रमोर्चामा राख्न खोजेको छ। विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्देखि वडास्तरीय विपत् व्यवस्थापन समितिको व्यवस्था छ।

नीतिगत तथा संस्थागत व्यवस्थाले समुदायमा आधारित विपत् व्यवस्थापनलाई जोड दिन खोजेको भए पनि व्यवहारमा यसको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन। यसको ज्वलन्त उदाहरण गोरखा भूकम्प-२०७२, बझाङ, डोटी र जाजरकोट भूकम्प तथा मनसुनजन्य विपत्पछि उद्धार, राहत एवं पुनर्निर्माणमा देखिएको अस्तव्यस्त अवस्था हो। केन्द्रमा बसेर समुदायका लागि योजना निर्माण गर्ने परिपाटी गलत छ। विपत् व्यवस्थापनको दायित्व सरकारको मात्र हो भन्ने सोच अझै हाबी छ। विपत् दैवको खेल भएकाले यसमा मानवीय भूमिका गौण हुन्छ भन्ने दृष्टिकोणले अझै पनि स्थान पाइरहेको छ। विगतका गल्ती तथा कमजोरीबाट नीति-निर्माताले पाठ सिकेनन् या सिक्न चाहेनन्। राज्यको ध्यान विपत्पूर्वका क्रियाकलापभन्दा उद्धार तथा राहत वितरणमा केन्द्रीकृत भयो। विपत् व्यवस्थापन राज्यका प्रमुख काममध्ये एक हो भनेर नीति तथा सिद्धान्तमा त भनियो, तर कहिल्यै त्यसलाई व्यवहारमा लागू गराउन प्रयास गरिएन वा सीमित प्रयास मात्र भए। नीति, कानुन बन्ने तर कार्यान्वयन नहुने, कार्यान्वयन भए पनि नतिजा नदिने अवस्था अहिले पनि विद्यमान छ।

पहिचान गरिएका प्रकोपको प्रभाव भौगोलिक अवस्था र समुदायको प्रतिरोध क्षमताअनुसार फरक-फरक हुने गरेका छन्। विपत् जोखिम न्यूनीकरण गर्न, राहत तथा उद्धारलाई व्यवस्थित गर्न, विकासलाई वातावरणअनुकूल दिगो रूपमा सञ्चालन गर्न, जलवायु परिवर्तनका कारण बढेको विपत् जोखिम न्यूनीकरण गर्ने सरकारी, गैरसरकारी तथा अन्य विभिन्न तहमा प्रयास गर्ने, नीतिगत तथा संस्थागत व्यवस्था गर्ने कार्यले निरन्तरता पाएको भए पनि विपत्को समयमा जिम्मेवार निकायको विपत् तयारी योजनाको अवस्था, राज्यका सबै तहमा विद्यमान क्षमता तथा स्रोतसाधनका सन्दर्भमा थुप्रै प्रश्न उठ्ने गरेका छन्।



जबसम्म विपत्सम्बद्ध संस्था, कानुन, संरचना, सोच र व्यवहारमा परिवर्तन हुँदैन, सामुदायिक क्षमता विकास, सहभागिता, सचेतना अभिवृद्धि, प्रभावकारी सञ्चारजस्ता पक्ष ओझेलमा पर्छन्, तबसम्म विपत्ले समुदायका संकटापन्न समूहलाई आक्रमण गरिरहन्छ, विपत् गरिबका लागि दशा बनिरहन्छ। स्थानीय तहमा रहेका प्रभावकारी योजनाले जनता तथा तिनका सम्पत्तिको सुरक्षा तथा संरक्षण गर्न सक्छ। स्थानीय संगठन तथा समुदायको सहयोग र सहभागिताविना जनताले राष्ट्रियस्तरका योजनाबाट लाभ प्राप्त गर्न सक्दैनन् वा थोरै मात्र लाभ प्राप्त गर्छन्। विश्वका विभिन्न देशले गरेका सफल अभ्यास र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाले सञ्चालन गरेका कार्यक्रम एवं अभियानले समुदायमा पारेको सकारात्मक प्रभावसमेतलाई विश्लेषण गर्दा समुदायमा आधारित विपत् व्यवस्थापन योजना नेपालजस्तो देशमा महत्त्वपूर्ण साबित हुन सक्छ।

क्षेत्रीय विकासका लागि संयुक्त राष्ट्रसंघीय केन्द्र (युएनसिआरडी) ले सन् २००२ मा भारत र पाकिस्तानमा चक्रबात, इन्डोनेसिया र नेपालमा भूकम्प तथा बंगलादेश र कम्बोडियामा बाढीजस्ता प्रकोप व्यवस्थापनका लागि ल्याएका समुदायमा आधारित विपत् व्यवस्थापनमा दिगोपना नामक परियोजना, भारतको गुजरातमा आएको भूकम्पपश्चात् सन् २००१ मा ल्याइएको पटांका नवजीवन योजना, युएनसिआरडीले एसिया प्यासिफिक क्षेत्रमा सामाजिक तथा आर्थिक मामिलाका लागि राष्ट्रसंघीय विभाग (युएनडिएसइए)मार्फत सञ्चालनमा ल्याइरहेको समुदायमा आधारित विपत् व्यवस्थापन कार्यक्रम, नेपाल रेडक्रस सोसाइटी, भूकम्प प्रविधिका लागि राष्ट्रिय समाज (एनसेट)ले सञ्चालन गरेका सार्वजनिक सचेतना, समुदायमा आधारित विपत् व्यवस्थापन समूह निर्माण, क्षमता विकासजस्ता कार्यको सफलतालाई हेर्दा नेपालको सन्दर्भमा पनि समुदायमा आधारित विपत् व्यवस्थापन योजना आवश्यक देखिन्छ।

> समुदायमा आधारित विपत् व्यवस्थापनले समुदायलाई जोखिमबारे सचेत गराउँछ, प्रकोपको प्रभावबारे बुझाउँछ, चेतावनी सन्देशको पालना नगर्दा भौतिक क्षति हुन्छ भन्ने बोध गराउँछ र मानवीय व्यवहारमै सकारात्मक परिवर्तन गरी विपत्को खतरालाई वाञ्छित सीमासम्म घटाउन मद्दत गर्छ

गरिब व्यक्ति, परिवार तथा समुदायमा विपत्को सामना गर्न सक्ने क्षमता न्यून हुने भएकाले जीविकोपार्जनको सुनिश्चितता विपत्पछिको अवस्थामा सबैभन्दा महत्त्वपूर्ण हुन्छ। स्थानीय जनताको प्रत्यक्ष सहभागितामा विपत् व्यवस्थापन योजना निर्माण गरी उनीहरूकै सक्रिय सहभागितामा कार्यान्वयन गरी विपत्का सम्भावित खतरा न्यूनीकरण गर्न सामुदायिक क्षमता वृद्धि, उत्प्रेरणा अभिवृद्धि तथा सामुदायिक सबलीकरणजस्ता क्रियामा टेवा पुग्ने गरी सरकारद्वारा नीति-निर्माण गर्नुपर्ने देखिन्छ।

बहुप्रकोप चेतावनी प्रणाली तब मात्र सफल हुन सक्छ, जब यसले उत्पादन गर्ने चेतावनी जोखिममा रहेका व्यक्तिसम्म पुग्छ र बुझ्न सजिलो हुन्छ। प्रारम्भिक चेतावनी प्रणालीका लागि पनि समुदायमा आधारित विपत् व्यवस्थापनको ठूलो भूमिका रहन्छ। समुदाय योजना तथा निर्णय निर्माणका भाग मात्र होइनन्, त्यसको कार्यान्वयनमा पनि मुख्य खेलाडी तिनै हुन्। भौगोलिक कठिनाइ, अव्यस्थित बसोवास, नरम नियम कानुन, नागरिक सचेतनाको कमी तथा विपत् जोखिम घट्नुको साटो बढिरहेको अवस्थामा समुदायको सक्रिय सहभागिताबाट मात्र विपत् व्यवस्थापनमा उल्लेख्य सुधार ल्याउन सकिन्छ।

समुदायस्तरमा गोरखा भूकम्प, २०७२ पछि देखिएको सजगता, सक्रियता, आत्मविश्वास तथा सचेतना सबैभन्दा महत्त्वपूर्ण अवसरका रूपमा रहेको छ। यो भूकम्पपछि समुदायस्तरमा विपत्सम्बन्धी सचेतना र तयारीमा महत्त्वपूर्ण सुधार भएका छन्। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले समुदायस्तरमा विपत्सम्बन्धी तालिम र जनचेतनामूलक कार्यक्रमको संख्या बढाएका छन् भने भूकम्प, बाढी, पहिरोलगायत प्रकोपबाट बच्न सुरक्षित ठाउँको छनोट र सुरक्षा उपाय सिकाउने अभियान सञ्चालन गरिएका छन्। स्थानीय स्रोतको परिचालन र भूकम्पपछिको पुनर्निर्माणमा भूकम्प प्रतिरोधी संरचना निर्माण बढेको छ। अझ राम्रो र बलियो निर्माणको अवधारणा समुदायमा लोकप्रिय भएको छ भने समुदायमा पूर्वसूचना प्रणालीको उपयोग बढाइएको छ। विद्यालय, कार्यालय र समुदायमा नियमित रूपमा भूकम्प, आगलागी र बाढीसम्बन्धी नमुना अभ्यास तथा विपत् संवेदनशील समूहको सशक्तीकरणलाई प्राथमिकता दिइएको छ।

समुदायमा आधारित विपत् व्यवस्थापनका लागि विभिन्न प्रयास भए पनि त्यसले अझै मूर्त रूप ग्रहण गरिसकेको देखिँदैन। विपत् तथा तिनका असर बढिरहेको अवस्थामा समुदाय तथा सामुदायिक संस्थाको विपत् व्यवस्थापनमा सहभागिताले विपत्को प्रभाव न्यूनीकरणमा पूर्वसक्रियता अभिवृद्धि गर्ने भएकाले विपत्को खतरा न्यूनीकरण गरी धनजन तथा वातावरण संरक्षणको सुनिश्चितता खोज्नुपर्छ। विपत् व्यवस्थापनमा तलैदेखि राज्यका नीति, कार्यक्रम तथा योजनामा समुदायको सहभागिता, अपनत्व, नेतृत्व स्थापित गर्ने, संविधानले निर्दिष्ट गरेको स्थानीय तहको विपत् व्यवस्थापनसम्बन्धी अधिकारलाई समुदायमा आधारित विपत् व्यवस्थापन योजना निर्माण गरी कार्यान्वयनमा ल्याउने, त्यस्तो योजना निर्माणमा समुदायको सहभागिता सुनिश्चित गर्ने र विपत्पछि गरिने खर्चको तुलनामा थोरै मात्र रकम पनि विपत् पूर्वतयारीमा उपयोग गरेमा प्रकोपको क्षति उल्लेख्य रूपमा न्यून गर्न सकिन्छ।

तसर्थ, विपत् व्यवस्थापन चक्रको पूर्ण पालना गरी विपत् पूर्व, विपत्को वेला एवं विपत्पश्चात्का तीनवटै चरणका क्रियाकलापको सूक्ष्म विश्लेषण गरी कार्यान्वयनमा ल्याउने, समुदायको व्यवहारमा परिवर्तन ल्याउन अभियानकै रूपमा सचेतना अभिवृद्धि तथा सीप विकास कार्यक्रम सञ्चालन गर्नुपर्छ। विपत्बारेका गलत धारणा तथा भ्रम चिरफार गरी सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विपत् व्यवस्थापनसम्बन्धी कार्यलाई एकीकृत तथा समन्वयात्मक ढंगले सञ्चालन गर्नुपर्छ। सम्बद्ध निकायबिच प्रभावकारी समन्वय, सहकार्य निर्माण गर्ने, विपत् व्यवस्थापनमा सक्रिय र जिम्मेवार निकायलाई पूर्वाधार, जनशक्ति, स्रोतसाधन, क्षमता र प्रविधिले सम्पन्न तुल्याउनुपर्छ। तीनवटै तहमा तालिमप्राप्त, सुसज्जित र अन्तरसञ्जालीकृत विपत् प्रतिकार्य बल निर्माण गरी समुदायमा आधारित विपत् व्यवस्थापनको अवधारणा आत्मसात् गर्न सकेमा विपत् जोखिम उत्थानशील नेपाल निर्माण गर्न सकिन्छ।

(केसी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका उपसचिव हुन्)

---

३ प्रश्न

राष्ट्रिय भूकम्प मापन केन्द्रका वरिष्ठ भूकम्पविद् डा. **लोकविजय अधिकारी**लाई



०७२ को भूकम्पयता हामीले कति सिक्यौं ?

०७२ को भूकम्पपछि हामीले क्षति हुने स्थानबारे पहिचान गऱ्यौं। जोखिमको अवस्था र क्षतिको पूर्वानुमानसँगै तयारीको स्तरबारे अनुमान पनि भयो। तर, त्यसयताका जाजरकोट, बझाङलगायत क्षेत्रमा गएका भूकम्पले हाम्रो तयारी पुगेको रहेनछ भन्ने देखाइदिएका छन्। साना क्षमताका भूकम्पले नै ठुलो क्षति गराए भने ठुलो भूकम्प आएको अवस्थामा हाम्रो अवस्था कस्तो होला ? यसबिच हामीले आवश्यक ऐन, नियममा संशोधन गरेका छौं। भवन निर्माण संहितामा सुधार गरेका छौं। सम्भावित क्षति न्यूनीकरणका लागि धेरै काम भएका छन्। तर, त्यस्ता काम पनि सहर या सीमित गाउँकेन्द्रित मात्र छन्, दूरदराजका गाउँबस्तीसम्म पुग्न सकेका छैनन्।

हाम्रो पूर्वतयारीको अवस्था कस्तो छ ?

केही काम पक्कै भएका छन्। तर, हुनुपर्ने स्केलमा भएका छैनन्। जाजरकोट, बझाङलगायत क्षेत्रका भूकम्पपछि इमर्जेन्सीमा परिचालन गर्न सकिने सबै निकायलाई एकसाथ सशक्त रूपमा परिचालन गर्न सकिएन। भएका राहत सामग्री पनि समयमै पीडितसम्म पुऱ्याउन सकिएन। व्यवस्थापनमा कमजोरी देखियो। सम्भावित जोखिम या क्षतिको आकलन गरी यथेष्ट सामग्रीको संग्रह गर्न सकिएको छैन। लक्षित सम्पूर्ण समुदायसम्म सचेतना कार्यक्रम पुऱ्याउन सकिएको छैन। कुनै घटनाको सेरोफेरो या कुनै दिवसको सन्दर्भमा कर्मकाण्डी रूपमा सचेतना कार्यक्रम चलाउने र बाँकी समय मौन बसेर हुँदैन। भएका निकायलाई स्रोत, साधनले सम्पन्न बनाउनु आवश्यक छ।

विपत्पछिको उद्धार, राहत तथा पुनर्स्थापनाको तयारी कस्तो छ ?

हामीले विपत्पछिको व्यवस्थापनमा केही फड्को मारेका छौं। उद्धार, राहत र पुनर्स्थापनामा राम्रै तयारी भएको छ। तर, क्षति रोक्ने या जोखिम घटाउने पूर्वतयारीमा चाहिँ अझै धेरै गर्न बाँकी छ। विपत्सम्बन्धी अध्ययन, अनुसन्धानको पक्ष कमजोर छ।

प्रेरक प्रसंग

पुरानो इनार र दुई बालक

दुई बालक घरदेखि केही पर खेलिरहेका थिए। खेल्नमा मस्त दुई बालकमध्ये एक नजिकै रहेको गहिरो इनारमा भूलवश खस्न पुगे। इनारमा खसेका बालक बचाऊ बचाऊ भनेर चिच्याउन थाले। बाहिर रहेका बालक पनि निकै डराए। उनी पनि सहयोगको आग्रह गरी चिच्याउन थाले। तर, सुनसान स्थान भएकाले उनीहरूको आवाज कसैले सुनेन। जसले गर्दा उनीहरूले कसैबाट सहयोग पाउने सम्भावना देखिएन। यत्तिकैमा बाहिर रहेका बालकले नजिकै एउटा डोरीसहितको बाल्टिन देखे। उनले तत्काल डोरीको एक छेउनजिकै रहेको ढुंगामा बाँधे र बाल्टिन भएको भाग इनारमा खसाले। इनारमा खसेका बालकले बाल्टिन सलियोसँग समाते। बाहिर रहेका बालक आफ्नो भएभरको तागत लगाएर डोरी तान्न थाले। केही समयमा इनारमा खसेका बालकलाई बाहिर निकालेर बचाउन उनी सफल भए। जब गाउँ पुगे तब उनीहरूले त्यहाँ भएको घटना परिवारका सदस्यहरूलाई बताए। तर, कसैले पनि उनीहरूको कुरामा विश्वास गरेनन्। एक गाउँलेले उनीहरूको कुरा सुनिसकेपछि भने- बाबु, तिमी एक बाल्टिन पानी त तानेर बाहिर निकाल्न सक्दैनौ भने आफूजत्रै साथीलाई तानेर कसरी बाहिर निकाल्न सक्छौ ? तिमीहरू दुवै किन हुनै नसक्ने कुरा गरेर झुटो बोलिरहेका छौ हैं ? के तिमीहरू हामीलाई उल्लु बनाउन खोज्दै छौ हो ?



ती गाउँलेको कुरा सुनिरहेका एक वृद्धले भने- यी बालकले विल्कुलै सही भनिरहेका छन्। किनकि, त्यहाँ यिनका लागि दोस्रो कुनै उपाय नै थिएन। साथै, त्यहाँ उनलाई यो काम तिमीले गर्न सक्दैनौ भनेर उनको क्षमताको सीमा सम्झाइदिने मान्छे पनि कोही थिएन।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

आफ्नै खुट्टामा उभिने लक्ष्य खोइ ?

गणतान्त्रिक नेपालमा जनतालाई प्राथमिकतामा राखी उनीहरूलाई आफ्नै खुट्टामा उभिन सक्ने बनाउनुपर्ने हो। यसका लागि राजनीतिक दल र तिनले नेतृत्व गर्ने सरकारले प्रस्ट नीति र योजना ल्याई जनताको जीवनस्तर उकास्ने काम गर्नुपर्ने हो। जनतालाई पराधीन बनाएर होइन, युवालाई विदेश निर्यात गरेर होइन, विद्यार्थीलाई विदेश पलायन गराएर होइन, उनीहरूलाई यही देशमा उच्च गुणस्तरीय शिक्षा हासिल गरी यही देश र यहाँका जनताको सेवामा खटाउन सक्नुपर्ने हो। यसका लागि राज्यले जनतालाई आत्मनिर्भर गराई आफ्नै खुट्टामा उभिन सक्ने वातारण बनाउन सक्नुपर्छ। तर, हाम्रो राज्यको ध्यान कता छ कुन्नि ?

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं

अभियुक्तलाई कारागार पठाऊ

बलात्कारजस्तो गम्भीर प्रकृतिको मुद्दा लागेका बिर्तामोडका पूर्वमेयर ध्रुवकुमार सिवाकोटीलाई अदालतले पुर्पक्षका लागि कारागार पठाए पनि उनलाई प्रहरीले अझै उपचारको बहानामा अस्पतालमै राखिरहेको समाचार पढियो। बलात्कार जसले गरे पनि त्यो जघन्य अपराध हो। यस्तो जघन्य अपराधमा पनि सत्ता र प्रतिपक्षको कित्ताकाट गर्न थालियो भने अदालत र न्यायिक प्रक्रियामाथि कसले विश्वास गर्ला ? त्यसैले, बलात्कार मुद्दा लागेका अभियुक्तलाई तत्काल कारागार पठाऊ। अभियुक्तलाई अनावश्यक सहुलियत नदेऊ।

● **बबिता पाखिन**
कुलेश्वर, काठमाडौं

पुनर्निर्माणमा ध्यान देऊ

भूकम्प र बाढीपहिरोपछिको पुनर्निर्माणमा एक खर्ब एक अर्ब चाहिनेसम्बन्धी समाचार पढियो। एउटा राज्यका लागि यो असम्भव रकम होइन। त्यसैले, सरकारले अन्य फजुल खर्च रोकेर पुनर्निर्माणका लागि रकमको जोहो गर्नुपर्छ। यहाँ काम न काजका पानीजहाजजस्ता कार्यालय खडा गरेर राज्यकोष लुटिँदै छ। यहाँ कार्यकर्तालाई पोस्न अनेक नामका योजना अगाडि सारिएका छन्। तर, त्यही राज्यसित भूकम्प र बाढीपहिरोपीडितका लागि पुनर्निर्माणको रकम छैन कसरी भन्नु ?

● **गौरिका प्रधानांग**
स्युचाटार, काठमाडौं

सार्क शिखर सम्मेलन हुँदैन अब ?

परराष्ट्रमन्त्री डा. आरजु राणाले सोमबार संसदीय समितिमा दिएको दुई अभिव्यक्तिले सार्क शिखर सम्मेलन र बिआरआई सम्झौताबारे अनेक संशय खडा गरेको छ। जसलाई थप प्रस्ट पार्नु आवश्यक छ। भारतको अनिच्छाका कारण वर्षौं वर्षदेखि रोकिएको सार्क शिखर सम्मेलन गराउनेबारे आरजुले जब भारतीय विदेशमन्त्री एस जयशंकरसँग कुरा राखिन् तब उनलाई जयशंकरले तत्कालै आफ्नो देशका मान्छे मार्नेहरूसँग बसेर कसरी सम्मेलन गर्न सकिन्छ ? भनेर प्रश्न गर्दा आफूले केही बोल्न नसकेको आरजुले बताइन्। जय शंकरको संकेत पाकिस्तान सरकारले जानाजान भारतीय नागरिकको हत्या गरिरहेको हुँदा त्यस्तो देशसँग बसेर सम्मेलन गर्न सकिँदैन भन्ने थियो। अब प्रश्न उठ्छ के त्यसो भए शिखर सम्मेलन अब कहिल्यै हुँदैन त ? हुँदैन भने सार्क राख्नुको के औचित्य छ ? यी तमाम प्रश्न सोध्ने हिम्मत पनि राणाले राख्नुपर्थ्यो। तर, उनले त जयशंकरको कुरा सुनेर आफूले केही बोल्न नसकेको भन्दै आफ्नो निरीहता देखाइन्। त्यसो हो भने सार्कलाई सबैको सहमतिबाटै खारेज गरिदिए हुन्छ। किन पालिराख्नु यो सेतो हात्तीलाई ? होइन भने कुनै एक देशका कारण सम्मेलन रोक्नु ठिक होइन भन्ने आँट आरजुले जयशंकरसमक्ष देखाउन सक्नुपर्थ्यो।

यसैगरी, आरजुले चीनसँग गरेको हालैको बिआरआई सम्झौतामा ऋण लिने कुरा नभएको दाबी गरेकी छिन्। यसमा प्रधानमन्त्री ओलीको धारणा के हो ? 'एड एन्ड ग्रान्ट' भनेको अनुदान मात्र हो त ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर- ८, काठमाडौं
gopaldevkotass@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

ट्रम्पको ग्रिनल्यान्ड हत्याउने जोखिमपूर्ण बाजी

ग्रिनल्यान्डका स्रोतमा पहुँच पाउनुले अमेरिकी आपूर्ति शृंखलाको सुरक्षा बढाउन र चीनको दबाब कम गर्न मद्दत पुऱ्याउन सक्छ



देश / विदेश

● स्टेफन वुल्फ

सन् २०१९ मा डोनाल्ड ट्रम्पले ग्रिनल्यान्ड किन्ने प्रस्ताव गर्दा व्यापक रूपमा आलोचना भएको थियो, जसका कारण उनको डेनमार्कको राजकीय भ्रमण पनि रद्द भयो। ६ वर्षपछि ट्रम्पले पुनः अमेरिकी राष्ट्रपति पद सम्हाल्दै गर्दा यस विचारलाई फेरि अघि सारेका छन्। ८ जनवरी २०२५ मा उनले आफ्नो गम्भीरता देखाउन छोरा डोन जुनियर र प्रतिनिधिलाई ग्रिनल्यान्ड पठाएका छन्। ट्रम्पलाई ग्रिनल्यान्ड किन्न आर्थिक कोणबाट कुनै समस्या देखिँदैन किनभने उनलाई एलन मस्कको वित्तीय समर्थन छ। ग्रिनल्यान्ड प्राप्त गर्न खोज्ने अमेरिकाको नीति नौलो भने होइन। अमेरिकाले ग्रिनल्यान्डलाई सन् १८६८ देखि नै लिने प्रयास गर्दै आएको इतिहास छ, जसमा सन् १९४६ मा राष्ट्रपति ह्यारी एस. ट्रुम्यानको प्रयास उल्लेखनीय छ। ग्रिनल्यान्डप्रतिको ट्रम्पको पुनर्जागृत चासो अमेरिकाको भौगोलिक विस्तारको पुरानो परम्परासँग मेल खान्छ। सन् २०१९ को तुलनामा यो प्रस्ताव अहिले धेरै तर्कसंगत देखिन्छ किनभने ग्रिनल्यान्डमा धेरै महत्त्वपूर्ण खनिजको ठुलो भण्डार छ। द इकोनोमिस्टको सन् २०२४ को रिपोर्टअनुसार द्वीपमा ऊर्जा प्रविधिका लागि आवश्यक ५० मध्ये ४३ खनिजको भण्डार छ। चीनले व्यापार युद्धका क्रममा खनिज निर्यातमा कडाइ गर्दै गएपछि ग्रिनल्यान्डका स्रोतमा पहुँच पाउनुले अमेरिकी आपूर्ति शृंखलाको सुरक्षा बढाउन र चीनको दबाब कम गर्न मद्दत पुऱ्याउन सक्छ।

रणनीतिक महत्त्व : ग्रिनल्यान्डको रणनीतिक अवस्थितिले यसलाई अमेरिकाका लागि थप मूल्यवान् बनाएको छ। त्यहाँ रहेको 'पिटुफिक' स्पेस आधार अमेरिकी क्षेप्यास्त्र प्रारम्भिक चेतावनी र रक्षा प्रणालीका लागि महत्त्वपूर्ण छ र यसले अन्तरिक्ष निगरानीमा मुख्य भूमिका खेल्छ। भविष्यमा यो आधारको विस्तारले आर्कटिक महासागर र उत्तर एटलान्टिकमा रुसी नौसेनाका गतिविधि निगरानी गर्ने अमेरिकी क्षमता बढाउन सक्छ। ट्रम्पको सम्झौता सफल भयो र ग्रिनल्यान्डमा अमेरिकी सार्वभौमसत्ता कायम भयो भने प्रतिद्वन्द्वी विशेषतः चीनलाई ग्रिनल्यान्डमा पकड जमाउनबाट रोक्न सकिन्छ। यद्यपि, चीनको खतरा धेरै चिन्ताको विषय नहुन सक्छ किनभने ग्रिनल्यान्ड नेटो सदस्य डेनमार्कको हिस्सा रहेको अवस्थामा डेनमार्कले वार्षिक करिब ५० करोड अमेरिकी डलर अनुदानबाट द्वीपको अर्थतन्त्र चलाइरहेको छ। तर, ग्रिनल्यान्डको स्वतन्त्रता जसको समर्थन क्रमशः बढ्दै गएको छ त्यसले थप र न्यून नियमन गरिएको विदेशी लगानीका लागि ढोका खोल्न सक्छ। यस्तो अवस्थामा चीनले लगानी गर्ने अवसर पाएमा यसले बलियो उपस्थितिको प्रयास गर्ने सम्भावना छ।

रुस र चीनबिच बढ्दो सुरक्षा सहयोग र रुसको बढ्दो सैनिक आक्रामकतालाई हेर्दा ट्रम्पको तर्क थप विश्वसनीय देखिन्छ। उनी चेतावनी दिने व्यक्ति मात्र पनि होइनन्। र, क्यानडा, डेनमार्क र नर्वेले हालै आर्कटिक क्षेत्रमा बढ्दो रुसी र चिनियाँ प्रभावलाई रोक्ने प्रयास गरेका छन्। त्यसैले, ट्रम्पको प्रस्ताव गलत आधारमा गरिएको हो भन्न मिल्दैन। विशेषतः बढ्दो भूराजनीतिक प्रतिस्पर्धाका समयमा आर्कटिक क्षेत्रमा बढ्दो रुसी र चिनियाँ प्रभाव एक सुरक्षा समस्या हो। यस सन्दर्भमा ग्रिनल्यान्डले अमेरिकाका लागि विशेष र महत्त्वपूर्ण सुरक्षा चुनौती पेस गर्छ।

ट्रम्पको योजनामा देखिएका त्रुटि : समस्या ट्रम्पको 'अमेरिका फर्स्ट'को सीमित दृष्टिकोणमा छ, जसले



तस्बिर : एपी/अलामी

समाधान खोज्ने क्रममा संकीर्ण सोचलाई उजागर गर्छ। उनले ग्रिनल्यान्ड चाहिन्छ र कुनै पनि मूल्यमा त्यो प्राप्त गर्ने अडान लिएका छन्। त्यसको अर्थ डेनमार्कको निर्यातमा असाधारण कर लगाउने (अर्थात् नोभो नर्डिस्कका तौल घटाउने औषधि उदाहरण हुन सक्छ) वा बल प्रयोग गर्न हुन सक्छ। अपेक्षित रूपमा ग्रिनल्यान्ड र डेनमार्कले यो नयाँ 'प्रस्ताव'लाई अस्वीकार गरेका छन्। हाललाई प्रतीकात्मक रूपमा भए पनि फ्रान्स र जर्मनीजस्ता साझेदार तुरुन्तै डेनमार्कको समर्थनमा उभिएका थिए। अमेरिकी सुरक्षालाई बलियो बनाउनुको सट्टा ट्रम्पले फेरि एकपटक पश्चिमा गठबन्धनलाई कमजोर पारेर यसलाई प्रभावकारी रूपमा क्षति पुऱ्याइरहेका छन्। उत्तर एटलान्टिक क्षेत्रमा यस्तो कदम चाल्दा के परिणाम निस्किन्छ भन्नेबारे उनी बेखबर देखिन्छन्। त्यसबाहेक १९औं शताब्दीको शैलीको भौगोलिक विस्तारवादले ट्रम्पको एकान्तवादी प्रवृत्तिलाई झल्काउँछ र यो थप गम्भीर समस्या हो।

ग्रिनल्यान्डलाई अमेरिकामा समाहित गर्नुले वासिङ्गटनलाई महत्त्वपूर्ण खनिज आपूर्ति शृंखलामा बलियो बनाउन र रुस तथा चीनलाई नियन्त्रणमा राख्न मद्दत गर्नेछ। र, 'समाहित' कुनै पनि मूल्यमा गर्ने संकेतले ट्रम्पको विदेश नीतिसम्बन्धी दृष्टिकोण सामान्य राष्ट्रवादी आडम्बर र भारीभरकम शब्दावलीभन्दा पर प्रत्यक्ष र अप्रतिबन्धित हुने देखिन्छ। रुस र चीनसँग आर्कटिक र अन्य क्षेत्रमा सामना गर्न डेनमार्क र अन्य नेटो तथा युरोपीय साझेदारसँग सुरक्षा सहकार्यलाई सुदृढ गर्नेमा ध्यान केन्द्रित गर्नुको सट्टा ट्रम्प र उनको टोलीले सम्भवतः साझेदारीविनै काम चलाउन सकिन्छ भन्ने विश्वास गरेको देखिन्छ। यहाँ जेका लागि बाजी मार्न खोजिँदै छ, त्यो भनेकै अमेरिकाका सबैभन्दा नजिकका साझेदारसँगको सम्बन्ध हो। वास्तवमा भन्ने हो भने यो एक ठुलो र अन्यायपूर्ण बाजी हो। इतिहासमा कुनै पनि महान् शक्ति सधैंका लागि एक्लो भएर सफल भएको छैन र अमेरिकाले जसोतसो गरेर भए पनि ग्रिनल्यान्डलाई हासिल गर्छ भने पनि इतिहासदेखि चल्दै आएको यो प्रवृत्ति परिवर्तन हुने सम्भावना कम छ।

(वुल्फ बर्मिंघम विश्वविद्यालयका अन्तर्राष्ट्रिय सुरक्षाका प्राध्यापक हुन्)

द कन्भर्सेसनबाट

भारतमा वासिङ्टन समर्थित भावना र ट्रम्पको पुनरागमन

अन्य देशहरूलाई जस्तै ट्रम्पले भारतलाई निसाना बनाए पनि नयाँदिल्लीमा ट्रम्पको समर्थन गर्ने उल्लेख्य छन्



● सेबास्टियन शुक्ला

सेबास्टियन शुक्ला सिएनएनको लन्डन ब्युरोमा संलग्न अवार्ड विजेता समाचार निर्माता हुन् ।

अमेरिकाका नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्प 'ट्यारिफ म्यान' अर्थात् शुल्क लगाउने व्यक्तिको उपनामप्रति वास्तवमै प्रतिबद्ध छन् । यसपटक उनले राष्ट्रपतिको शपथ लिनुअघिका केही साताहरूमा विश्वको सबैभन्दा द्रुत वृद्धि हुने प्रमुख अर्थतन्त्रलाई निसाना बनाएका छन् । यसै महिनाको सुरुमा उनले ब्रिक्स राष्ट्रहरूको कडाआलोचना गरे । प्रमुख अर्थतन्त्र भएका देशले नयाँ मुद्रा बनाए वा अमेरिकी डलरलाई पूर्ण रूपमा विस्थापित गरेमा १०० प्रतिशत शुल्क लगाउने उनले धम्की दिए ।

ब्रिक्सको संस्थापक सदस्य भारत शक्तिशाली र अन्तरसरकारी संगठनको केन्द्रविन्दु हो, जसमा चीन र रुस लगायत देश छन् । अन्य देशहरूलाई जस्तै ट्रम्पले भारतलाई पनि निसाना बनाएका छन् । उनले सेप्टेम्बरमा एक चुनावी कार्यक्रममा नयाँदिल्लीलाई द्विपक्षीय व्यापार सम्बन्धको 'धेरै ठुलो दुरुपयोगकर्ता' भनेका थिए ।

आफ्नो पहिलो कार्यकालमा पनि ट्रम्पले स्टिल र एल्युमिनियममा शुल्क लागू गरे जसले प्रतिशोध निम्त्यायो । उनले अन्ततः देशको विशेष व्यापार दर्जा पनि खोसे (यस्तो दर्जाले देशको अर्बौं डलरको उत्पादनलाई अमेरिकी शुल्कबाट छुट दिएको थियो) । ट्रम्पको कदमले भारतीय अधिकारीहरूबिच क्रोध प्रज्वलित गऱ्यो ।

तर, ती सबैका बाबजुद राष्ट्रपतिमा निर्वाचित ट्रम्पको भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग न्यानो व्यक्तिगत सम्बन्ध छ । चार वर्षअघि राष्ट्रपतिले मोदीको गृहराज्य गुजरातको भ्रमण गर्दा दुवैजनाले एकअर्काको उत्साहपूर्वक प्रशंसा गरेका थिए । सम्बन्धले ट्रम्पको दोस्रो कार्यकालमा भारतलाई राम्रोसँग सेवा दिने सम्भावना रहेको पर्यवेक्षकहरू बताउँछन् ।

'अन्य मौलिक ब्रिक्स सदस्यहरू- रुस, चीन र ब्राजिल भावनामा अमेरिकाविरोधी भनेर चिनिन्छन्,' भारतको पर्यवेक्षक अनुसन्धान प्रतिष्ठानका उपाध्यक्ष हर्ष पन्त भन्छन् । नयाँदिल्ली समूहभित्र एक अपवाद हो रडी-डलरीकरण (अमेरिकी डलरमाथिको निर्भरता घटाउने) को विषयलाई खारेज गर्न यसले आफूलाई फाइदाजनक स्थितिमा राख्न सक्छ । केही सदस्यहरूका लागि लामो समयदेखि राखिएको महत्वाकांक्षाको रूपमा आएको यो विचारले सैद्धान्तिक रूपमा समूहलाई डलर प्रयोग गर्नबाट टाढा राख्न सक्छ र नयाँ मुद्रा निर्माण गर्न वा पूरै रूपान्तरण गर्न सक्छ । अन्य मुद्राहरू प्रयोग गर्दा सदस्य राष्ट्रहरूले अमेरिकी डलरमा आफ्नो निर्भरता कमग र्न सक्छन् ।

ब्रिक्सलाई सूक्ष्म ढंगले निगरानी गरिरहेका ट्रम्पले भारतबारे



> भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग ट्रम्पको न्यानो व्यक्तिगत सम्बन्ध छ । चार वर्षअघि राष्ट्रपतिले मोदीको गृहराज्य गुजरातको भ्रमण गर्दा दुवैजनाले एक-अर्काको उत्साहपूर्वक प्रशंसा गरेका थिए । सम्बन्धले ट्रम्पको दोस्रो कार्यकालमा भारतलाई सहयोग पुऱ्याउने सम्भावना रहेको पर्यवेक्षकहरू बताउँछन् ।

चासो राखेको पन्त बताउँछन् । भारतका विदेशमन्त्री सुब्रह्मण्यम जयशंकरले यसै महिना अमेरिकी डलरलाई कमजोर बनाउन भारतको कुनै चासो नभएको बताएका थिए ।

भारतको राजधानीमा अझै पनि वासिङ्गटन समर्थित भावना छन् । केही पर्यवेक्षकहरूका अनुसार चीन र अमेरिका एसियाली महाशक्तिसँग टक्करको बाटोमा रहेको विश्वासले वासिङ्टन र नयाँदिल्लीबिचको सम्बन्धलाई चलाइरहेको छ । 'उनको पहिलो कार्यकाल एकदम सकारात्मक थियो र मोदीसँगको उनको सम्बन्धले पनि भारतका लागि राम्रो काम गऱ्यो, र त्यसैले दोस्रो कार्यकालजति विघटनकारी नहुन सक्छ भन्ने भावना छ' पन्तले भने । ट्रम्पको पहिलो कार्यकालमा मोदी र ट्रम्पले आफ्नो व्यक्तिगत सम्बन्धलाई चम्काए । सेप्टेम्बर २०१९ मा टेक्सासमा 'हाउडी मोदी' शीर्षकको ऱ्यालीमा मोदीलाई अभिनन्दन गरिएको थियो । फेब्रुअरी २०२० मा राष्ट्रपति ट्रम्पको पक्षमा पुनः आवाज घन्कियो जतिवेला अहमदाबादमा 'नमस्ते ट्रम्प' ऱ्यालीमा १ लाख २५ हजार मानिस सडकमा निस्किए ।

मेरील्यान्डको अन्नापोलिसमा रहेको विल्सन सेन्टरको दक्षिण एसियाली संस्थानका माइकल कुगेलम्यान पनि बाइडेनको कार्यकालको तुलनामा विशेषगरी युक्रेन र मानव अधिकारजस्ता मुद्दामा ट्रम्प प्रशासनको आगमनले भारतलाई केही पुनर्मिलन गर्न सक्ने विश्वास गर्छन् । 'ट्रम्प र मोदीको विश्व दृष्टिकोण धेरै नजिक छ । उनीहरू बाइडेन-ओबामा र मोदीको विश्व दृष्टिकोणभन्दा धेरै मिल्छन्,' उनी भन्छन् ।

युक्रेन मामिलामा न त ट्रम्प न मोदीले युक्रेनमाथि भएको रुसी हमलाका लागि राष्ट्रपति भ्लादिमिर पुटिनको आलोचना गरेको उनी बताउँछन् । दुवैले हालै शान्तिको लागि आह्वान गरेका छन् । ट्रम्पले २४ घण्टामा युद्ध अन्त्य गर्ने बताएका छन् र मोदीले जुलाईमा मस्कोको भ्रमण गर्दा शान्तिका लागि मध्यस्थताको प्रस्ताव गरेका थिए ।

■ भारतलाई आंशिक असर

यद्यपि, यसले भारतलाई ट्रम्प प्रशासनसँग सम्बन्धित सामयिक अशान्तिबाट पूर्णतया मुक्त गर्ने सम्भावना छैन । क्रुगेलम्यानका अनुसार ट्रम्पले धम्की दिएको १० प्रतिशतको शुल्कले आंशिक रूपमा भारतलाई असर गर्नेछ, किनभने भारतले अमेरिकासँग व्यापार अधिशेष पाएको छ । संयुक्तराज्य अमेरिकाको तथ्यांकअनुसार दुई पक्षबिचको व्यापारले नयाँदिल्लीलाई धेरै फाइदा दिएको छ । पछिल्लो दुई वर्षमा अमेरिकाले निर्यातभन्दा दोब्बर आयात गरेको छ ।

विशेषगरी, चीनबाहिर एप्पलको आपूर्ति शृंखला निर्माण गर्न खोज्दा भारत एप्पलजस्ता कम्पनीका लागि बढ्दो महत्त्वपूर्ण उत्पादन केन्द्र बनिरहेको छ । यस वर्षको पहिलो १० महिनामा अमेरिकाले भारतमा निर्यात गरेको ३५ अर्ब डलरको तुलनामा भारतबाट ७३ अर्ब डलर आयात गरेको छ । व्यापार असन्तुलन नयाँदिल्लीका लागि टाउको दुखाइको विषय बन्न सक्नेमा कुगेलम्यान र पन्त सहमत छन् । यसको सट्टा यसले सम्झौता वा नीतिका बारेमा थप लेनदेन गर्न सक्छ ।

कुगेलम्यानअगाडि भन्छन्, 'ट्रम्प यस्तो ढंगले अगाडि बढ्नुपर्छ ताकि नयाँदिल्लीजस्ता रणनीतिक साझेदारहरूले पनि त्यसमा समायोजन गर्नुपर्नेछ ।' तर, ट्रम्प सम्झौता निर्माता भएको पन्त बताउँछन् । 'ट्रम्प एक सम्झौता निर्माता हुन् । यो सधैं दिने र लिने विषयसँग जोडिएको छ,' उनले भने ।

पन्तले इरानको चाबहार बन्दरगाहमा वासिङ्टनले नयाँदिल्लीलाई २०१८ मा दिएको छुटलाई औंल्याउँछन् । इरानमाथि पुनः प्रतिबन्ध लगाएपछि यो छुट आवश्यक थियो । प्रतिबन्धले सबै अमेरिकी कम्पनीहरू, विदेशी फर्म र देशलाई इरानसँग व्यापार गर्न बाध्य पारेको थियो । नयाँदिल्लीले तेहरानसँग १० वर्षका लागि ५०० अर्ब डलरको सम्झौतामा हस्ताक्षर गरेको थियो । भारतले आफ्नो कट्टरपन्थी पाकिस्तानलाई बाइपास गरेर मध्यएसिया र अफगानिस्तानका लागि महत्त्वपूर्ण व्यापार मार्गको रूपमा हेर्छ ।

यो छुट डोनाल्ड ट्रम्पको तत्कालीन दक्षिण एसिया नीतिको हिस्सा थियो । सन् २०१७ को एक भाषणमा ट्रम्पले अफगानिस्तानमा अमेरिकालाई थप आर्थिक सहयोग गर्न भारतलाई आह्वान गरे । अमेरिकाले दुईबिचको लाभदायक व्यापारलाई बार्गेनिङ चिपको रूपमा प्रयोग गऱ्यो । 'यदि तपाईं आफ्नो चासो पारदर्शी रूपमा राख्न सक्षम हुनुहुन्छ र ट्रम्पसँग व्यापार गर्न सक्षम हुनुहुन्छ भने तपाईं त्यति कठिन परिस्थितिमा रहनुहुन्न,' पन्तले थपे । भारतले आफ्नो स्वार्थलाई पछ्याउँदै ट्रम्पको राम्रो पक्षमा रहन बिचको राम्रो रेखामा हिँड्न सक्षम रहेको देखाएको छ । यसलाई दोहोऱ्याउन सकिन्छ कि भनेर समयले बताउनेछ, तर नयाँदिल्लीको दृश्य आशावादी देखिन्छ ।

–सिएनएनबाट

क्यालिफोर्नियाको डढेलोका लागि जलवायु परिवर्तन कति जिम्मेवार ?

जलवायु वैज्ञानिकहरूले विश्वव्यापी तापक्रम वृद्धिले डढेलोको संख्या र तीव्रता बढाउने बताइरहेका छन्



> डढेलोअघि क्यालिफोर्नियाको केवल ३९.१ प्रतिशत भाग पूर्ण रूपमा खडेरीमुक्त देखिएको थियो । राज्यको बाँकी भाग 'असामान्य रूपमा सुक्खा' थियो । राज्यका यी क्षेत्रमा 'मध्यमदेखि असाधारण' खडेरीको अनुभव गरिरहेका छन् । अघिल्लो वर्ष यस समयतिर क्यालिफोर्नियाको ९६.७ प्रतिशत भाग खडेरीमुक्त वर्गीकरणमा परेको थियो । जनवरी २, २०२४ को तथ्यांकमा राज्यको केवल ३.४ प्रतिशत भाग मात्र असामान्य रूपमा सुक्खा थियो । कुनै पनि भागले गम्भीर प्रकारको खडेरीको अनुभव गरेको थिएन । खडेरी वृद्धिमा जलवायु परिवर्तनको प्रत्यक्ष हात हुन्छ ।

अमेरिकाको क्यालिफोर्निया राज्यको लस एन्जलस र त्यस सहरवरपरका क्षेत्र अहिले भीषण डढेलोसँग जुधिरहेको छ । प्रकोपले कम्तीमा २४ जनाको ज्यान लिइसकेको छ भने ३८,००० एकडभन्दा बढी जमिनमा फैलिएर १०,००० भन्दा बढी भवन नष्ट गरिसकेको क्यालिफोर्नियाको 'वन तथा अग्नि सुरक्षा विभाग' (क्याल फायर)ले जनाएको छ । यो डढेलो राज्यको इतिहासमा सबैभन्दा विनाशकारी प्रकोप बन्ने दिशामा उन्मुख छ ।

प्रत्येक वर्ष विश्वभर डढेलोका घटना बढ्दै जाँदा जलवायु वैज्ञानिकहरू यसका लागि जलवायु परिवर्तन जिम्मेवार रहेको चिन्ता व्यक्त गर्न थालेका छन् । गत मंगलबार(जनवरी ७) देखि सुरु भएको लस एन्जलस र यसवरपरका डढेलो लगभग रोक्न असम्भवजस्तो देखिएको छ । क्यालिफोर्नियाका गभर्नर गेभिन न्यूसमले बुधबार सामाजिक सञ्जाल 'एक्स'मा एक भिडियो पोस्ट गर्दै क्यालिफोर्नियामा अब डढेलो लाग्ने विशेष 'सिजन' अन्त्य भएर वर्षैभरि डढेलो लाग्ने अवस्था सिर्जना भएको चेतावनी दिए । एरिजोना स्टेट युनिभर्सिटीको स्कुल अफ लाइफ साइन्सेसका एमेरिटस प्रोफेसर पायन न्युसमको यस चेतावनीसँग सहमत छन् । उनले अब विश्वको धेरै ठाउँले अग्नियुगसँग बाँच्न सिक्नुपर्ने बताए ।

● क्यालिफोर्नियामा चरम खडेरी

धेरै विज्ञहरूले क्यालिफोर्नियाको डढेलोमा जलवायु परिवर्तनको उच्च योगदान रहेको हुन सक्ने बताएका छन् । जलवायु परिवर्तनका कारण हरेक वर्ष इतिहासकै उच्च तापक्रमयुक्त वर्ष बन्दै गएको समयमा अरू धेरै समस्यामध्ये डढेलोको वृद्धि पनि एक हुने वैज्ञानिकहरूले चेतावनी दिएका छन् । युरोपेली संघको 'कोपर्निकस जलवायु परिवर्तन सेवा (सिथ्रिएस)'ले जनवरी १० मा सार्वजनिक गरेको एक रिपोर्टअनुसार सन् २०२४ मा वर्षैभरि तापक्रम पूर्वऔद्योगिकस्तरभन्दा १.५ डिग्री सेल्सियसभन्दा बढी रह्यो । यसअघि कुनै महिना वा सिजनमा मात्र यस्तो हुन्थ्यो । सिथ्रिएसले जलवायु संकटले विश्वलाई आधुनिक मानव जातिले पहिले कहिल्यै अनुभव नगरेको उच्च तापक्रमतर्फ धकेलिरहेको चेतावनी दिएको छ ।

अमेरिकी वातावरण संरक्षण एजेन्सी इपिएको एक रिपोर्टअनुसार जलवायु परिवर्तनले डढेलोको तिव्रता, त्यो लाग्ने अवधि र डढेलो लाग्ने क्षेत्रमा उल्लेख्य वृद्धि गरेको छ । प्रोफेसर पाइनका अनुसार यी सबको कारण विश्वव्यापी तापक्रम वृद्धिले 'समग्र प्रणालीलाई नै गरम बनाइदिएको छ । सुक्खा मौसम र डढेलो लाग्ने सिजन लम्ब्याउँदै छ । क्यालिफोर्नियाको डढेलोमा पहिलेदेखि विद्यमान तत्त्वमा तेलमा घिउको काम गरिरहेको छ ।'

● जलवायु परिवर्तनले डढेलो कसरी निम्त्याउँछ ?

मंगलबारदेखि लस एन्जलसको पालिसेड्स क्षेत्रमा सुरु भएको क्यालिफोर्निया डढेलोको सही कारणहरू अझै अज्ञात छ । यसमाथि अनुसन्धान भइरहेको छ । तर, विज्ञहरूका अनुसार विविध वातावरणीय कारकको संयोजनले कुसमयमा लागेको डढेलोलाई तीव्रगतिमा फैलिने अवस्था सिर्जना गरिरहेको छ । पहिलो कुरा त क्यालिफोर्निया राज्यको दक्षिणी भेगमा महिनौंदेखि उल्लेखनीय वर्षा भएको छैन ।

अमेरिकी खडेरी निगरानीकर्ताको पछिल्लो नक्साले जनवरी ७ को दिन क्यालिफोर्नियाको केवल ३९.१ प्रतिशत भाग पूर्ण रूपमा खडेरीमुक्त देखाएको थियो । उसले राज्यको बाँकी भागलाई 'असामान्य रूपमा सुक्खा' भनेर उल्लेख गरेको छ । राज्यका यी क्षेत्रमा 'मध्यमदेखि असाधारण' खडेरीको अनुभव गरिरहेका छन् । तुलनाको लागि अघिल्लो वर्ष यस समयतिर क्यालिफोर्नियाको ९६.७ प्रतिशत भाग खडेरीमुक्त वर्गीकरणमा परेको थियो । जनवरी २, २०२४ को तथ्यांकमा राज्यको केवल ३.४ प्रतिशत भाग मात्र असामान्य रूपमा सुक्खा थियो । कुनै पनि भागले गम्भीर प्रकारको खडेरीको अनुभव गरेको थिएन । खडेरी वृद्धिमा जलवायु परिवर्तनको प्रत्यक्ष हात हुन्छ ।

अहिले क्यालिफोर्नियाकाको भित्री भागबाट तटीय क्षेत्रतर्फ बगिरहेको तातो 'सान्ता आना'ले वनस्पतिलाई थप सुक्खा बनाउन योगदान गऱ्यो । उच्च सुक्खाले वनस्पतिलाई अत्यधिक ज्वलनशील बनाउँछ । जब वनस्पति धेरै सुक्खा हुन्छ, तब सानो झिल्कोले नै ठुलो डढेलो सुरु गर्न सक्छ । त्यो चाहे जलिरहेको चुरोटको ठुटो होस् वा नजिक चलिरहेका सवारीसाधन वा वनमाथि रहेका बिजुलीको लाइनमा समय समयमा उठ्ने झिल्का नै किन न होस् ।

परिवर्तनशील जलवायु र कमजोर सहरी योजना तथा व्यवस्थापनले विश्वभर प्राकृतिक प्रकोपलाई बढाउँदै लगेको छ । जलवायु परिवर्तनको प्रभावका कारण पछिल्लो समय चक्रवात, आँधीबेहरी र बाढीजन्य प्रकोप तीव्र र विस्तार हुँदै गएका छन् । एसियाली देशहरूले हालै वर्षहरूमा तीव्र बाढीको पनि अनुभव गरेका छन् । विश्व मौसम विज्ञान संगठन (डब्लुएमओ)ले अप्रिल २०२४ मा प्रकाशित गरेको एक प्रतिवेदनले एसियामा विश्वव्यापी औसतभन्दा बढी ताप वृद्धि हुँदै गइरहेको देखाएको छ ।

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम (युएनइपी) र उसको साझेदार संस्था वातावरणीय सञ्चार केन्द्र 'ग्रिड-आरेन्डल'ले सन् २०२२ मा प्रकाशित गरेको प्रतिवेदनले जलवायु परिवर्तन र गलत भूउपयोगले डढेलो बढ्ने प्रक्षेपण गरेको छ । त्यस प्रतिवेदनले सन् २०३० सम्ममा विश्वव्यापी रूपमा आगजनीको घटना १४ प्रतिशतले, सन् २०५० को अन्त्यसम्ममा ३० प्रतिशत र शताब्दीको अन्त्यसम्ममा ५० प्रतिशतले बढ्ने अनुमान गरेको छ ।

अल जजिराबाट

इतिहासमा आज

जनवरी १५



सन् २००१ : जिम्मी वेल्स र ल्यारी सानगरले विश्वको सबैभन्दा ठुलो अनलाइन विश्वकोश विकिपेडिया आजकै दिन सार्वजनिक गरे ।

सन् १५३५ : इंग्ल्यान्डका राजा हेनरी आठौंले उनकी श्रीमती क्याथरिनसँगको सम्बन्धविच्छेदलाई स्वीकृति नदिएपछि रोमस्थिति क्याथोलिक चर्चबाट अलग गरेर उनको देशमा गठन गरेको 'चर्च अफ इंग्ल्यान्ड'को प्रमुख आफैंलाई चुने । यस कदमले इंग्ल्यान्डलाई आजको प्रोटेस्टेन्ट मुलुक बनाउन सघायो ।

सन् १५८२ : इस्टोनिया र लात्भिया समेटिएको पुरानो लिभोनियन क्षेत्रका लागि ३० वर्षदेखि चलिरहेको युद्धका अन्त्यमा रुस अन्ततः यी भागमाथिको दाबी त्याग्न राजी भयो ।

सन् १८७० : अमेरिकाका दुई प्रमुख दलमध्ये डेमोक्रेटिक पार्टीको 'पार्टी चिह्न गधा' पहिलोपटक हार्पर विक्लीमा व्यंग्यको रूपमा प्रकाशित भयो ।

सन् १९०२ : अब्दुल अजिज इब्न साउद रातको समयमा ४० जनाको समूह लिएर रियाद अधिराज्य घेरेको पर्खाल नाघ्दै सो राज्य कब्जा गर्न सफल भए । योसँगै तेस्रो साउदी राज्यको सुरुवात भयो जुन विस्तार हुँदै आएको साउदी अरब बन्न पुग्यो ।

सन् १९१९ : दुई चर्चित जर्मन समाजवादी नेताहरू रोजा लक्जेमवर्ग र कार्ल लिब्नेख्तलाई जर्मन सेनाले पक्राउपछि यातना दिएर मार्‍यो ।

सन् १९४३ : हजार आर्किटेक्ट र १४ हजार श्रमिकहरूले तीन सिफ्टमा दिनरात काम गरेर १६ महिनामै विश्वको ठुलो प्रशासनिक भवन 'पेन्टागन'को निर्माण पूरा गरे ।

सन् १९६६ : नाइजेरियामा पहिलो सैन्य कू भयो ।

सन् १९७० : मुअम्मर गद्दाफीले आफूलाई लिबियाको सर्वोच्च नेता घोषणा गरे ।

सन् १९७३ : अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले पेरिस शान्ति सम्झौताको पूर्वसन्ध्यामा उत्तर भियतनाममा जारी सैन्य कारबाही रोकेको घोषण गरे । त्यसको दुई महिनापछि अमेरिकाले भियतनामबाट आफ्नो सेना फिर्ता गऱ्यो ।

सन् १९७५ : पोर्चुगलले अफ्रिकी उपनिवेश एंगोलालाई मुक्त गर्ने सम्झौतामा हस्ताक्षर गऱ्यो, जुन नोभेम्बर ११ मा गएर मात्र पूर्णरूपमा लागू भयो ।

सन् १९९१ : संयुक्त राष्ट्रसंघले इराकलाई कुवेतबाट फिर्ता हुन दिएको समयसीमा अन्त्य भयो ।

सन् २०१९ : चिनियाँ वैज्ञानिकहरूले अन्तरिक्षयान 'चाङ' इचार' चन्द्रमा ओलिएको केही घण्टापछि त्यसमा राखिएको कपासको बिउ उम्रिएको पुष्टि गरे ।

इजरायल र हमास युद्धविराम सहमतिको 'एकदम नजिक'

दुबई/ इजरायल-हमास युद्ध अन्त्य गर्ने उद्देश्यले कतारमा चलिरहेको वार्ता 'अन्तिम चरण' पुगेको वार्ताबारे जानकार एक स्रोतले बताएको छ । 'आज(मंगलबार) दोहामा अन्तिम चरणको वार्ता हुने अपेक्षा छ । यही बैंकले सम्झौताको मिल्न बाँकी विषयलाई अन्तिम रूप दिने आशा छ,' वार्ताको संवेदनशीलताका कारण नाम नछाप्ने सर्तमा बोल्दै स्रोतले एएफपीलाई भन्यो ।

इजरायलका गुप्तचर निकायका प्रमुखहरू, आगामी र निवर्तमान अमेरिकी प्रशासनका मध्यपूर्व दूतहरू र कतारका प्रधानमन्त्री वार्तामा सहभागी हुने स्रोतले जनाएको छ । इजरायल र हमासबिच १५ महिनादेखि चलिरहेको गाजा युद्धको अन्त्य गर्न र प्यालेस्टिनी क्षेत्रमा बन्धक बनाइएका इजरायली नागरिक रिहा गर्ने उद्देश्यले जारी वार्तालाई कतार, संयुक्त राज्य अमेरिका र इजिप्ट मध्यस्थता गर्दै आएका छन् ।

वार्ताका जानकार एक स्रोतले सोमबार बताएअनुसार कतारमा भएको वार्तामा 'बाँकी रहेका अङ्चनमा उल्लेखनीय प्रगति' भएको छ । पक्षहरूलाई नयाँ 'ठोस' प्रस्ताव प्रस्तुत गरिएको छ । स्रोतले दुवै पक्षबाट प्रारम्भिक 'सकारात्मक' प्रतिक्रिया प्राप्त भएको बतायो । स्रोतका अनुसार प्रस्तावमा प्रारम्भिक आदान-प्रदानमा इजरायली जेलमा रहेका कम्तीमा हजार प्यालेस्टिनी कैदीको बदलामा ३३ इजरायली बन्धकलाई रिहा गर्ने विषय छ । 'पहिलो चरणको सम्झौता कार्यान्वयन भयो भने युद्धविराम सुरु भएको १६औं दिनमा इजरायलले



> पहिलो चरणको सम्झौता कार्यान्वयन भयो भने युद्धविराम सुरु भएको १६औं दिनमा इजरायलले बाँकी बन्दीहरूलाई मुक्त गर्न दोस्रो चरणमा वार्ता सुरु गर्नेछ

●●●

बाँकी बन्दीहरूलाई मुक्त गर्न दोस्रो चरणमा वार्ता सुरु गर्नेछ,' रिपोर्टमा भनिएको छ ।

इजरायली मिडियाले मंगलबार प्रस्तावित सम्झौताका बुँदामा पहिलो चरणको सम्झौताको कार्यान्वयनको अवधिमा इजरायलले गाजाभित्र बफर क्षेत्र कायम राख्न पाउने बताइएको छ । 'सबै बन्धक फिर्ता नभएसम्म इजरायली सेना गाजाबाट फिर्ता हुने अपेक्षा गरिएको छैन । तथापि, पहिलो चरणको सम्झौता कार्यान्वयन भइरहँदा हाल दक्षिणी गाजाका बासिन्दालाई उत्तर जान लगाइएको प्रतिबन्ध हटाइनेछ,' उदारवादी इजरायली पत्रिका हारेट्जले भनेको छ ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले सोमबार नै युद्धविराम र बन्धक मुक्तिको सम्झौता लगभग अन्तिम चरणमा पुगेको बताएका थिए । अन्य विवादका विषयमा विस्थापित गाजावासीहरूको घर फिर्ती, प्यालेस्टिनी क्षेत्रबाट इजरायली सेनाको फिर्ती र सीमानाकाहरू पुनः खुला गर्ने विषय समावेश छन् । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले गाजाबाट इजरायली सेनाको पूर्ण फिर्तीलाई दृढतापूर्वक अस्वीकार गर्दै आएका छन् । उनी त्यस भागमा प्यालेस्टिनी शासनको समेत विपक्षमा छन् । मिडिया रिपोर्टअनुसार सम्झौता भएमा त्यसलाई इजरायली मन्त्रिमण्डलको स्वीकृति आवश्यक पर्ने सम्भावना छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बुधबार २ माघ ०८१

नेपाल-भारत अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति बढ्दो

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल-भारत अन्तरदेशीय 'क्विक रेस्पोन्स कोड' (क्युआर) भुक्तानी प्राप्ति बढ्दै गएको छ। फोनपे पेमेन्ट सर्भिस लिमिटेडले भारतको फोनपेसँगको सहकार्यमा फागुन ०८० देखि सीमापार क्युआर भुक्तानी प्राप्ति सुरु गरेको हो। त्यसअन्तर्गत भारतीय फोनपे, पेटिएम, गुगल-पे र भीम एपबाट नेपाली फोनपेको मर्चेन्ट खाताको क्युआर स्क्यान गरेर भुक्तानी गर्न मिल्छ। यस्तो भुक्तानी पछिल्लो समय बढ्दै गएको नेपाल राष्ट्र बैंक र फोनपेबाट प्राप्त तथ्यांकले देखाउँछ।

फोनपेले नेपाली खाताबाट भारतीय क्युआर स्क्यान गरेर भुक्तानी गर्ने सेवा प्रवाह गर्न पनि राष्ट्र बैंकबाट स्वीकृति पाइसकेको छ। तर, भारतीय पक्षबाट तयारी पूरा नहुँदा सेवा सुरु हुन सकेको छैन। अहिले भने भारतीय पर्यटक तथा नागरिकले त्यहाँको फोनपे, पेटिएम, गुगल-पे र भीम एपबाट नेपाली फोनपेको मर्चेन्ट खाता (क्युआर)मा गर्ने भुक्तानी बढ्दो छ।

यस्तो सेवा सञ्चालनमा आएको आव ०८०/८१ (फागुन-असार)मा ३२ करोड १० लाखबराबरको एक लाख ३४ हजार सात सय एकवटा अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति भएको थियो। चालू आव ०८१/८२ को पहिलो पाँच महिनामा नै ६६ करोड ५० लाखबराबरको अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति भइसकेको छ। कारोबार संख्या पनि दुई लाख २५ हजार ६ सय आठवटा रहेको देखिन्छ।

कम्पनीले उपलब्ध गराएको तथ्यांकअनुसार साउनमा आठ करोड ६० लाखबराबरको अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति भएको छ। साउनको कारोबार संख्या भने ३७ हजार सात सय आठवटा रहेको छ। यसैगरी, भदौमा नौ करोड १० लाख रुपैयाँबराबरको ३६ हजार आठ सय २७ वटा यस्ता कारोबार भएका छन्।

राष्ट्र बैंकले सार्वजनिक गरेको तथ्यांकअनुसार असोजमा १३ करोड ९० लाख रुपैयाँबराबरको अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति भएको छ। उक्त महिना ४३ हजार नौ सय ६ वटा कारोबार भएको तथ्यांकमा देखिन्छ। कात्तिकमा १५ करोड ६० लाख रुपैयाँबराबरको ५० हजार चार सय ५५ वटा र मंसिरमा १९ करोड ३० लाख रुपैयाँबराबरको ५६ हजार सात सय १२ वटा अन्तरदेशीय क्युआर प्राप्ति भएका छन्।

नेपाल घुम्न आउने भारतीय नागरिकले नेपालको वस्तु तथा सेवा खरिद गरेबापत यहाँको होटेल, रेस्टुरेन्ट, सुपर मार्केटलगायतका मर्चेन्ट खाता (फोन पेको क्युआर बनाएको खाता)मा क्युआरमार्फत भुक्तानी गरेका हुन्।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिवसकुमार सापकोटाले पछिल्लो समय नेपाल-भारत अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति बढ्दै गएको बताए। 'नेपालमा भारतीय पर्यटकको हिस्सा धेरै नै छ। तर, अन्तरदेशीय डिजिटल पेमेन्टको सुविधा नहुँदा उनीहरू नगद नै बोक्न बाध्य थिए। तर, अहिले क्युआरबाट भुक्तानी गर्ने सुविधा भएपछि नेपाल घुम्न आउने भारतीय पर्यटकलाई सहज हुँदै गएको छ,' उनले भने।

कुन महिना कति अन्तरदेशीय क्युआर भुक्तानी प्राप्ति

साउन	८ करोड ६० लाख रुपैयाँ
भदौ	९ करोड १० लाख रुपैयाँ
असोज	१३ करोड ९० लाख रुपैयाँ
कात्तिक	१५ करोड ६० लाख रुपैयाँ
मंसिर	१९ करोड ३० लाख रुपैयाँ

स्रोत : नेपाल राष्ट्र बैंक र फोनपे

अन्तरदेशीय डिजिटल भुक्तानी पनि अन्तिम चरणमा

नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)ले पनि सबै प्रकृतिका नेपाल-भारत अन्तरदेशीय डिजिटल भुक्तानी सुरु गर्ने तयारी अन्तिम चरणमा पुऱ्याइसकेको छ। नेपाल र भारतबिच अन्तरदेशीय डिजिटल भुक्तानी सुरु गर्न जेठ ०८० मा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को भारत भ्रमणमा नेपालको तर्फबाट नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल) र भारततर्फ नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (एनपिसिआई)बिच सम्झौता भएको थियो। त्यसपछि उनीहरूले एक-अर्काको भुक्तानी प्रणालीलाई अन्तरआबद्ध गरेर परीक्षणसमेत गरिसकेका छन्। परीक्षण सफल भएपछि अहिले 'क्लोज युजर ग्रुप'मा अन्तरदेशीय डिजिटल भुक्तानी भइरहेको छ। अब छिट्टै सर्वसाधारणका लागि पनि अन्तरदेशीय डिजिटल भुक्तानी खुला गरिने एनसिएचएलका प्रमुख कार्यकारी अधिकृत निलेशमान प्रधानले जानकारी दिए।

नेपालका वाणिज्य बैंक र राष्ट्रियस्तरका विकास बैंकको मोबाइल बैंकिङलगायतका माध्यमबाट भारतीय बैंकको खातामा भुक्तानी गर्न सकिनेछ। साथै, भारतीय बैंकको खाताबाट नेपालका वाणिज्य र राष्ट्रियस्तरको विकास बैंकको खातामा डिजिटल माध्यमबाट व्यक्तिगत खातामै भुक्तानी गर्न सकिनेछ। अर्थात्, 'पर्सन टु पर्सन' मोडेलमा अन्तरदेशीय डिजिटल भुक्तानी सुरु गर्न सकिनेछ।

अहिले नेपाल र भारतबिच फोनको क्युआर भुक्तानी प्राप्तिबाहेक स्विच र एटिएम कार्डमार्फत अन्तर्राष्ट्रिय कारोबार तथा भुक्तानी हुने गरेको छ। एटिएम कार्ड नगदमै आधारित कारोबार हो। स्विच कारोबारलाई डिजिटल मान्ने गरे पनि यो बैंक र भुक्तानी प्रणाली सञ्चालकले प्रयोग गर्ने प्रविधि हो।



अर्थतन्त्र सुधारमा शक्तिशाली सरकारको कमजोर प्रदर्शन

६ महिनामा वार्षिक लक्ष्यको ३९.४३ प्रतिशत राजस्व संकलन, १६.१६ प्रतिशत मात्रै पुँजीगत खर्च

कृष्ण रिजाल/नयाँ पत्रिका



भन्डै दुईतिहाइ बहुमत भएको वर्तमान सरकार देशको आर्थिक समस्या समाधान गरी अर्थतन्त्रलाई गति दिने काममा भने चुकेको छ। सरकार गठनको ६ महिनामा आर्थिक सूचक औसत देखिएका छन् भने आमसर्वसाधारणमा आशा जगाउने विकासका काम पनि हुन सकेका छैनन्।

सत्ता साझेदार दल एमाले र कांग्रेसले अर्थतन्त्र सुधारलाई वर्तमान सरकारको प्रमुख प्राथमिकतामा राखेका थिए। कांग्रेस-एमालेले गरेको सहमतिको तेस्रो बुँदामा 'अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय वातावरण तयार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने' उल्लेख थियो। तर, अर्थतन्त्रमा देखिएको शिथिलतालाई कम गर्ने गरी आर्थिक गतिविधि बढाउन एवं आमसर्वसाधारणमा आशा जगाउन सरकार असफल भएको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष एवं नेपाली कांग्रेसका नेता प्रा.डा. गोविन्दराज पोखरेल बताउँछन्।

■ चालू खर्च बढ्यो, पुँजीगत खर्च घट्यो

चालू आवको ६ महिनामा सरकारले पाँच खर्ब ५९ अर्ब ६० करोड राजस्व संकलन गरको छ, जुन वार्षिक लक्ष्यको ३९.४३ प्रतिशत हो। गत वर्षको सोही अवधिको तुलनामा राजस्व संकलन ४.५३ प्रतिशत विन्दुले मात्रै बढेको छ। यस अवधिमा चार खर्ब ५२ अर्ब चालू खर्च भएको छ जुन वार्षिक विनियोजनको ३९.६३ प्रतिशत हो। गत आवको तुलनामा चालू खर्च १.३२ प्रतिशतले बढी हो। यो ६ महिनामा ५६ अर्ब ९३ करोड पुँजीगत खर्च भएको छ, जुन वार्षिक विनियोजनको १६.१६ प्रतिशत हो। गत वर्षको सोही अवधिको तुलनामा पुँजीगत खर्च ०.१४ प्रतिशतले न्यून हो। राजस्व र पुँजीगत खर्चमा सुधार आउन नसके पनि सार्वजनिक ऋण भने नियमित रूपमा बढ्दै गएको छ। यसबिचमा सरकारले एक खर्ब ९२ अर्ब २९ करोड सार्वजनिक ऋण उठाएको छ। सरकारले तिर्न बाँकी ऋण २४ खर्ब ९२ अर्ब ४१ करोड पुगेको छ।

■ पहिलो त्रैमासमा चार वर्षयताकै न्यून वृद्धिदर

चालू आवको पहिलो त्रैमासमा ३.४ प्रतिशतको आर्थिक वृद्धि हुने राष्ट्रिय तथ्यांक कार्यालयको अनुमान छ। यो वृद्धिदर पछिल्ला चार आर्थिक वर्षको सोही अवधिको तुलनामा सबैभन्दा न्यून हो। पहिलो त्रैमासमा निर्माण क्षेत्रको वृद्धिदर ०.३ प्रतिशतले ऋणात्मक हुने कार्यालयको अनुमान छ। निर्माणका गतिविधि सुस्त भएको तथा निर्माणजन्य सामग्रीको आयातमा गिरावट आएका कारण निर्माण क्षेत्र झिनो अंकले संकुचित हुन पुगेको कार्यालयको प्रतिवेदनमा उल्लेख छ। अर्थतन्त्रको दोस्रो ठुलो क्षेत्र थोक तथा खुद्रा व्यापारको वृद्धिदर ०.५ प्रतिशत मात्र हुने प्रारम्भिक अनुमान छ। यसले अर्थतन्त्रमा शिथिलता नै रहेको देखाउने विज्ञहरू बताउँछन्। कार्यालयको तथ्यांकले अर्थतन्त्रले अझै पिकअप लिन नसकेको देखाउने उपभोक्तावादी प्रेमलाल महर्जन बताउँछन्। 'स्थानीय बजारमा मूल्यवृद्धिको यो स्थिति १५-२० वर्षयता आएकै थिएन,' उनले भने, 'तर, सरकारले नियन्त्रण गर्न सकेको छैन, तीन तहको सरकार भए पनि बजारमा कुनै पनि सरकारको उपस्थिति देखिँदैन।'

■ थुप्रिँदै तरलता, कर्जा प्रवाह न्यून

बैंक तथा वित्तीय संस्थामा ६ खर्बभन्दा बढी लगानीयोग्य रकम (तरलता) थुप्रिएको छ। तर, निजी क्षेत्रले कर्जा बढाउन सकेका छैनन्। राष्ट्र बैंकका अनुसार यस अवधिमा आन्तरिक कर्जा प्रवाह वृद्धिदर घटेको छ। आर्थिक वर्ष ०८१/८२ को पाँच महिनामा कुल आन्तरिक कर्जा १.६ प्रतिशतले बढेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा २.८ प्रतिशतले बढेको थियो।



अर्थतन्त्रका कुनै पनि समस्या सम्बोधन भएनन्

● **प्रा.डा. गोविन्दराज पोखरेल**
पूर्वउपाध्यक्ष, राष्ट्रिय योजना आयोग

दुई ठूला दल मिलेर बनेको शक्तिशाली सरकारबाट अर्थतन्त्रमा जुन किसिमको सुधार हुने आशा गरिएको थियो, त्यो हुन सकेन। यो ६ महिनामा अर्थतन्त्रका कुनै पनि समस्याको सम्बोधन भएन। न खर्च बढ्यो, न राजस्व उच्चदरमा बढ्यो, न त लगानी नै बढ्न सक्यो। रोजगारीका अवसर सिर्जना भएको देखिएन, आर्थिक सुशासनसमेत बढेको छैन। गत वर्षको ६ महिनाको तुलनामा थोरै मात्रै राजस्व बढेको छ, पुँजीगत खर्च अझ कम छ। रेमिट्यान्स बढेको छ, तर यो सरकारको सफलता होइन। विकासका मुख्य सूचक औसत देखिए, कुनै सकारात्मक परिवर्तन भएनन्, जनताले यो अपेक्षा गरेका थिएनन्। मूल्यवृद्धि उच्च छ। सरकारले गरिखाने वर्गमा आशा जगाउन सकेन। पुँजीगत खर्च वृद्धि, राजस्व चुहावट नियन्त्रण, लगानी विस्तार र आकर्षण वृद्धि र फजुल खर्च कटौतीमा विशेष ध्यान दिनुपर्ने देखिएको छ।

अर्थशास्त्री डा. डिल्लीराज खनाल बताउँछन्।

■ मूल्यवृद्धिमा मूकदर्शक सरकार

सिमेन्ट, चिनीलगायत वस्तुमा कार्टेलिङ गरी मूल्यवृद्धि हुँदासमेत सरकार मौन बसेको छ। सिमेन्टको भाउ बढेको भन्दै निर्माण व्यवसायीले आन्दोलनको चेतावनी दिएका छन् भने कोशी प्रदेशका हार्डवेयर व्यवसायीले सिमेन्ट बेच्न नै बन्द गरेका छन्। उपभोक्तावादीले मूल्यवृद्धि नियन्त्रण गर्न भन्दै प्रधानमन्त्रीलाई नै चिठी बुझाएका छन्। सरकारी तथ्यांकले पनि मूल्यवृद्धि रोक्न सरकार चुकेको देखाएको छ। नेपाल राष्ट्र बैंकको तथ्यांकले पनि भदौमा ३.८६ प्रतिशत, असोजमा ४.८१ प्रतिशत, कात्तिकमा ५.६ प्रतिशत पुगेको मुद्रास्फीति मंसिरमा ६.०५ प्रतिशत कायम भएको छ। पाँच महिनाको औसत मुद्रास्फीति ४.८८ प्रतिशत छ। बजारमा मूल्यवृद्धिको अराजक प्रवृत्ति देखिए पनि सरकार मूकदर्शक बनिरहेको

■ बाह्य क्षेत्र भने सबल

यद्यपि, अर्थतन्त्रको बाह्य क्षेत्र भने सबल नै देखिएको छ। चालू आवको पाँच महिनामा चालू खाता एक खर्ब ४० अर्ब ७१ करोडले बचतमा छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ४१ अर्ब तीन करोडले बचतमा थियो। समीक्षा अवधिमा शोधनान्तर स्थिति दुई खर्ब २५ अर्ब ३४ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब १६ अर्ब पाँच करोडले बचतमा रहेको थियो। ०८१ असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोडबराबर रहेको कुल विदेशी विनिमय सञ्चिति ११.४ प्रतिशतले वृद्धि भई मंसिर मसान्तमा २२ खर्ब ७३ अर्ब २६ करोड पुगेको राष्ट्र बैंकको तथ्यांक छ।

■ बंगलादेशमा विद्युत् निर्यात

यहीबिचमा नेपालले पहिलोपटक बंगलादेशमा विद्युत् निर्यात गरेको छ। गत ३० कात्तिकमा नेपालको ४० मेगावाट विद्युत् भारतीय प्रसारणलाइनमार्फत सीमा नै नजोडिएको क्षेत्रीय मुलुक बंगलादेशमा निर्यात भएको छ। गत असोजमा नेपाल, भारत र बंगलादेशबिच भएको विद्युत् निर्यातसम्बन्धी सम्झौताअनुसार १५ जुनदेखि १५ नोभेम्बर (असारदेखि कात्तिक)सम्म मात्रै नेपालबाट बंगलादेशमा विद्युत् निर्यात गर्न पाइन्छ। अब १५ जुन ०२५ देखि पुनः बंगलादेशमा विद्युत् निर्यात गरिनेछ।

■ नेप्सेमा सुधार, तर उतारचढाव कायमै

एमाले र कांग्रेस गठबन्धन बन्नुअघि १६ असारमा नेपाली सेयर बजार अर्थात् नेपाल स्टक एक्सचेन्ज परिसूचक २०६९.५३ विन्दुमा थियो। सरकार गठन हुनुअघि अर्थात् २८ असारमा भने सेयर बजार २१२१.६२ विन्दुमा थियो। त्यसपछि त्यो बढेर ३१ साउनमा तीन हजार विन्दुमा पुगेको थियो। २९ पुसमा नेप्से सूचक २५९४.१३ विन्दुमा सीमित भएको छ।

नयाँ सरकार आएपछि नेप्सेले यसअघिको ३२ सयको रेकर्ड तोड्ने अपेक्षा थियो। त्यो रेकर्ड तोडिएमा 'केक' काट्ने योजनासमेत सरकारले बनाएको थियो। नयाँ सरकार आएपछि सुरुको समयमा उत्साहका साथ सेयर बजार बढे पनि पछिल्लो समय भने उत्साह देखिएको छैन। यद्यपि, सरकार आउनुभन्दा अघिको तुलनामा नेप्से सूचक उच्च नै देखिन्छ।

६ महिनामा सल्यानबाट ४९ करोडको ताजा तरकारी बिक्री



सल्यानमा **दीपक शर्मा**

सल्यानबाट चालू आर्थिक वर्षको ६ महिनामा ४९ करोडभन्दा बढीको ताजा तरकारी तथा फलफूल अन्य जिल्लामा बिक्री गरिएको छ। बेमौसमी तरकारी खेतीका लागि परिचित सल्यानबाट उक्त अवधिमा ४९ करोड १६ लाखबराबरको ६२ हजार तीन सय ११ क्विन्टल तरकारी तथा फलफूल अन्य जिल्लामा पठाइएको कृषिउपज बजार सञ्चालक समिति कपुरकोटले जनाएको छ।

जिल्लाबाट सबैभन्दा बढी राजमा सिमी एक सय ७७ रुपैयाँ प्रतिकिलो र सबैभन्दा कम फर्सी प्रतिकिलो १५ रुपैयाँका दरले बिक्री भएको कृषिउपज बजार सञ्चालक समिति कपुरकोटका अध्यक्ष तिलक शर्माले जानकारी दिए। त्यस्तै, सबैभन्दा धेरै २७ हजार पाँच सय ६८ क्विन्टल टमाटर बिक्रीबाट किसानले २४ करोड ५३ लाख आम्दानी गरेको उनले जानकारी दिए। सल्यानमा उत्पादन भएको बेमौसमी तरकारी विशेष गरी दाङ, बुटवल, पोखरा, नेपालगन्ज, धनगढी र काठमाडौंसम्म पुग्छ। देशकै दोस्रो ठूलो तरकारी संकलन केन्द्र कपुरकोटमा मंसिरसम्म तरकारीको बजार सञ्चालन हुने गर्छ। उत्पादित कृषिउपज यसपटक राम्रो भाउ पाएकाले किसानले आकर्षक आम्दानी गरेको अध्यक्ष शर्माले जानकारी दिए।

कपुरकोटमा कृषि मिनील्याब

सल्यानको कपुरकोटमा कृषि मिनील्याब स्थापना गरिएको छ। किसानको खेतबारीको माटो परीक्षण तथा रोग-किराको पहिचान गर्न कपुरकोट गाउँपालिकाले कृषि मिनील्याब सञ्चालनमा ल्याएको हो। ल्याब सञ्चालनमा आएसँगै माटो परीक्षण र रोग-किरा पहिचानका लागि जिल्लाबाहिर जानुपर्ने कृषकहरूको बाध्यता हटेको कपुरकोट गाउँपालिका उपाध्यक्ष प्रकाश भण्डारीले बताए। उनले भने, 'माटोमा कुन पदार्थ कति छ, माटोमा उर्वराशक्ति बढाउन के गर्नुपर्छ, रोग-किराको उपचार कसरी गर्ने भन्नेबारे कृषि मिनील्याबले किसानलाई जानकारी दिन सहज हुन्छ।'

पछिल्लो समय अत्यधिक रासायनिक मल र विषादी प्रयोगका कारण माटोको अवस्था बिग्रँदै गएको र नयाँ रोग तथा किराहरू देखा परेकाले यसलाई नियन्त्रण गर्न कृषि क्षेत्र विकास कार्यक्रम (एएसडिपी)को सहयोगमा कृषि मिनील्याब स्थापना गरिएको भण्डारीले बताए। उनका अनुसार कृषि मिनील्याबमा पालिकाभित्रका किसानले निःशुल्क तथा पालिकाबाहिरका किसानले शुल्क तिरेर आफ्नो खेतबारीको माटोको परीक्षण र रोग-किराको पहिचान गरी उपचार विधि पत्ता लगाउन सक्नेछन्। ल्याबसँगै रोग-किरा तथा किसानको गुनासो सुनुवाइ गर्न कृषक परामर्श केन्द्रको समेत सञ्चालनमा ल्याइएको कृषिउपज बजार सञ्चालक समिति अध्यक्ष तिलक शर्माले जानकारी दिए।

■ इभीले भरिभराउ बन्दरगाह



चोभारस्थित सुक्खा बन्दरगाहमा भन्सार जाँचपासका लागि पार्किङ गरिएका विद्युतीय सवारीसाधन। चोभारबाटै भन्सार जाँचपासको सुविधा भएपछि व्यवसायीले सीधै चोभारमा गाडी ल्याउन थालेका छन्। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

कानुन संशोधन सकारात्मक : परिसंघ

नयाँ पत्रिका

देशमा आर्थिक तथा व्यावसायिक वातावरण सुधार्न, लगानी अभिवृद्धि एवं सार्वजनिक सेवा प्रवाहमा सुशासन प्रवाह गर्न कानुनहरूमा गरिएको संशोधनलाई नेपाल उद्योग परिसंघले स्वागत गरेको छ। परिसंघले समृद्ध अर्थतन्त्र निर्माणका लागि कानुनमा सुधार अपरिहार्य रहेको अवस्थामा सरकारले केही कानुनहरूमा गरेको सुधारलाई सकारात्मक कदम ठानेको छ।

परिसंघले संशोधित कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारसँग अनुरोधसमेत गरेको छ। परिसंघले समग्र अर्थतन्त्रको विकासका लागि कानुनमा गरिनुपर्ने सुधारसम्बन्धी विस्तृत अध्ययनसहितको सुझाव सरकारलाई बुझाएको थियो। हाल बजारको समग्र मागमा आएको उच्च संकुचन तथा व्यवसायीहरूको खस्कँदो मनोबललगायतका कारणले लगानी बढ्न नसकिरहेको अवस्थामा कानुनहरूमा गरिएको सुधारले लगानीकर्तामा सकारात्मक सन्देश जाने परिसंघको विश्वास छ।

यद्यपि, गएको वैशाखमा सम्पन्न लगानी सम्मेलनको पूर्वसन्ध्यामा केही कानुनहरूमा संशोधन गरिए तापनि समयमै आवश्यक नियमावली तथा कार्यविधि नबनाइँदा सुधार गरिएका कानुनहरूबाट अपेक्षाकृत उपलब्धि हासिल हुन नसकेको तर्फ परिसंघले ध्यानाकर्षण गराएको छ। हाल सुधार गरिएका कानुनको प्रभावकारी कार्यान्वयनका लागि समयमै आवश्यक नियमावली तथा कार्यविधिहरू ल्याउनसमेत परिसंघले जोडदार माग गरेको छ। परिसंघले अर्थ, भूमि र सार्वजनिक खरिदलगायत कानुनहरूमा समेत यथाशीघ्र सुधार गर्न अनुरोध गरेको छ। सरकारले आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेशमार्फत ११ वटा, सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको अध्यादेशमार्फत १२ वटासहित २४ वटा कानुनमा गरेको संशोधनले देशमा लगानी अभिवृद्धि गर्न सहयोग पुग्ने परिसंघको बुझाइ छ।

स्वास्थ्य बिमा ऐन संशोधन अब हरेक पालिकामा सेवाप्रदायक संस्था रहने

अब बिमित कार्यरत क्षेत्रमा प्रथम विन्दु कायम गर्न चाहेमा सम्भव हुने भएको छ

काठमाडौं/ स्वास्थ्य बिमा सेवाका लागि अब हरेक तहमा एउटा सेवाप्रदायक संस्था रहने भएको छ। स्वास्थ्य बिमा ऐन, २०७४ मा भएको संशोधनअनुसार अब स्वास्थ्य बिमा बोर्डले सम्झौता गर्दा हरेक तहमा कम्तीमा एउटा सेवाप्रदायक संस्था रहनुपर्ने व्यवस्था गरेको छ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले यससम्बन्धी संशोधन प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लगेकामा स्वीकृत भई कानुन संशोधन भएको हो। संशोधित ऐनको व्यवस्थाअनुसार यसअघि बिमा सदस्य बने पनि पालिकामा सेवा लिन नपाउने समस्या अन्त्य हुने अपेक्षा गरिएको छ। ऐन संशोधनको प्रस्टीकरण खण्डमा 'यसअघि स्थायी ठेगाना भएको तहबाट रेफरल लिनुपर्ने भएकामा अबको व्यवस्थाले प्रथम सेवा विन्दु भन्नाले बिमितले सर्वप्रथम स्वास्थ्य सेवा लिने गरी रोजेको स्वास्थ्य संस्था सम्झनुपर्छ' भनेर व्याख्या गरिएको छ।

यस आधारमा अब बिमित कार्यरत क्षेत्रमा प्रथम विन्दु कायम गर्न चाहेमा सम्भव हुने भएको छ। यसका लागि स्वास्थ्य बिमा नियमावलीसमेत संशोधन गर्ने गरी तयारी अघि बढेको मन्त्री पौडेलको सचिवालयले जनाएको छ। नियमावली संशोधन भएपश्चात् कार्यरत स्थानबाट बिमा सुविधा लिन स्थायी ठेगाना भएको ठाउँमा जानैपर्ने अवस्था कम हुने विश्वास मन्त्रालयले गरेको छ। मन्त्री पौडेलले बिमित रहेकै स्थानबाट सेवा लिन मिल्ने गरी व्यवस्था गर्ने सार्वजनिक प्रतिबद्धता जनाएका थिए।


मन्त्रालयका प्रवक्ता प्रकाश बुढाथोकीका अनुसार संशोधनमार्फत अब कार्यकारी निर्देशक नियुक्त नहुँदासम्मका लागि वैकल्पिक व्यवस्था भएको छ। यसले कार्यकारी निर्देशक नियुक्त नहुँदासम्म निमित्त कार्यकारीका सट्टा पूर्ण अधिकारसहितकै कार्यकारी निर्देशकका रूपमा कर्मचारी खटाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई बाटो खुला गरेको छ। यसले भावी दिनमा कार्यकारी निर्देशकको रिक्ततासम्बन्धी समस्या सम्बोधन गर्न सक्ने मन्त्री पौडेलको सचिवालयले जनाएको छ।

-रासस

एनसेलको 'सधैँ अन'मा अनलिमिटेड नाइट डेटा

काठमाडौं/ एनसेलका सधैँ अन प्याक लिने ग्राहकले अब निःशुल्क अनलिमिटेड नाइट डेटा प्याक पाउने भएका छन्। यससँगै ग्राहकले रातको समयमा अनलिमिटेड मोबाइल इन्टरनेट पहुँचको फाइदा लिन सक्नेछन्।

गत बिहीबारबाट सुरु भएको यो योजनाअन्तर्गत सधैँ अनका ३९९ बाट सुरु हुने बेस्ट र ७९९ बाट सुरु हुने अनलिमिटेड प्याक लिने ग्राहकले राति ११ बजेदेखि बिहान ७ बजेसम्म अनलिमिटेड डेटा सेवाको फाइदा लिन सक्छन्। प्याकमा पाइने बन्डल सेवा-सुविधाबाहेक अब ग्राहकले यो नाइट डेटा पनि पाउने कम्पनीले जनाएको छ।



सधैँ अन लिने ग्राहकलाई थप लाभ प्रदान गर्नका लागि एनसेलले यो योजना लागू गरेको हो। ३९९, ४९९, ५९९ का बेस्ट प्याक ७९९, ९९९ र १,४९९ रुपैयाँका अनलिमिटेड प्याक लिने ग्राहकले यो योजनाबाट फाइदा लिन सक्छन्। यो थप सुविधाबाहेक कम्पनीले यी प्याक लिने ग्राहकलाई पहिला नै अनलिमिटेड युट्युबमा पहुँच प्रदान गर्दै आएको छ।

२८ दिन भ्यालिडिटी रहेको बेस्ट प्याकमा प्याकअनुसार बन्डल सेवामा ग्राहकले ८ जिबीदेखि २० जिबीसम्म डेटा, ३९९ मिनेटदेखि ५९९ मिनेटसम्म अल नेपाल टक टाइम प्रदान गर्दै आएको छ। त्यसैगरी, सधैँ अनको अनलिमिटेड प्याकका ग्राहकले ३० जिबीदेखि १०० जिबीसम्म डेटा र अनलिमिटेड अल नेपाल टक टाइम पाउँदै आएका छन्।

एनसेलले गत जेठमा फाइभजी भिजनमा आधारित हुँदै सधैँ अन योजना सञ्चालनमा ल्याएको थियो। यसको मुख्य औचित्य भनेको आमनेपाली ग्राहकलाई आफ्नो ब्यालेन्स खतम हुने डर नगरी डेटा सधैँ अन राख्न प्रेरित गर्दै सशक्त बनाएर डिजिटल भविष्यतिर डोऱ्याउनु रहेको कम्पनीले जनाएको छ।

कालिका लघुवित्तको १० प्रतिशत लाभांश पारित



काठमाडौं/ कालिका लघुवित्त वित्तीय संस्थाको १५औँ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ। साधारणसभाले गत आवको सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा विभिन्न प्रस्तावसहित ९.५ प्रतिशत बोनस सेयर र कर प्रयोजनार्थ ०.५ प्रतिशत नगद लाभांश पारित गरेको छ।

साथै, बोनस सेयर वितरणपछि संस्थाको चुक्ता पुँजी वृद्धि भई ४० करोड ७६ लाख ९२ हजार पुगेको छ।

साथै, उक्त साधारणसभामा सर्वसम्मत रूपमा नयाँ सञ्चालक समितिको समेत चयन भएको छ।

नयाँ सञ्चालक समितिमा संस्थापक समूहको तर्फबाट चन्द्रबहादुर क्षेत्री, चन्द्रबहादुर बस्नेत, रमाकुमारी शर्मा र गणेश पौडेल तथा सर्वसाधारण सेयरधनीको तर्फबाट विश्वराज नेपाल र युक्तबहादुर सुवेदी निर्विरोध निर्वाचित भएका छन्। सोही दिन बसेको सञ्चालक समितिको बैठकले सञ्चालक चन्द्रबहादुर क्षेत्रीलाई सर्वसम्मत रूपमा पुनः अध्यक्ष चयन गरेको छ।

फोनपेले १०.५३% लाभांश दिने



काठमाडौं/ फोनपे पेमेन्ट सर्भिस लिमिटेडको पाँचौँ वार्षिक साधारणसभा सम्पन्न भएको छ।

सञ्चालक समितिका अध्यक्ष ससिन जोशीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा आर्थिक वर्ष ०८०/८१ को लेखा परीक्षकको प्रतिवेदनसहितको वासलात, नाफा-नोक्सान, हिसाब तथा नगद प्रवाह विवरणलगायतका वित्तीय विवरणमाथि छलफल गरी पारित गरिएको छ। साथै, चालू आवका लागि लेखा परीक्षक नियुक्ति पनि गरिएको छ। साथै सभाले फोनपेका सेयरधनीलाई ०८१ असार मसान्तमा कायम रहेको चुक्ता पुँजीको १०.५३ प्रतिशत नगद लाभांश (करसमेत) वितरण गर्ने निर्णय गरेको छ।

प्रोग्रेसिभ फाइनान्सले गऱ्यो एकसाथ दुई आवको साधारणसभा

काठमाडौं/ प्रोग्रेसिभ फाइनान्सले एकसाथ दुई आर्थिक वर्षको साधारणसभा सम्पन्न गरेको छ। कम्पनीले २७औँ एवं २८औँ वार्षिक साधारणसभा संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद महर्जनको अध्यक्षतामा सम्पन्न गरेको हो।

साधारणसभामा सञ्चालक समितिका तर्फबाट प्रतिवेदन पेस गर्दै अध्यक्ष महर्जनले संस्थाले आर्थिक वर्ष ०७९/८० तथा ०८०/८१ मा गरेका कार्यक्रम तथा गतिविधिबारे प्रकाश पारे। साथै, चालू आर्थिक वर्षमा संस्थाले सञ्चालन गरेका तथा आगामी आर्थिक वर्षमा संस्थाले सञ्चालन गर्ने कार्यक्रम तथा योजनाबारे जानकारी दिए।

साधारणसभाले आर्थिक वर्ष ०७९/८० तथा ०८०/८१ को वित्तीय अवस्थाको विवरण, नाफा-नोक्सान विवरण छलफलपश्चात् स्वीकृत गरेको छ।

ग्लोबल आइएमई लघुवित्तको १२औँ वार्षिक साधारणसभा

पोखरा/ ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेडको बाह्रौँ वार्षिक साधारणसभा आज पुस २९ गते सोमबार पोखरामा सम्पन्न भएको छ। साधारणसभाले आर्थिक वर्ष ०८०/८१ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरू पारित गरेको छ।

वित्तीय संस्थाका कम्पनी सचिव एवं प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशीको सञ्चालनमा भएको उक्त कार्यक्रमको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष बुद्धि अकेलाले गरेका थिए भने उपस्थित सम्पूर्ण महानुभावलाई सञ्चालक रूपेन्द्र वाग्लेले स्वागत गरेका थिए।


कार्यक्रममा सेयरधनी महानुभावबाट उठेका जिज्ञासा एवं सुझावको



जवाफ दिँदै संस्थाका अध्यक्ष अकेलाले यस विषम परिस्थितिमा पनि वित्तीय संस्थाका सूचकांकहरू अब्बल रहेको र आगामी दिनमा आफ्ना सेयरधनी एवं ग्राहक सदस्यको सर्वोपरि हित हुने गरी कार्य गरिने बताए। राष्ट्रियस्तरको कार्यक्षेत्र भएको यस वित्तीय संस्थाले देशका ५४ जिल्लामा एक सय २१ वटा शाखा कार्यालयमार्फत एक लाख ५२ हजारभन्दा बढी सदस्यलाई वित्तीय सेवा प्रदान गर्दै करिब नौ अर्ब ६५ करोड कर्जा लगानी गरेको वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिकृष्ण जोशीले बताए।

वर्णबास म्युजियम होटेलले आइपिओ ल्याउँदै

काठमाडौं/ वर्णबास म्युजियम बुटिक होटेलले सर्वसाधारणका लागि आइपिओ जारी गर्ने भएको छ। सोमबार बसेको होटेलको प्रथम वार्षिक साधारणसभाबाट आइपिओ जारी गर्ने विशेष प्रस्ताव पारित गरेको हो।



वर्णबास होटेलमा 'म्युजियम, सांस्कृतिक सम्पदा र लक्जरी'को अद्वितीय संयोजन रहेको सञ्चालक राजेन्द्र बजगाईंले बताए। उनले लगानीकर्ताको हित र नैतिक व्यावसायिक अभ्यासलाई कायम राख्दै प्रतिकित्ता सय रुपैयाँमा अंकित दरमा सेयर जारी गर्ने तयारी गरेको जानकारी गराए। 'वर्णबास म्युजियम होटेलले लगानीकर्ताका लागि सांस्कृतिक रूपमा प्रतीकात्मक र आर्थिक रूपमा सुरक्षित सम्पत्तिमा लगानी गर्ने अवसर प्रदान गर्नेछ,' उनले भने, 'यसको अनुपम स्थान, सांस्कृतिक महत्त्व र लक्जरी सुविधाले प्रतिफलदायी लगानीको प्रत्याभूति गर्नेछ।'

वर्णबास होटेल करिब सवा अर्ब रुपैयाँमा लगानीमा निर्माण भएको हो। होटेल निर्माण लागतमा कुनै हेरफेर नगरेको हुनाले सर्वसाधारण लगानीकर्ताका लागि आकर्षक र प्रतिफलदायी सेयर हुने बजगाईंको भनाइ छ। जबकि, पछिल्लो समय सर्वसाधारणलाई आइपिओ बिक्री गर्नका लागि लगानी बढी देखाएर लागतमा व्यापक हेरफेर गर्ने प्रवृत्ति बढ्दो छ।

होटेलको संरचनाले देशको प्रतिनिधित्व गरेको छ। यसको शिरमा सगरमाथा, ल्होत्से र नुप्त्से हिमाल बनाइएको छ। होटेलमा साउथ कोल बार, खुम्बु भ्याली र गोक्यो लेक नामकरण गरिएको स्विमिङ पुल छ। हिमालको शेर्पा संस्कृति, पहाडको गोर्खा बहादुरी र तराईको थारू कला झल्कने गरी होटेलको डिजाइन गरिएको छ। प्रत्येक कोठालाई हिमाल, पहाड र तराईका गाउँका नामबाट चिनाइएको बजगाईंले बताए। होटेलको साउथ कोलमा नियमित रूपमा जलवायु संवाद कार्यक्रम सञ्चालन हुनेछन्।

आइसिएफसी फाइनान्सको लाभांश पारित

काठमाडौं/ आइसिएफसी फाइनान्सको २१औँ वार्षिक साधारणसभा सोमबार सम्पन्न भएको छ। उक्त साधारणसभाबाट आर्थिक वर्ष ०८०/८१ को मुनाफाबाट चक्ता पुँजीको ५.२६३२ प्रतिशत नगद लाभांश दिने प्रस्ताव सर्वसम्मत पारित गरेको छ।

त्यस्तै, सभाले गत आवको वित्तीय विवरणमाथि छलफल गरी पारित गर्नुका साथै चालू आवका लागि लेखा परीक्षक नियुक्त पनि गरेको छ।

साथै, संस्थापक समूहबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सुशीलकुमार अर्याल, रचना अधिकारी र अच्युतराज आचार्यलाई आगामी चार वर्षका लागि सञ्चालक पदमा निर्विरोध निर्वाचित भएका छन्।

चुक्ता पुँजी एक अर्ब १८ करोड ३४ लाख रहेको फाइनान्सले हाल २१ वटा शाखाकार्यालयमार्फत सेवा दिँदै आएको छ।

चालू आवको असोज मसान्तसम्म संस्थाले १८ अर्ब ६३ करोड निक्षेप संकलन र १५ अर्ब ४३ करोड रुपैयाँ कर्जा प्रवाह गरिसकेको छ।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply & Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Biratnagar

Invitation of Bids

Date of Publication: January 15, 2025 (2081/10/02)

Federal Water Supply & Sewerage Management Project- Biratnagar, invites electronic bids from eligible bidders for the following works.-

S. N.	Contract No.	Description of Works	Total Estimated Amount with Vat (NRs.)	Bid Security Amount (NRs.)	Bid Document Fee(NRs.)	Last Date of Bid Submission
1	11/81-82/CWSP-Miklajung/ FWSSMP_BRT	Entire Construction of Intake, Reservoir Tank, Chamber, Pipeline, Maintenance of Existing Reservoir, Etc. all Complete for Miklajung Brihat Water Supply Project, Miklajung Rural Municipality Morang	1,01,40,009.43	2,54,000.00	3,000.00	February 14, 2025 12:00

- The detail notice can be accessed from www.bolpatra.gov.np/egp.

Project Chief

तामाकोशी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
जफे, दोलखा

बोलपत्र आव्हानको सूचना

प्रथमपटक प्रकाशित मिति : २०८१/१०/०२ गते

यस कार्यालयको तपसिलबमोजिमको निर्माण कार्य इच्छुक इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले चालु आ.व २०८१/०८२ को स्वीकृत कार्यक्रमअन्तर्गत रितपूर्वक सार्वजनिक खरिद अनुगमन कार्यालयको Website centralize EGP portal **www.bolpatra.gov.np** मार्फत बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. बोलपत्रसम्बन्धी अन्य शर्तहरू र विस्तृत सूचना **www.tamakoshimun.gov.np** मा हेर्न सकिने छ।
२. अन्य कार्यविधि सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित कानुनबमोजिम हुनेछ।

ठेक्का नं.	कामको विवरण	ल.ई. (भ्याट र ps सहित)	जमानत रकम रू.	बोलपत्र दस्तुर रू.	बोलपत्र फारम दाखिल अवधि	बोलपत्र खोल्ने मिति र समय
(10/TRM/NCB/ Works/R/2081-082)	Upgrading Works of Bhirkot-Kalidah-Gairimudhi Jhule Chhaude Road.	48,70,587.55/-	1,25,000/-	3000/-	सूचना प्रकाशन मितिले ३१औँ दिनको १२:०० बजेभित्र	सूचना प्रकाशन मितिले ३१औँ दिनको २:०० बजे

हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
Hydroelectricity Investment and Development Company Ltd.
नयाँबानेश्वर, काठमाण्डौ, नेपाल, फोनः ९७७-१-४५९५०१६/४५४९५०१७/४५९५०१८
ई-मेलः info@hidcl.org.np Website http://www.hidcl.org.np

तेह्रौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)
(कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम प्रकाशित गरिएको)

१. **पृष्ठभूमि:**
यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको तेह्रौं वार्षिक साधारण सभा मिति २०८१ साल पौष २४ गते बुधबार बिहान १०:०० बजेदेखि कार्की ब्याङ्केट, बबरमहल, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समस्त शेयरधनी महानुभावहरुको जानकारीको लागि यहाँ पेश गरिएको छ। यस तेह्रौं वार्षिक साधारण सभामा भएको काम कारवाही सम्बन्धी पूर्ण विवरण (Minutes) कम्पनीको वेबसाइट www:hidcl.org.np मा राखिएको छ।

२. **सूचना प्रकाशनः**
मिति २०८१/०८/२६ गते बसेको सञ्चालक समितिको ३०४औं बैठकको निर्णयानुसार कम्पनीको तेह्रौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार नयाँ पत्रिका राष्ट्रिय दैनिकमा मिति २०८१/०९/०२ गते प्रथम पटक तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित मिति २०८१/०९/०३ गते दोश्रो पटक गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई तेह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो।
यसका अतिरिक्त तेह्रौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, वित्तीय विवरण, नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ बानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।
यस तेह्रौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, महालेखापरीक्षकको कार्यालय र नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

३. **साधारण सभामा उपस्थितिः**
क) सञ्चालक समितिः
१. श्री सुरेश आचार्य, सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय -अध्यक्ष
२. श्री दीर्घराज मैनाली, सहसचिव, अर्थ मन्त्रालय -सञ्चालक
३. श्री श्याम प्रसाद भण्डारी, सह-महालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय -सञ्चालक
४. श्री महेश रिमाल, नि.प्रमुख कार्यकारी अधिकृत, राष्ट्रिय जीवन बीमा कम्पनी लि. -सञ्चालक
५. श्री सुधीर ज्ञवाली, सर्वसाधारण शेयरधनीहरुको तर्फबाट -सञ्चालक
६. श्री माधव प्रसाद कोइराला, स्वतन्त्र सञ्चालक -सञ्चालक
७. श्री जिवन कुमार बस्नेत, नायव प्रमुख कार्यकारी अधिकृत, HIDCL -कम्पनी सचिव

ख) शेयरधनीहरुः
- संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) का प्रतिनिधिबाट उपस्थिति - जम्मा ७ जना ६६.०३% शेयरको प्रतिनिधित्व)
१. नेपाल सरकार, अर्थ मन्त्रालय
२. नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
३. नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय
४. नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय
५. कर्मचारी सञ्चय कोष
६. राष्ट्रिय बीमा संस्थान
७. नागरिक लगानी कोष
- अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थितिः २२९ जना (७.४०% शेयरको प्रतिनिधित्व)
- सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः ७०० जना (०.२१% शेयरको प्रतिनिधित्व)

ग) कम्पनी व्यवस्थापनः
१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
२. श्री अरुण रजौरिया, नायव प्रमुख कार्यकारी अधिकृत
३. सभा सञ्चालनको लागि वैधानिकताको यकिनः

तेह्रौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस तेह्रौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट सभामा छलफल हुने विषयहरु पेश हुँदा सभाबाट सो विषयहरुमा सभामा छलफल तथा निर्णयका लागि पेश गर्न स्वीकृत गरियो।

५. **सभाको सञ्चालनः**
कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्रुचालक समितिका अध्यक्ष श्री सुरेश आचार्यको अध्यक्षतामा यस तेह्रौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

६. **सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुतिः**
सभाका अध्यक्ष श्री सुरेश आचार्यले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०८०/८१ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई अनुरोध गर्नुभयो।
शेयरधनीहरु डा. आत्माराम घिमिरे, श्री उत्तम पाठक, श्री कृष्ण प्रसाद अधिकारी, श्री निरुपमा गुप्ता, श्री शम्भु थपलिया, श्री विभूषि शोभन पाण्डे, श्री युगल बसेल, श्री रामचन्द्र पोखरेल, श्री जगन्नाथ आचार्य, श्री चन्द्रनारायण श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री बैजुनाथ रौनियार र श्री सुदिप श्रेष्ठले कम्पनीको लगानी, वित्तीय अवस्था, व्यवस्थापन, दीर्घकालीन रणनीति, संस्थागत सुशासन, कर्मचारी व्यवस्थापन लगायतका विषयमा आदि बारेमा आफ्ना राय, जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो। सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै अध्यक्षज्यूको अनुमतिमा प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्यान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा समेत कम्पनीले राष्ट्रको विकास नीतिलाई प्राथमिकतामा राखेर शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रीत रहने जानकारी गराउनुभयो।

७. **प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः**
(क) सामान्य प्रस्तावहरुः
प्रस्ताव नं. १: आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
निर्णयः सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नु भएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।
प्रस्ताव नं. २: आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।
निर्णयः लेखापरीक्षकबाट जारी गरिएको आर्थिक वर्ष २०८०/८१ लेखापरीक्षकको प्रतिवेदन तथा २०८१ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।
प्रस्ताव नं. ३: श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८१/८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
निर्णयः यस कम्पनीबाट श्री महालेखापरीक्षकको कार्यालयमा चालु आर्थिक वर्षका लागि लेखापरीक्षक नियुक्तिका लागि परामर्श माग भएकोमा सो कार्यालयबाट हालसम्म परामर्श प्रदान नभएको हुंदा श्री महालेखापरीक्षकको कार्यालयबाट परामर्श प्राप्त भए पश्चात् उक्त परामर्श बमोजिमका व्यक्तिलाई आर्थिक वर्ष २०८१/८२ का लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्न र गत आर्थिक वर्षको भन्दा नबढ्ने गरी निजको पारिश्रमिक निर्धारण गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्वसम्मतिबाट निर्णय भयो।
प्रस्ताव नं. ४: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ५.२५५ (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।
निर्णयः सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५.२५% (पाँच दशमलव दुई पाँच प्रतिशत) का दरले हुने रू. १,२८९,३९०,२०२ (अक्षरेपी एक अर्ब अठ्ठाइस करोड त्रियानब्बे लाख नब्बे हजार दुई सय दुई मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।
प्रस्ताव नं. ५: संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।
निर्णयः कम्पनीको नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (क) को बुंदा नं. (५) बमोजिम संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरु मध्येबाट प्रतिनिधित्व गर्ने १ जना सञ्चालक पदका लागि निर्वाचन गर्नका लागि सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री हरि बहादुर बुढाथोकीबाट कम्पनीको "सञ्चालक निर्वाचन निर्देशिका, २०८१" बमोजिम मिति २०८१/०९/१४ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार सो उपसमूहबाट १ जना सञ्चालक पदका लागि ३ जना शेयरधनीहरु क्रमशः श्री सुशिला कुमारी शर्मा, श्री अनुज्ञा सापकोटा र श्री हरिप्रसाद आचार्यले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराउनु भएकोमा उम्मेदवार श्री सुशिला कुमारी शर्माले आफ्नो उम्मेदवारी फिर्ता लिनु भएकोले बाँकी दुई जना उम्मेदवारहरु सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु हुने व्होरा निर्वाचन अधिकृतबाट सभामा जानकारी गराउँदा निर्वाचन अधिकृतको नेतृत्वको निर्वाचन टोलीले सम्पन्न गरेको मतदान कार्यक्रमबाट जुन उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नुहुन्छ वहाँलाई सञ्चालक नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।
सभाबाट निर्णय भए अनुसार सभाका अध्यक्षज्यूले सञ्चालक पदका लागि आफ्नो मताधिकार प्रयोग गरी सञ्चालक निर्वाचित गराउनु हुन सम्बन्धित समूहका शेयरधनीहरुलाई मतदान कार्यक्रममा भाग लिन आव्हान गर्नु भयो। सभाको दोश्रो सत्रमा आयोजना भएको सञ्चालक पदको मतदान कार्यक्रममा उम्मेदवार श्री अनुज्ञा सापकोटाले सबैभन्दा बढी मत प्राप्त गरी संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्वाचित हुनुभएको निर्वाचन अधिकृतबाट घोषणा भयो।

(ख) विशेष प्रस्तावहरुः
प्रस्ताव नं. १: कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।
निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्रमा सभामा प्रस्तुत तीन महले बमोजिम संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा कम्पनीको प्रवन्धपत्रमा संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो।
(यस संशोधनको पूर्ण विवरण र तीन महले कम्पनीको वेबसाइटमा राखिएको माइन्यूटमा हेर्न सकिनेछ।)
प्रस्ताव नं. २: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. १०,००,०००।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।
निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट जाजरकोट जिल्लामा भूकम्पबाट अति प्रभावित दिपेन्द्र माध्यमिक विद्यालय, बरेकोट र त्रिभुवन आधारभूत विद्यालय, भेरीलाई सूचना प्रविधि ल्यावका लागि आवश्यक उपकरण एवम् सामाग्री खरिदका लागि प्रति विद्यालय रु. ५ लाख हुने गरी जम्मा रु. १० लाख रकम सहयोग गरेकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

(ग) विविधः यस तेह्रौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

८. **धन्यवाद ज्ञापनः**
यस कम्पनीको तेह्रौं वार्षिक साधारण सभामा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित भई तेह्रौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै, यस तेह्रौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो।

जिवन कुमार बस्नेत
कम्पनी सचिव

सुरेश आचार्य
अध्यक्ष

का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०
बुधबार २ माघ ०८१
www.nayapatrikadaily.com
नयाँ पत्रिका

■ जय ट्रफी फाइनल

कप्तान कुशलको पहिलो इनिङ्समा आक्रामक ब्याटिङ

वीरगन्जमा **तिवारी यादव**

नेपाल पुलिस क्लबका कप्तान कुशल भुर्तेलले मंगलबार जय ट्रफी पुरुष एलिट कपको फाइनलमा आक्रामक ब्याटिङ गरेका छन् । शीतलहरका कारण निर्धारित समयभन्दा पाँच घण्टापछि नेपाल पुलिस र त्रिभुवन आर्मीबिचको फाइनल खेल सम्भव भयो । वीरगन्जको नारायणी रंगशालामा टस हारी पहिलो ब्याटिङ गरेको पुलिसले दिनको खेल समाप्तिसम्म दुई विकेट गुमाएर ८५ रनको योगफल बनाएको छ । पहिलो दिन १७ ओभर मात्र बलिङ भएको थियो । क्रिजमा कप्तान कुशल ५० रनमा नटआउट छन् । उनले ५१ बलमा ६ चौका प्रहार गरेका छन् । अर्जुन साउदले १३ बलको सामना गरे पनि रन बनाएका छैनन् । पुलिसको इनिङ्सको सुरुवात खराब रह्यो । इनिङ्सको पहिलो बलमै ओपनर दिलीप नाथ क्याच आउटका रूपमा पेभेलियन फर्के । सोमपाल कामीको ओभरमा सुमित श्रेष्ठले दिलीपको क्याच लिएका हुन् । त्यसपछि अमित श्रेष्ठ र कुशलबिच दोस्रो विकेटका लागि १२.२ ओभरसम्म ६५ रनको साझेदारी भयो । अमितले ३९ बलमा दुई चौकाको सहयोगमा २० रन बनाए । आर्मीका सोमपाल र सहाब आलमले समान एक विकेट लिएका छन् ।



> शीतलहरका कारण निर्धारित समयभन्दा पाँच घण्टा ढिला सुरु भएको फाइनलमा नेपाल पुलिसका कप्तान कुशल भुर्तेलले आर्मीविरुद्ध पहिलो इनिङ्समा ५१ बलमा ५० रन जोडे

■ शीतलहर भएपछि खेल ढिला सञ्चालन

निर्धारित समयअनुसार फाइनल खेल बिहान ९ बजेदेखि सुरु हुनुपर्ने थियो । तर, शीतलहरका कारण खेल दिउँसो साढे २ बजे सुरु भयो । बुधबार दोस्रो दिन घाम लागे खेल निर्धारित समयमै हुने आयोजकले जनाएको छ । फाइनल तीन दिवसीय ढाँचाअनुसार भइरहेको छ । फाइनलको प्रत्येक इनिङ्स ८० ओभरको हुनेछ । पहिलो ब्याटिङ गरेको टोलीले ८० ओभरअगाडि इनिङ्स समाप्ति गर्न सक्छ । यसअघि राउन्ड रोबिन लिगमा हरेक टोलीले पहिलो इनिङ्समा समान ६० ओभर खेलेका थिए । क्यानले दोस्रो इनिङ्समा कुनै ओभरको सीमा राखेको छैन ।

चिसोले बलरलाई समस्या छ

● **चन्द्र साउद**, प्रशिक्षक, आर्मी

चिसो बढेकाले मौसम परिवर्तन भएको हो । पहिलो दिन निर्धारित समयभन्दा अघि खेल सुरु भयो । यसै मौसमले गर्दा बलरलाई समस्या परेको छ । उनीहरूले सोचेको जस्तो बल फाल्न सकेनन् । बिहानदेखि खेल हुँदा उनीहरूले राम्रो बल फ्याँक्न सक्थे ।

पुलिसको सुरुवात राम्रो भएन

● **मञ्जित श्रेष्ठ**, प्रशिक्षक, पुलिस

अलिकति मौसमका कारण हामीलाई खेल्न समस्या भएको हो । सुरुमै विकेट गुमाउँदा केही अप्ठ्यारो भयो । तर, हामीले राम्रो सुरुवात गर्‍यौं । कुशल महत्त्वपूर्ण खेलाडी हुन् । उनीमाथि धेरै आशा छ । कुशल पछिल्लो समय लयमा फर्किएकाले शतक लगाउने अपेक्षा छ ।

फर्किंयो धनगढीमा प्रधानमन्त्री कप टी-२० महिला क्रिकेट

नेपाल प्रिमियर लिग, जय ट्रफीपछि क्यान अब प्रधानमन्त्री कप राष्ट्रिय टी-२० महिला कपमा केन्द्रित

धनगढीमा **तेजराज भट्ट**

घरेलु संरचना बलियो तथा खेलाडीलाई व्यस्त बनाउने योजनाअनुरूप नेपाल क्रिकेट संघ (क्यान) अगाडि बढिरहेको छ । क्यानले गत १५ मंसिरदेखि तीन प्रमुख क्रिकेट प्रतियोगितालाई प्राथमिकतामा राखेर आयोजना गरेको छ । नेपालको क्रिकेटलाई अन्तर्राष्ट्रिय स्तरीकरण गर्न पहिलो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) भव्यताका साथ आयोजना भयो । सो प्रतियोगितामा अन्तर्राष्ट्रिय क्रिकेटमा नाम कमाएका चर्चित क्रिकेटरले सहभागिता जनाएका थिए ।

एनपिएलपछि पुरुष खेलाडीलाई रातो बलमा अभ्यस्त पार्न क्यानले आफ्नै संस्थापक अध्यक्ष जयकुमारनाथ शाहको नाममा जय ट्रफी क्रिकेट प्रतियोगिता सुरु गर्‍यो । यसमा नेपाल पुलिस, त्रिभुवन आर्मी, बागमती र मधेश प्रदेशले प्रतिस्पर्धा गरेका छन् । पुरुष खेलाडी एनपिएल र जय ट्रफीको अनुभव बटुल्ने अवसर पाउँदा अब महिला क्रिकेटर पनि प्रधानमन्त्री कपमा केन्द्रित हुनेछन् । क्यानले मंगलबारदेखि सुदूरपश्चिमको फाप्ला मैदानमा प्रधानमन्त्री कप टी-२० राष्ट्रिय महिला क्रिकेट प्रतियोगिता सुरु गरेको छ । धनगढीमा प्रधानमन्त्री कप महिला क्रिकेट फर्किएको चार वर्षपछि हो । यसअघि ०७९ सालमा यहाँ सो प्रतियोगिता भएको थियो । प्रतियोगितामा राष्ट्रिय टोली तथा युवा महिला खेलाडीले प्रतिभा देखाउने अवसर पाएका छन् ।

१२ माघसम्म चल्ने महिला टी-२० फर्म्याटमा सात प्रदेश तथा दुई विभागीय टोलीले प्रतिस्पर्धा गर्नेछन् । फाप्ला मैदानमा सञ्चालन भइरहेको प्रधानमन्त्री कप टी-२० राष्ट्रिय महिलामा स्थानीय खेलाडी पनि उत्साहित छन् । यस प्रतियोगितामा राष्ट्रिय टोलीका महिला खेलाडी सहभागी छन् । नेपाली सिनियर टोलीकी कप्तान इन्दु बर्माले दुवै पुस्ताका खेलाडीलाई अवसर भएको बताइन् । 'प्रतियोगिता आफैंमा हुनु राम्रो पक्ष हो । हामी पुराना र नयाँ खेलाडीले यसलाई एउटा अवसरका रूपमा लिनुपर्छ,' इन्दुले भनिन् । उनी नेपाल एपिएफ क्लबमा आबद्ध छिन् । पुरुषको तुलनामा महिलातर्फका खेल कम हुने गर्छन् । यसले पनि महिला खेलाडीले एक्सपोजर पाउन नसकेको गुनासो खेलाडीका छन् । ' यो प्रतियोगिताले महिला क्रिकेटको स्तर बढाउने विश्वास लिएका छौं,' इन्दुले भनिन् ।

■ विजेताले पाँच लाख पाउने

विजेताले पाँच लाख र उपविजेताले तीन लाख रुपैयाँ पाउनेछन् । व्यक्तिगत विधामा प्लेयर अफ द सिरिजले ५० हजार रुपैयाँ जित्नेछिन् । उत्कृष्ट ब्याट्समयान र उत्कृष्ट बलरले जनही २५ हजार पाउनेछन् । सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको व्यवस्थापनमा हुने यो प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए'मा लुम्बिनी, गण्डकी, कर्णाली, एपिएफ र सुदूरपश्चिम छन् । यसैगरी, समूह 'बी'मा कोशी, बागमती, मधेस र आर्मी रहेका छन् । क्यानले प्रधानमन्त्री कप टी-२० राष्ट्रिय प्रतियोगिताको समूह चरणपछि सुपर-४ को अवधारणा राखेको छ । सुपर-४ चरणमा पुग्न प्रत्येक समूहबाट शीर्ष दुई टोली भिड्नेछन् । यसै सुपर-४ का शीर्ष दुई टोलीले उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् ।

■ एपिएफ १११ रनले विजयी



फाप्ला मैदानमा प्रतियोगिताको उद्घाटन खेलमा टस गर्दै सुदूरपश्चिम र गण्डकीका कप्तानहरू

प्रतियोगिताको पहिलो दिन मंगलबार उपाधि दाबेदार एपिएफ क्लबले सानदार जित निकालेको छ । एपिएफले कर्णाली प्रदेशलाई १११ रनको फराकिलो अन्तरले हरायो । पहिले ब्याटिङ गरेको एपिएफले २० ओभरमा एक सय ८१ रनको योगफल बनायो । प्रत्युत्तरमा कर्णालीले २० ओभरमा सात विकेटको नोक्सानीमा ७९ रन मात्र बनायो । पहिलो खेलमै जित दिलाउने क्रममा एपिएफकी करुणा भण्डारीले सर्वाधिक तीन विकेट लिइन् । रेखा रावल र सुमन विष्टले समान एक विकेट हात पारे । यसअघि एपिएफको ब्याटिङमा ममता चौधरी र कप्तान इन्दुले अर्धशतकीय इनिङ्स खेलेका थिए ।

ममताले नटआउट ७८ रनको योगदान दिइन् । इन्दुले ५२ रन र राजमती ऐरीले २२ रन जोडे । कर्णालीकी दीक्षा पुरीले एक विकेट लिइन् । कर्णालीको ब्याटिङमा दीक्षा पुरीले १७ रन तथा रमा बुढाथोकी १० रन बनाएका थिए । यसअघि उद्घाटन खेलमा घरेलु टोली सुदूरपश्चिमले गण्डकी प्रदेशलाई ७ विकेटले पराजित गर्‍यो । टस हारेर पहिले ब्याटिङ गरेको गण्डकीले १५ ओभरमा ७ विकेट गुमाउँदै ५५ रनको झिनो योगफल तयार पार्‍यो । सुदूरपश्चिमले ९.५ मा तीन विकेटको क्षतिमा ५६ रन पूरा गर्‍यो ।

■ शीतलहरका कारण प्रत्येक इनिङ्स १५ ओभर

प्रतियोगिताको पहिलो दिन शीतलहर र हुस्सुका कारण खेल प्रभावित बनेको थियो । उद्घाटन खेल निर्धारित समयमा हुन सकेन । अम्पायरले सुदूरपश्चिम र गण्डकीबिचको खेलमा प्रत्येक इनिङ्स १५ ओभरमा झारेका थिए । पहिलो खेलमा सुदूरपश्चिमका लागि रेवती धामीले सर्वाधिक २१ रनको योगदान दिइन् ।

गण्डकी प्रदेशकी अपेक्षा बुढाथोकी र आकृति तिवारीले समान एक विकेट लिए । गण्डकीको ब्याटिङमा रेखा तामाङले सर्वाधिक १३ रन र कप्तान सिर्जना पौडेलले १० रन जोडे । सुदूरपश्चिमकी रेवतीले सर्वाधिक ४ विकेट लिइन् । पहिलो खेल जितेर सुदूरपश्चिमले २ अंक जोडेको छ ।

खेल संक्षेप

बिबिसीलाई भेट्रान फुटबल उपाधि



काठमाडौं/ बिबिसी भेट्रानले दोस्रो ललितपुर मेयर कप भेट्रान फुटबल प्रतियोगिताको उपाधि मंगलबार जितेको छ । जावलाखेल मैदानमा भएको फाइनलमा बिबिसीले आयोजक कुसुन्ती 'बी'लाई २-० ले पराजित गर्‍यो । बिबिसीले दुवै गोल पहिलो हाफमा गरेको थियो । बिबिसीलाई च्याम्पियन बनाउन दीपक लामाले पहिलो तथा आकाश छन्त्यालले दोस्रो गोल गरेका थिए । उपाधिसँगै विजेताले दुई लाख र उपविजेता कुसुन्ती 'बी'ले एक लाख रुपैयाँ पाएका छन् । कुसुन्ती 'बी'का सविनबाग श्रेष्ठ उत्कृष्ट खेलाडी भए ।

कुसुन्ती 'बी' कै प्रदीप तण्डुकार उत्कृष्ट गोलरक्षक र बिबिसीका दीपक लामा उत्कृष्ट डिफेन्डर घोषित भए । उत्कृष्ट खेलाडीहरूले जनही पाँच हजार रुपैयाँ पाएका छन् । विजेतालाई ललितपुर महानगरपालिकाका मेयर चिरिबाबु महर्जनलगायतले पुरस्कृत गरेका छन् । २२ पुसदेखि सुरु प्रतियोगितामा ३० टोलीले नकआउट आधारमा प्रतिस्पर्धा गरेका थिए । पहिलो संस्करणको उपाधि कुपण्डोल ४० प्लस भेट्रानले जितेको थियो ।

चुलाचुलीलाई तीनपोखरी कप उपाधि

संखुवासभा/ दोस्रो तीनपोखरी फुटबल कप प्रतियोगिताको उपाधि चुलाचुली टोलीले जितेको छ । प्रतियोगिताको मंगलबार सम्पन्न फाइनलमा आयोजक तीनपोखरी क्लब खाँदबारीलाई २-१ ले हराउँदै चुलाचुलीले उपाधि जितेको हो । विजेताले दुई लाख २५ हजार र उपविजेताले एक लाख १० हजार रुपैयाँ पाएका छन् । सेमिफाइनलिस्टले जनही २५ हजार रुपैयाँ प्राप्त गरे । २६ पुसबाट सुरु भएको प्रतियोगितामा आठ टोलीको सहभागिता रहेको थियो ।

भद्र घले क्वार्टरफाइनलमा

काठमाडौं/ भद्र घले चौथो केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर पुरुषमा मंगलबार क्वार्टरफाइनलमा पुगेको छ । आयोजक केएमसीको कोर्टमा गोदावरी रेसिडेन्सियल स्कुललाई ४४-१४ ले हराएको भद्र घले समूह 'ए'को विजेता बन्यो । सिनियर पुरुषमा विल्सन एकेडेमीले केएमसी 'बी'लाई ४९-१९ ले पाखा लगायो । क्यान्भासले एमबास्डरलाई ५२-४१ ले पराजित गर्‍यो । हेम्सले बालदीक्षा सदनलाई ४६-३२ र एभरेस्टले भिएस निकेतनलाई ३५-२५ ले हराए । जुनियर पुरुषमा पिपुल्स एकेडेमीले सनसाइनलाई २६-२१ ले पाखा लगायो । सिनियर महिलामा काठमाडौं शिक्षालयमाथि निस्टले २४-१३ को जित निकाल्यो ।

सात टोली ईशान कपको अन्तिम आठमा

काठमाडौं/ संस्थागत विद्यालय संघ नेपाल (ईशान)को आयोजनामा भइरहेको ११औं ईशान कप फुटबल प्रतियोगिताको पुरुषतर्फ सात टोलीले क्वार्टरफाइनल स्थान पक्का गरेका छन् । बालवाटिका, माउन्ट एभरेस्ट, सत्यसाई एकेडेमी, नेपालय पब्लिक, होली एन्जल्स, प्रज्ञा सदन र कान्तिपुरले अन्तिम आठको स्थान पक्का गरेका हुन् । लिभिङ वर्ड एकेडेमी र ग्रिन ताराबिचको विजेताले अन्तिम टोलीका रूपमा क्वार्टरफाइनलमा पुग्नेछ । नेपालय पब्लिक स्कुलमा भइरहेको प्रतियोगिताको महिलामा कान्तिपुर, लिभिङ वर्ड, शुभ, सत्यसाई, अल्माइटी र होली एन्जल्सले क्वार्टरफाइनल यात्राको तय गरेका छन् ।

नेपाल कबड्डी लिगमा ६६ स्वदेशी र १८ विदेशी खेलाडी

नयाँ पत्रिका

पहिलो संस्करणको नेपाल कबड्डी लिग (एनकेएल) शुक्रबारदेखि दशरथ रंगशालाको कभर्डहलमा सुरु हुँदै छ । लिगमा सहभागी ६ फ्रेन्चाइज टोलीले ड्राफ्टबाट खेलाडी छनोट गरिसकेका छन् । आयोजकका अनुसार लिगमा स्वदेशी ६६ र विदेशी १८ खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । विदेशी खेलाडीमा थाइल्यान्ड र बंगलादेशबाट सर्वाधिक समान ६ खेलाडी छन् । श्रीलंका र केन्याबाट समान तीन खेलाडीले भाग लिनेछन् । हरेक टोलीमा स्वदेशी र विदेशी गरी १४ खेलाडी हुने आयोजक एस्ट्रोनिक्स म्यानेजमेन्टका अध्यक्ष अमितकुमार बेगानीले बताए ।

'पहिलोपटक हुन गइरहेको नेपाल कबड्डी लिगलाई व्यावसायिक बनाउने क्रममा हामीले विदेशीलाई पनि समावेश गरेका छौं, यसपटक थाइल्यान्ड, बंगलादेश, श्रीलंका र केन्याका राम्रा खेलाडी सहभागी फ्रेन्चाइज टोलीले अनुबन्ध गरेका छन्,' बेगानीले भने, 'अन्तर्राष्ट्रिय लेभलको राम्रो अनुभव बटुलेका खेलाडीसँग घरेलु खेलाडीले एक्सपोजर प्राप्त गर्न सक्ने विश्वास छ ।'

पहिलो सिजनमा विराटनगर ब्यान्डिट्स, जनकपुर नाइट्स, काठमाडौं माभरिक्स, पोखरा लेकर्स, हिमालयन रेइडर्स (बुटवल) र धनगढी वाइल्डक्याट्सले प्रतिस्पर्धा गर्नेछन् । राउन्ड रोबिन लिगको शीर्ष चारमा रहने टोली नकआउट चरणमा प्रवेश गर्नेछन् । इलिमिनेटर र क्वालिफायर खेल्दै फाइनल खेल्ने दुई टोलीको टुंगो लाग्नेछ । लिगमा कुल १९ खेल हुनेछन् । काठमाडौं र पोखराबिच उद्घाटन खेल हुनेछ ।



> दशरथ रंगशालामा आगामी शुक्रबारदेखि सुरु हुने लिगमा थाइल्यान्ड र बंगलादेशबाट सर्वाधिक समान ६ खेलाडीले प्रतिस्पर्धा गर्नेछन्

■ पहिलो संस्करणमा तीन करोड खर्च

पहिलो संस्करणको कबड्डी लिग आयोजनामा एक्टोनिक्स म्यानेजमेन्टले तीन करोड रुपैयाँ लगानी गर्नेछ । प्रत्येक वर्ष लगानी बढ्दै जाने अध्यक्ष बेगानीले बताए । 'सुरुवाती संस्करणमा हाम्रो खर्च तीन करोड रुपैयाँबराबरी हुनेछ, त्यसपछि यसको लागत बढ्ने विश्वास छ,' उनले भने । गत वर्ष एस्ट्रोनिक्स म्यानेजमेन्टले अखिल नेपाल कबड्डी संघसँग एकैपटक १० वर्षको सम्झौता गरेको थियो । सम्झौतासँगै एक्ट्रोनिक्सले प्रतियोगिता आयोजना गर्ने अधिकार आफ्नो स्वामित्वमा लियो । १८ माघसम्म चल्ने नेपाल कबड्डी लिगमा ६ सहरको स्वामित्व लिन टोली बिक्री गरेको बेगानीले बताए । 'हामीले सबै टोली बिक्री गरेका छौं,' उनले भने, 'मार्की र प्रशिक्षकले ड्राफ्टमा खेलाडी छनोट गरेका हुन् ।' उनका अनुसार प्रत्येक टोलीले फ्रेन्चाइज शुल्क ३५ लाख आयोजकलाई बुझाएका छन् । गत वर्ष नै भारतको प्रो कबड्डीबाट प्राविधिक जनशक्ति ल्याएर नेपाल कबड्डी लिगमा सहभागी हुने खेलाडीलाई तयार पारेको हो । शुक्रबारदेखि सुरु हुने लिगका लागि खेलाडीलाई प्राविधिक निर्देशक, मेन्टर र ६ जना प्रशिक्षकले काठमाडौंको चमतीमा प्रशिक्षण दिइरहेका छन् ।

■ क्रिकेट, फुटबल र भलिबलपछि कबड्डीको अवधारणा

आयोजकका अध्यक्ष बेगानीले नेपालमा कबड्डी खेलको विकास र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत सम्भावना बोकेका कारण फ्रेन्चाइज लिगको अवधारणमा आएको बताए । 'सबै खेलको मिश्रण कबड्डीमा पाइन्छ । हामीले नेपालको कबड्डीमा स्तरवृद्धि नगरे आकर्षण बढ्दैन,' मंगलबार अन्तर्क्रिया कार्यक्रममा उनले भने, 'एनकेएललाई स्तरीय बनाउन कुनै पनि सम्झौता नगरी लगानी गरेका छौं । यसले नेपाली कबड्डीलाई व्यावसायिक बनाउनेछ ।'

क्रिकेट, फुटबल र भलिबलमा राम्रो भएजस्तै कबड्डीमा पनि एनकेएलले राम्रो पहिचान बनाउने बेगानीको विश्वास छ । विराटनगरबाट उदाएको व्यावसायिक समूह 'बेगानी ग्रुप'को नेतृत्व गरिरहेका उनले पहिलो संस्करणमा लगानी फिर्ताभन्दा पनि खेलको विकासलाई जोड दिएको सुनाए ।

पाँचौं टाइगर कप भलिबल १२ माघदेखि

कास्कीमा **रोहितराज पराजुली**

पाँचौं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आमन्त्रित टाइगर कप महिला तथा पुरुष भलिबल प्रतियोगिता १२-१९ माघसम्म हुने भएको छ । टाइगर ग्रुप अफ पोखरा नेपालको आयोजना तथा एनसेलको मुख्य प्रायोजनामा हुने प्रतियोगिता पोखरा रंगशालास्थित भलिबल कोर्टमा हुने संयोजक रामकृष्ण ज्ञवालीले बताएका छन् । महिला र पुरुषमा समान एक विदेशी टोलीसँगै दुवैतर्फ ६-६ टोलीले भाग लिने ज्ञवालीले बताए ।

महिलामा नेपाल एपिएफ, न्यु डायमन्ड स्पोर्टस्, त्रिभुवन आर्मी, नेपाल पुलिस र आयोजकसँगै थाइल्यान्डको युनाइटेड प्यासन भलिबल क्लबले प्रतिस्पर्धा गर्नेछन् । पुरुषतर्फ हेल्प नेपाल स्पोर्टस्, गण्डकी प्रदेश भलिबल सघ, नेपाल पुलिस, त्रिभुवन आर्मी र नेपाल एपिएफसँगै श्रीलंकाको श्रीलंकन भलिबल टिमले प्रतिस्पर्धा गर्ने भएको ज्ञवालीले जानकारी दिए ।

आयोजक ग्रुपका अध्यक्ष नारायणप्रसाद शर्माले पुरुष र महिला विजेताले समान पाँच लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ पाउने बताए । उपविजेताले दुई लाख ८५ हजार पाँच सय ५५ र तेस्रो हुनेले टोलीले समान एक लाख ८५ हजार पाँच सय ५५ रुपैयाँ हात पार्नेछन् । यसअघि चौथो संस्करणका पुरुष र महिला विजेताले समान पाँच लाख ५५ हजार र उपविजेताले दुई लाख ५५ हजार रुपैयाँ जितेका थिए । तेस्रोले एक लाख २५ हजार पाँच सय ५५ रुपैयाँ पाएको थियो । प्रतियोगितामा पुरुष र महिला सर्वोत्कृष्ट खेलाडीले समान २५ हजार सात सय ७७ रुपैयाँ हात पार्नेछन् । विधागतमा उत्कृष्ट स्पाइकर, सेटर, ब्लकर, सर्भर, डिफेन्डर र प्रशिक्षकलाई समान १० हजार रुपैयाँ प्रदान गरिनेछ ।

खो-खो विश्वकपमा नेपालको लगातार दोस्रो जित



नयाँ पत्रिका

नेपाली महिला खो-खो टोलीले भारतको नयाँदिल्लीको इन्दिरा गान्धी इन्डोर रंगशालामा भइरहेको खो-खो विश्वकप प्रतियोगितामा सानदार प्रदर्शन गरिरहेको छ । महिला टोलीले लगातार दोस्रो जित निकालेको छ । प्रतियोगिताको समूह 'सी'मा रहेको नेपालले मंगलबार जर्मनीलाई ७३-३४ को फराकिलो अन्तरले हरायो । प्रतिस्पर्धामा नेपालकी मानमती धामी उत्कृष्ट खेलाडी भइन् ।

यसअघि मंगलबारै भएको पहिलो खेलमा नेपालले भुटानलाई ९३-२४ ले पराजित गरेको थियो ।

समूह 'सी'मा नेपाल, भुटान, जर्मनीसँगै बंगलादेश र श्रीलंका छन् । नेपाली महिला टोलीले बुधबार श्रीलंका र बिहीबार बंगलादेशविरुद्ध खेल्नेछ । हरेक समूहबाट शीर्ष दुई टोली क्वार्टरफाइनलमा प्रवेश गर्नेछन् । नेपालको पुरुषले विश्वकपमा राम्रो नतिजा निकाल्न सकेन । समूह 'ए'मा रहेको नेपालको पुरुष टोली पहिलो खेलमा आयोजक भारतसँग ४२-३७ ले पराजित भयो ।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com